# प्रभाव दैनिक
National Daily



२४ पृष्ठको वार्षिकोत्सव विशेषांक

वर्ष ११ | अंक १ | काठमाडौं | मंगलबार, ११ वैशाख २०८१ | Prabhab National Daily | Tuesday, April 23, 2024 | www.prabhabonline.com | पृष्ठ ८+२४ | मूल्य रु. ५।-


## प्रकाशकीय

लोकतान्त्रिक गणतन्त्रको उदयसँगै प्रारम्भ भएको प्रभाव दैनिकको यात्रा आजबाट ११औं वर्षमा प्रवेश गरेको सुखद खबर आमपाठकहरूसँग साट्न पाउँदा हामी गौरवान्वित छौं । विभिन्न प्रतिकूल परिस्थितिका बावजुद हाम्रो एक दशकको यात्रा अनवरत रह्यो । यसक्रममा हामीले २०७२ को विनासकारी भूकम्प, भारतको नाकाबन्दी, कोरोना भाइरस (कोभिड-१९) महामारीजस्ता संक्रमणकालीन अवस्थाको सामना गर्नुपर्‍यो । प्राकृतिक विपत्ति र महामारीबाट निम्तिएको आर्थिक संकटले मुलुकको अर्थतन्त्रलाई समस्याग्रस्त बनाउँदा आर्थिक रूपमा बेहोर्नुपरेको चुनौतीलाई व्यवस्थापन गर्दै प्रकाशनलाई निरन्तरता दियौं । आफ्नो लक्ष्यबाट विचलित भएनौं । यो सफलता यहाँहरूकै सहयोग, सद्भाव, विश्वास र सहकार्यबाट प्राप्त भएकोमा दुईमत छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै मुलुकलाई आर्थिक समृद्धितर्फ अग्रसर गराउन सञ्चार गृहमार्फत खेल्नुपर्ने भूमिकामा हामीले कुनै सम्झौता गरेनौं । व्यावसायिक पत्रकारिताको मर्म, सिद्धान्त र पत्रकार आचारसंहितालाई पूर्णरूपमा आत्मसात् गरेर अगाडि बढ्यौं । यही कारण हामीले आमपाठकको विश्वास जित्न सक्यौं । हाम्रो प्रकाशन 'प्रभाव दैनिक'को यस यात्रामा आदरणीय पाठक, विज्ञापनदातालगायत विभिन्न क्षेत्रबाट प्राप्त साथ, समर्थन तथा हौसलाको हामी ऋणी छौं । त्यसैगरी, निष्पक्ष र तटस्थ पत्रकारितालाई स्थापित गराउन सामूहिक रूपमा सहयोग पुर्‍याउनुहुने सिर्जनशील पत्रकार, लेखक, लगनशील कर्मचारी, इमान्दार वितरक, विज्ञापनदाता, शुभेच्छुक एवं सहयोगी सबैप्रति आभारी छौं ।

विगत एक दशकको अवधिमा प्राप्त उपलब्धि, सिकाइ र अनुभवलाई लिएर थप जिम्मेवार, विश्वसनीय एवं प्रभावकारी रूपमा अगाडि बढ्ने प्रण गर्दछौं । पछिल्लो समयमा विकसित भएको प्रविधिलाई पछ्याउँदै छापा माध्यमलाई परिमार्जन गरी समयनुकूल पाठकको चाहनाअनुसार सामग्रीहरू प्रकाशन गर्दै आएका छौं । साथै, अनलाइन संस्करण 'प्रभावअनलाइन डटकम' तथा 'प्रभाव टेलिभिजन' (युट्युब च्यानल)मार्फत पनि पाठक/दर्शकसमक्ष सूचना प्रवाह गरिरहेका छौं । देशमा हुने अनियमितता र भ्रष्टाचारको उजागर गर्दै सबैलाई सूचित गर्ने कार्यमा हामी निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

११औं वर्ष प्रवेशको अवसरमा हामीले २४ पृष्ठको 'कर्मठ रिटर्नी' नामक विशेषांक प्रकाशन गरेका छौं । वैदेशिक रोजगारीबाट फर्किएर विभिन्न पेसा, व्यवसायमा संलग्न भई उदाहरणीय काम गरिरहेका पात्रहरूलाई विशेषांकमा समेटेका छौं । यसले वैदेशिक रोजगारीबाट सिकेको सीप र आर्जन गरेको पुँजीको सदुपयोग गरी मुलुकको समृद्धिमा क्रियाशील हुन युवाहरूलाई प्रेरित गर्नेमा हामी आशावादी छौं ।

अन्त्यमा, हाम्रो यात्रामा सहयोगी बन्दै निरन्तर सहयोग र सद्भाव व्यक्त गर्ने तथा हाम्रा कमजोरीहरू औंल्याइ जिम्मेवार सञ्चार संस्था बन्न प्रेरित गर्ने सबैमा प्रभाव पब्लिकेसन प्रालिको तर्फबाट हार्दिक धन्यवाद गर्दछौं । साथै, आजै परेको लोकतन्त्र दिवसको शुभकामना ।

**कृष्णबहादुर कार्की**
**प्रबन्ध निर्देशक**

# कतारी राजाको स्वागत तयारी

- कतारी अमिर (राजा) को पहिलोपटक नेपाल भ्रमण
- पाँचवटा परियोजनापत्रमा हस्ताक्षर हुने
- राष्ट्रपति रामचन्द्र पौडेलसँग आज र प्रधानमन्त्री दाहालसँग भोलि भेटवार्ता



■ **जेबी योञ्जन**

**काठमाडौं–** कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी दुईदिने भ्रमणका लागि आज नेपाल आउँदै छन् । राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा उनी नेपाल भ्रमणमा आउन लागेका हुन् । कतारी अमिरको पहिलोपटक नेपाल भ्रमण हुन लागेको हो । आधा दर्जनभन्दा बढी मन्त्री पनि लिएर दुईवटा निजी जहाजमार्फत उनी नेपाल आउने जानकारी दिइएको छ ।

उनलाई राष्ट्रपति पौडेलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै स्वागत गर्ने भएका छन् । त्यहीबेला त्रिभुवन विमानस्थलकै अति विशिष्ट कक्षमा २१ तोपको सलामी अर्पण गरिने भएको छ । उनको सम्मानमा सरकारले आज सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । उनका अनुसार सोमबार बसेको मन्त्रिपरिषद् बैठकले बिदा दिने निर्णय गरेको हो ।

नेपाल भ्रमणका क्रममा उनीसँग विभिन्न मन्त्रालयका पाँचवटा परियोजनामा सम्झौता हुने भएको छ । शिक्षा, युवा तथा खेलकुद, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, उर्जा मन्त्रालयअन्तर्गत सम्झौता गर्नेगरी योजना तयार पारिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । सोमबार अन्य योजनाहरूमाथि मन्त्रालयमा अबेरसम्म छलफल भएको थियो । तर, नेपालले लगेका एक दर्जनभन्दा बढी प्रस्तावका सर्त कतारी पक्षले स्वीकार नगर्दा पहिले नै टुंगो लागेका सम्झौतामा मात्र हस्ताक्षर हुने भएको छ । राष्ट्रपति पौडेलले उनको सम्मानमा रात्रिभोज दिने छन् ।

अमिर शेखले राष्ट्रपति पौडैल र प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटवार्ता गर्ने छन् । प्रधानमन्त्री दाहालसँग बुधबार द्विपक्षीय वार्ता हुने कार्यतालिका छ । सोही दिन उनले शेखको सम्मानमा दिवाभोज दिने छन् ।

भ्रमण टोलीमा ७० जनाभन्दा बढी हुने जनाइएको छ । विशेष विमानबाट कतारी राजा अवतरण गर्दा कम्तीमा आधा घण्टा विमानस्थल बन्द हुने छ । उनको भ्रमणअघि नै ५० भन्दा बढी कतारका प्रतिनिधि काठमाडौं आइसकेका छन् । अमिर एसियाली देश बंगलादेशदेखि नेपाल आउन लागेका हुन् । आइतबार उनी दोहाबाट फिलिपिन्स गएका थिए । उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठका अनुसार नेपाली श्रमिक रहेको कतारसँग नेपालको आर्थिक सहयोगका मुद्दाहरूमा पनि सहकार्य अघि बढाउने कोसिस हुने छ । उनलाई त्यस अवसरमा दुईवटा हात्ती उपहार दिइने भएको छ । 'कन्जर्भेसन कूटनीति'अनुसार प्रधानमन्त्री दाहालले नेपालको तर्फबाट दुईवटा हात्ती दिने भएका हुन् । राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य-सचिव शरद अधिकारीले सरकारले गर्ने दुई हात्ती हस्तान्तरणमा कोषले प्राविधिक सहयोग गर्ने बताए ।

(क्रमशः पृष्ठ २ मा)

## मुलुकको विकासमा एकताबद्ध हुनुपर्ने उद्घोष

**काठमाडौ (प्रस)–** शीर्ष नेताहरूले मुलुकको विकासमा एकताबद्ध हुनुपर्ने उद्घोष गरेका छन् । सोमबार नेपाल कम्युनिस्ट पार्टी एमालेद्वारा आयोजित नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको हीरक महोत्सव समारोहमा उनीहरूले उक्त उद्घोष गरेका हुन् ।

महोत्सवमा नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलगायत उपस्थिति थिए ।

प्रधानमन्त्रीसहित शीर्ष दलका नेताहरूको उपस्थिति हुनेबित्तिकै अत्याधुनिक प्रविधिसँगै एमालेका अध्यक्ष ओलीले नेकपा स्थापनाको हीरक महोत्सवको शुभारम्भ गरेपछि माहोल निकै रोचक बनेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# श्रमिकले भोकै यात्रा गर्न नपरोस्: श्रममन्त्री अर्याल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई हवाईजहाजभित्र अनिवार्य रूपमा खाना खाने व्यवस्था मिलाउन सरोकारवालाई आग्रह गरेका छन् । सोमबार वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधि, व्यवसायी र मन्त्रालयका अधिकारीबीच भएको अन्तरक्रिया कार्यक्रममा मन्त्री अर्यालले उक्त आग्रह गरेका हुन् ।

उनले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर)मार्फत रोजगारीमा जाने श्रमिकलाई हवाई यात्राको समयमा अनिवार्य रूपमा खानाको व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको बताए । यसका लागि हवाई टिकटमा नै खानाको व्यवस्था उल्लेख गर्नुपर्नेमा मन्त्री अर्यालले जोड दिए । 'मध्यपूर्व तथा मलेसिया जाने श्रमिकले औसत चार घण्टाको यात्रा तय गर्नुपर्ने हुन्छ,' उनले भने, 'यात्रा गर्नुपूर्व तीन घण्टा अगाडि नै



विमानस्थल पुग्नुपर्ने व्यवस्था छ, समयको लामो अन्तरका कारण श्रमिकले घण्टौंसम्म भोकै यात्रा गर्नुपर्ने बाध्यता छ, यसको अन्त्य गर्न अनिवार्य खाना खुवाउने प्रबन्ध मिलाउनुपर्‍यो ।'

मन्त्री अर्यालले गन्तव्य मुलुक पुगेपछि पनि श्रमिकले समयमा नै खाना खान पाउने अवस्था नभएको बताए । श्रमिकले लिने हवाई जहाजको टिकटमा नै खानाको व्यवस्था गरीदिन उनले व्यवसायीसँग आग्रह गरे । 'मुलुकभित्रै अवसर नपाएर युवाहरू विदेशिएका छन्, विदेशिँदै गर्दा पनि हामी श्रमिकलाई घण्टौंसम्म भोकै राख्छौं, कम्तीमा पनि जहाजभित्र पानी र एकपटकको खानाको व्यवस्था गरिदिनुस्,' मन्त्री अर्यालले भने ।

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई खाना उपलब्ध गराउने सम्बन्धमा व्यवसायीहरू पहिलेदेखि नै सकारात्मक रहे पनि एयरलाइन्सहरूले व्यावसायिक फाइदा हेरेका कारण समस्या भइरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'यसमा हामी व्यवसायी पनि गम्भीर छौ, हाम्रो सकारात्मक पहल अहिले पनि जारी नै छ,' उनले भने, 'एयरलाइन्स कम्पनीहरूले व्यावसायिक फाइदालाई मात्रै हेर्ने हुँदा श्रमिकहरू भोकै यात्रा गर्नुपर्ने बाध्यकारी अवस्थामा छन् ।' नेपाल नागरिक उड्डयन प्राधिकरणले नै एयरलाइन्सहरूलाई अनिवार्य रूपमा श्रमिकका लागि खाना उपलब्ध गराउनुपर्ने नियम बनाइदिनुपर्ने अध्यक्ष भण्डारीले बताए । तर, नेपाल एयरलाइन्सलगायत तीन/चारवटा एयरलाइन्सले भने अनिवार्य रूपले खाना दिने गरेको व्यवसायीहरू बताउँछन् ।

नेपालबाट औसत एक हजार ५०० युवा दैनिक रोजगारीका लागि मलेसिया तथा मध्यपूर्वका विभिन्न मुलुकमा जाने गरेका छन् । यी मुलुकमा विभिन्न एयरलाइन्सले उडान भर्दै आएका छन् । नेपाल एयरलाइन्स, हिमालयन एयरलाइन्स, मालिन्दो एयरलाइन्स, मलेसियन एयरलाइन्सले नेपालदेखि मलेसियाको उडान भर्दै आएका छन् ।

(क्रमशः पृष्ठ २ मा)




# ३५ देशका प्रतिनिधि नेपाल आउँदै

**काठमाडौं (प्रस)**– संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को एसिया प्यासिफिक क्षेत्रका ३५ देशका आवासीय प्रतिनिधिहरू नेपाल आउने भएका छन् ।

अर्थमन्त्री वर्षमान पुनको सचिवालयले दिएको जानकारीअनुसार उनीहरू यही वैशाख १७ गते काठमाडौं आइपुग्ने छ । युएनडिपीका तर्फबाट नेपालका लागि आवासीय प्रतिनिधि आयशानी मेडागांगोडा लाबेले सोमबार अर्थमन्त्री वर्षमान पुनसँगको शिष्टाचार भेटमा उक्त भ्रमणबारे जानकारी गराएका छन् ।

युएनडिपीको एसिया प्रशान्त क्षेत्रको बैठकका लागि उनीहरू काठमाडौं आउन लागेका हुन् । बैठकका लागि संयुक्त राष्ट्रसंघकी सहायक महासचिव एवं युएनडिपीकी एसिया प्रशान्त क्षेत्रका लागि क्षेत्रीय निर्देशक कन्नी विग्नाराजा पनि नेपाल आउने छन् । त्यस क्रममा विग्नाराजाले प्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री वर्षमान पुन र ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलगायतसँग शिष्टाचार भेट गर्ने जनाइएको छ ।

यस्तै, विग्नाराजासहितको टोलीले सोलुखुम्बु क्षेत्रको भ्रमणमा गर्ने छ । त्यहाँ इम्जा ताल निरीक्षण गर्ने कार्यक्रम छ । युएनडिपीले इम्जामा हिमताल फुट्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै उक्त जोखिम घटाएको थियो । तालभन्दा तल्लो भेगमा रहेका बस्तीको सुरक्षाका लागि युएनडिपीले तालभित्र जमेको हिउँ बाहिर निकालेर तालको गहिराइ बढाएको थियो । यस्तै, युएनडिपीले दोलखाको उत्तरी क्षेत्रस्थित रोल्वालिङ उपत्यकामा रहेको नेपालको सबैभन्दा ठूलो हिमताल च्छोरोल्पाको फुट्न सक्ने जोखिम पनि घटाएको थियो । आगामी दिनमा त्यस्तै जोखिममा रहेकामध्ये सुनकोशी बेसिनका तीन र गण्डकी बेसिनका एक तालको जोखिम घटाउने योजना रहेको लाबेले बताए ।

## पृष्ठ १ बाट क्रमशः

### कतारी...

नेपाल र कतारबीच २१ जनवरी १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसको २० वर्षपछि सन् १९९८ मा नेपालका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कतारको भ्रमण गरेका थिए । पछिल्लोपटक सन् २०१८ अक्टोबर ३० देखि नोभेम्बर २ सम्म तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले कतारको राजकीय भ्रमण गरेकी थिइन् । उनीभन्दा अघि २०११ अक्टोबर १० मा तत्कालीन राष्ट्रपति रामवरण यादव र २०१९ अप्रिलमा तत्कालीन सभामुख कृष्णबहादुर महराले कतारको भ्रमण गरेका थिए । त्यसअघि सन् २००५ मा जी-७७ को दोस्रो शिखर सम्मेलनमा सहभागिताका क्रममा तत्कालीन राजा ज्ञानेन्द्र शाह दम्पती र सन् १९९९ मा तत्कालीन राजा वीरेन्द्रले कतारको निजी भ्रमण गरेका थिए ।

कतारका सरकार प्रमुखबाट भने नेपाल भ्रमण निकै कम भएको छ । सन् २०१५ अप्रिलमा श्रम तथा सामाजिक मामिलामन्त्री अब्दुल्लाह बिन सालेह मुबारक अल खुलाइफी, सन् २०१२ अप्रिलमा वातावरणमन्त्री अब्दुल्लाह बिन मुबारक बिन अबाउद अल मिधादी र सन् २००९ मा परराष्ट्रमन्त्री शेख हमाद बिन जसिम बिन जबर अल थानीले नेपाल भ्रमण गरेका थिए ।

कतार नेपाली श्रमिकको प्रमुख गन्तव्यमध्येको एक श्रम गन्तव्य मुलुक हो । हाल त्यहाँ साढे तीन लाख नेपाली कार्यरत रहेको सरकारी तथ्यांक छ ।

४३ वर्षीय अमिर नेपालको दीर्घकालीन विकासमा बृहत्तर योगदान गर्न सकारात्मक बन्ने अपेक्षा सरकारको छ । कतारका लागि नेपालका पूर्वराजदूत सूर्यनाथ मिश्रले नेपाल र कतारबीच वैदेशिक रोजगारको सीमित सम्बन्धबाट फराकिलो हुन जरुरी रहेको र अन्य लगानीका क्षेत्र र व्यापारमा पनि जोड दिन आवश्यक रहेको बताइसकेका छन् ।

यससँगै कतारमा कृषियोग्य जमिन पर्याप्त नभएकाले कतारी कम्पनी हसाद फुड कर्पोरेसनले नेपाली जमिन भाडामा लिएर कृषि, फलफूल तथा पशुपालनमा लगानी गराउनेबारे पनि सम्झौता गर्न सकिने मिश्र बताउँछन् । उनका अनुसार नेपाली कामदारको २४ घण्टे बिमा गराउनेबारे पनि अमिर आएको बेला सम्झौता गर्नुपर्ने छ ।

खाडी देश कतार मध्यपूर्वको महत्त्वपूर्ण शक्ति राष्ट्रका रूपमा देखापरेको छ । पछिल्लो समय खाडी क्षेत्रका देशहरूबीच मध्यस्थता र शक्ति सन्तुलनमा पनि कतारको भूमिका उल्लेख्य छ ।

### श्रममन्त्री..

हिमालयन एयरलाइन्स, नेपाल एयरलाइन्स, कतार एयरलाइन्सले नेपाल र कतार लागि उडान भर्दै आएका छन् । त्यस्तै, नेपालदेखि साउदी अरेयिबाका लागि हिमालयन एयरलाइन्सले मात्रै सीधा उडान भर्दै आएको छ भने एयर अरेबिया, फ्लाई दुबई, कतार एयरलाइन्स, जजिरा एयरलाइन्स, कुवेत एयरलाइन्स, सलाम एयर, इन्डिगो एयरलाइन्स, एयर जजिरा, एयर इण्डियाले ट्रान्जिट उडान भर्दै आएका छन् ।

सलाम एयरलाइन्सले ओमान र नेपालबीच सीधा उडान भर्दै आएको छ भने फ्लाई दुबई, एयर जजिरा, एयर अरेयिबा, कतार एयरवेजले ट्राञ्जिट उडान भर्दै आएका छन् । युएईका लागि भने हिमालयन एयरलाइन्स, नेपाल एयरलाइन्स, फ्लाई दुबई, एयर अरेबियाले सिधै उडान भर्दै आएका छन् भने एयर जजिरा, इन्डिगो, एयर इण्डिया, कुवेत एयरवेज, सलाम एयरवेजले ट्रान्जिटबाट उडान भर्दै आएका छन् । कुवेतका लागि कुवेत एयरवेज र एयर जजिराले उडान भर्दै आएका छन् ।

व्यवसायीहरूले छलफलमा वैदेशिक रोजगारमैत्री निर्णय लिन पनि मन्त्री अर्याललाई आग्रह गरे । उनीहरूले विदेश जाने श्रमिकसँग लिने सेवा शुल्क, मागपत्र प्रमाणीकरणलगायतका विषयलाई व्यावहारिक बनाउन मन्त्रालयको तर्फबाट सहजीकरण हुनुपर्नेमा जोड दिए ।

### मुलुकको..

पूर्वराष्ट्रपति भण्डारीलाई 'गणतन्त्र गौरव सम्मान' संयुक्तरूपमा प्रधानमन्त्री दाहाल, एमाले अध्यक्ष ओली, कांग्रेसका सभापति देउवा, एकीकृत समाजवादीका नेता खनाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. भट्टराई, मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीलगायतले प्रदान गरे । त्यो समय मञ्चमा दलहरूबीच एकताको दृश्य प्रस्ट देखिन्थ्यो । हीरक महोत्सवमा उपस्थितहरूले उक्त समारोहलाई निकै रोचकपूर्ण तरिकाले तालीले स्वागत गरिरहेका देखिन्थ्यो । सम्मानित हुने बित्तिकै पूर्वराष्ट्रपति भण्डारीले सम्बोधनका माहोल केही भावुक भएको थियो ।

हीरक महोत्वसको प्रारम्भ हुनेबित्तिकै नेकपा स्थापनाको अवस्थादेखि वर्तमान अवस्थासम्म विश्लेषण गरेर वृत्तचित्र प्रस्तुत गरिएको थियो । उक्त वृत्तचित्रप्रति इंगित गर्दै कांग्रेसका सभापति देउवाले सम्बोधन गर्ने बेलामा 'खाली कांग्रेसलाई गाली गर्ने' भन्ने शब्दबाट सम्बोधन सुरु गरे । केहीबेर सबैलाई अलि असहजजस्तो महसुस भएको थियो तर उनले संवाद, सहमति र सहकार्यबाट लोकतान्त्रिक गणतन्त्रको संरक्षण गर्दै देशको विकासमा सहकार्य गर्नुपर्ने धारणा राखे ।

'वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई सुनिश्चित गर्दै मुलुकको विकास गर्न सबैको सहकार्य जरुरी छ,' सभापति देउवाले भने, 'नागरिकको मौलिक हक अधिकारको संरक्षण, देशमा दिगो शान्ति, सुशासनका लागि न्यूनतम सहमति र सहकार्य जरुरी छ ।'

महोत्सवमा कांग्रेस सभापति देउवापछि प्रधानमन्त्री दाहालले सबै राजनीतिक दलले सहकार्य गरेर देशको विकास र जनतालाई सेवा प्रदान दिनुपर्ने बताए ।

'हामीले जे-जति राजनीतिक उपलब्धि प्राप्त गरेका छौं, ती सबै राजनीतिक समझदारी एवं एकताबाटै प्राप्त गरेका छौं तर हामीबीच समझदारीको स्तर तल झर्दा भने सबै कमजोर भएका छौं,' उनले भने, 'हामीले समझदारी गर्दा ठूला-ठूला उपलब्धि हासिल गरेका छौं तर जतिबेला हामी विमति तिर तथा एकअर्काप्रति विद्वेषतर्फ गऱ्यौं, नेपाली जनताले दुःख पाउने स्थिति सिर्जना भयो, आजको दिन राजनीतिक दलबीच समझदारी र सहमतिको यात्रा तय गर्ने नयाँ दिन बनोस् भनी सबै राजनीति दललाई अपिल गर्दछु ।'

सबै राजनीतिक दलले एकअर्का राजनीति दलका योगदानलाई सम्मान गर्दै आफूभित्र रहेका कमीकमजोरी हटाएर देश र जनताको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त अध्यक्ष दाहालको थियो ।

सम्बोधनका क्रमा एमाले अध्यक्ष ओलीले संघीय लोकतान्त्रिक गणतन्त्र रक्षा र सबलीकरणमा एकताबद्ध हुन सबै राजनीतिक दलहरूलाई आह्वान गरे । उनले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सबलीकरणको बाटोमा सबै एक ठाउँमा उभिनुपर्ने उल्लेख गर्दै भने, 'मुलुकबाट गरिबी हटाउने गरी ठोस योजना बनाउने, भ्रष्टाचारको अन्त्य गर्ने र राष्ट्र र राष्ट्रिय हितको पक्षमा अघि बढ्नुपर्छ, एमालेले नाजायज ढंगले कुनै पनि खालको अडान राख्दैन तर मुलुकको हितको पक्षमा उभिन्छ ।'

हीरक महोत्वसमा मुलुकका शीर्ष राजनीतिक दलको आ-आफ्नो शैलीमा प्रस्तुति फरक भए पनि सबैको चाहना मुलुकको विकास र समृद्धि नै थियो ।


## Aandhikhola Rural Municipality

Office of the Rural Municipal Executive

Krishi, Syangja

Gandaki Province, Nepal

### Notice for the Letter of Intent

(First Publication Date: 23th of April, 2024)

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: **ANDH-W-NCB-BLDG-10-080-81,** as per the Invitation for Bids published in the national daily newspaper **" Prabhav National Daily"** on **29th of February, 2024,** that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ANDH-W-NCB-BLDG-10-080-81, Construction of Pradhumna Paneru Secondary School Hostel Building | SHREE DIRGHAYU CONSTRUCTION & SUPPLIERTS PVT.LTD, KAGESHOWRI MANOHARA -05, KATHMANDU | 1,21,65,628.56 |

## सुनवर्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाईनिया, मोरङ्ग

कोशी प्रदेश

### प्राविधिक प्रस्तावको आशय पेश गर्ने सूचना


२०८१।०१।१०

यस कार्यालयद्वारा मिति २०८०/११/२७ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागी म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) को नियम ३१ (ङ) को उपनियम ४ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१ (ङ) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| 1 | SUNMUN/ROAD/080/81-09 | Maldaiya Sikti sadak kalopatre nirantarta | Baral Construction, Biratnagar-07, Morang, Aniko/Bir j.v.,Biratnagar-05, Morang, Sujal-Jharipa JV, Ilam-09, Illam, Joshila Nirman Sewa Pvt. Ltd.,Biratnagar-13 Morang, MS Kanepokhari/Sunawarsi JV,Kanepokhari-05, Morang, K.N NIRMAN/ KUL DEWATA JOINT VENTURE, Ratuwamai-08, Morang, Reliance Builders And Suppliers Pvt. Ltd.,Ishworpur Sarlahi, RK Builders, Biratnagar-03, Morang, Shaktikunda/Global Joint Venture, Gaighat-2 Udayapur र Shyama-Baba JV,Sunawarshi-08, Morang | 2081/01/17 (April 29, 2024) at 12:00 Place : Sunawarshi Minicipality, Dainiya Morang |

प्रमुख प्रशासकिय अधिकृत


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

वैशाख ९ गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| **वृष** | व्यवसायिक काममा फाइदा हुनेछ । |
| **मिथुन** | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **कर्कट** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| **सिंह** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| **कन्या** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| **तुला** | रोकिएका काम दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । |
| **वृश्चिक** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **धनु** | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । |
| **मकर** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| **कुम्भ** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **मीन** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख ९ गते, २०८१, २१ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङ्गेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदा।यचन।लउ मा उपलब्ध हुनेछ ।

# ‘कतारका अमिरको भ्रमणले दुई देशबीचको सम्बन्ध नयाँ उचाइमा पुग्ने छ’

**– आर के शर्मा**
एनआरएनए अभियन्ता



कतारका अमिर शेख तमिम बिन हमाद अल थानी दुईदिने भ्रमणका क्रममा आज नेपाल आउँदै छन् । पहिलोपटक कतारका राजा नेपाल भ्रमणमा आउन लागेका हुन् । राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा हुन लागेको कतारी राजाको भ्रमणले दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास लिइएको छ । पश्चिम एसियाको महत्वपूर्ण शक्ति राष्ट्रको प्रमुखको भ्रमणलाई महत्वका साथ हेरिएको छ । यसै सन्दर्भमा झण्डै दुई दशकदेखि कतारमा रहेर व्यवसाय गर्दै आएका एनआरएनएका संस्थापकसमेत रहेका व्यवसायी **आरके शर्मा**सँग राससका समाचारदाता **रमेश लम्साल**ले गरेको कुराकानीः

**कतारका राजाले पहिलोपटक नेपालको भ्रमण गर्दै हुनुहुन्छ । कतारमा रहेर व्यवसाय गरिरहेको व्यवसायीका रूपमा यहाँले यो भ्रमणलाई कसरी लिनुभएको छ ?**

मेरो व्यावसायिक जीवन कतारमा सुरु भयो । मैले कतारलाई आफ्नो दोस्रो घरका रूपमा लिने गरेको छु । मेरा लागि त्यो देश एउटा विश्वविद्यालय जस्तै हो । दुई दशकभन्दा बढी समय मैले त्यहाँ बिताएको छु । दुई देशका बीचमा असाध्यै नजिकको मैत्री सम्बन्ध छ । नेपालमा भूकम्प जाँदा होस् वा अन्य कुनै विपत्तिको समयमा पनि कतारले खुल्ला हृदयका साथ सहयोग गरेको छ । नेपाली दाजुभाइले नै फिफा विश्वकप सम्पन्न गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालको कतार भ्रमणका क्रममा नेपालका सम्बन्धमा कतारले राखेको सोचप्रति प्रत्यक्ष रूपमा अनुभव गर्नुभएको थियो । प्रधानमन्त्री दाहालले त्यहाँका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीसँग भेट्नुभएको थियो । त्यस क्रममा प्रधानमन्त्रीले नै कतारका तर्फबाट उच्चस्तरीय भ्रमण नेपालमा होओस् भन्ने सदीक्षा राख्नुभएको थियो । कतारले नेपाललाई एक मित्रको रूपमा र साझेदारको रूपमा हेरेको छ ।

यो भ्रमण मध्यपूर्वका राष्ट्र प्रमुखको रूपमा पहिलो भ्रमण भएकाले पनि गौरवपूर्ण रहेको छ । लगानी सम्मेलनको पूर्वसन्ध्यामा उहाँ आउँदै गर्दा कतारले विश्वबजारमा गरेको लगानीको सन्दर्भमा हेर्दा नेपालमा पनि लगानीको श्रीगणेश हुन्छ भन्ने लागेको छ । कुनै आयोजना तत्काल नै सुरु नभए पनि आगामी दिनमा लगानीका लागि ढोका खुल्ने छ भन्ने मलाई लागेको छ । लामो समयदेखि नेपाल र कतारको कूटनीतिक सम्बन्ध छ, संयुक्त राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय मञ्चमा दुवै देश एकै ठाउँमा उभिएका छन् ।

**कतारका राजाको भ्रमणले दुई देशबीचको सम्बन्धलाई माथि उठाउन र कस्तो भूमिका खेल्छ भन्ने यहाँलाई लाग्छ ?**

यस भ्रमणले दुई देशबीचको सम्बन्ध पक्कै पनि नयाँ उचाइमा पुग्छ । कुनैबेला प्रत्यक्षरूपमा पाँच लाख नेपाली परिवारसँग कतार जोडिएको थियो । अहिले घटेर तीन लाख ५० हजारको हाराहारीमा आएको छ । झण्डै ३० लाखभन्दा बढी नेपाली कतारसँग जोडिएका छन् । लामो समयदेखि कतारमा खाद्यसामग्री त्यसमा पनि जैविक सामग्री युरोपलगायतका देशबाट आउँछ । त्यसको सट्टामा अब हामीले कृषिजन्य अर्गानिक उत्पादन यो बेलामा सम्झौता गरेर कतारमा बिक्री गर्न सक्नुपर्छ । कतार एयरलाइन्सलाई कार्गोमा ५० प्रतिशतसम्म छुट गरिदिनुस् भनेर अनुरोध गर्‍यौं भने पनि त्यसमा सफलता हासिल हुन्छ भन्ने मैले बुझेको छु । नेपालको पानी र अर्गानिक खाद्यान्न पनि कतारको चुल्होमा पुर्‍याउन सकिन्छ ।

अहिले विश्वका शक्तिशाली देशहरू स्वच्छ ऊर्जातर्फ आकर्षित भएका छन् । आगामी दिनमा मध्यपूर्वका राष्ट्रलाई पनि स्वच्छ ऊर्जा, साहसिक पर्यटन र डेटा अर्काइभिङलगायत सूचना प्रविधि क्षेत्रमा लगानीका लागि आकर्षित गर्न सकिन्छ । त्यसका लागि धेरै बिजुली खपत हुने र धेरै चिसो ठाउँ चाहिने भएकाले पनि त्यसको मात्रा प्रत्येक वर्ष बढ्दै गएकाले ती लगायत अन्य व्यापारका क्षेत्रमा पनि कतारलाई जोडन सकिन्छ ।

कतारलाई जोड्दा मध्यपूर्वका धेरै देश जोडिन्छन् भन्ने लाग्छ । कतारसँग भावनाबाटै जोडिनका लागि पर्यटन प्रवर्द्धनबाट पनि सम्भव छ । कतारका राजपरिवारका सदस्यहरू सगरमाथा आरोहण गर्न आउनुभएको थियो । मध्यपूर्वका अन्य देशका नागरिकलाई यहाँ आउनका लागि कसरी सहज वातावरण बनाउन सकिन्छ भन्नेतर्फ हामीले सोच्नुपर्छ । यी काम गर्न सम्भव पनि छ । पक्कै पनि यसबाट नेपाल र कतारबीचको जनस्तरको सम्बन्ध झनै घनिष्ट हुन्छ भन्ने लागेको छ ।

**नेपालको व्यापार घाटा बर्सेनि बढ्दै गइरहेको सन्दर्भमा नेपाल र कतारबीचको सम्बन्धलाई आर्थिक कूटनीतिका माध्यमबाट जोडौं भन्ने यहाँको धारणा हो ?**

एक्काइसौं शताब्दीको यो दशकमा विश्वभर नै आर्थिक क्रान्ति सुरु भइसकेको छ । हाम्रै छिमेकी राष्ट्रहरू पनि २० वर्ष पहिले र अहिले कहाँबाट कहाँ पुगिसके । हामीले अपनाउने बाटो पनि विश्वले जे अपनाएको छ त्यही नै हो । आर्थिक क्रान्तिका लागि आर्थिक सहयोग र लगानीलगायतका काममा तीव्ररूपमा अगाडि बढ्नुको कुनै विकल्प छैन ।

ग्यासलगायतका इन्धन निर्यात गरेर कतारले ३० वर्षको अवधिमा जुन प्रगति गरेको छ, त्यो आफैंमा महत्त्वपूर्ण छ । हाम्रोमा पनि आर्थिक रूपमा सम्भाव्य झण्डै ४२ हजार मेगावाट बिजुली उत्पादन गर्न सक्ने क्षमताको पानी त्यसै खेर गइरहेको छ । पर्यटनको प्रशस्त सम्भावना हुँदाहुँदै पनि पर्याप्त मात्रामा पर्यटक भित्र्याउन सकेका छैनौं । हाम्रा बारी बाँझै हुँदै गर्दा छिमेकी राष्ट्रबाट तरकारी मगाएर खाने संस्कार बढ्दै गएको छ । प्रभावकारी कार्ययोजना ल्याएको खण्डमा छ महिनामा नै आयातलाई विस्थापन गर्न सकिन्छ । ठूलो मात्रामा आयात हुने इन्धलाई विस्थापन गर्न पनि जलस्रोत र ग्रीन हाइड्रोजनको क्षेत्रमा काम गर्न सक्छौं । इन्धनलगायतका क्षेत्रमध्ये खाना पकाउने ग्यासको आयातमात्रै कम गर्न सकिए झण्डै ८० अर्ब रूपैयाँबराबर जोगाउन सकिन्छ ।

हाम्रोमा अहिले वैधानिक रूपमा १५ खर्ब रूपैयाँबराबर विप्रेषण आइरहेको छ । त्यसमध्ये झण्डै ७० प्रतिशत हिस्सा अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । त्यसको खास कारण भनेको नेपालमा ५० हजारदेखि एक लाख बराबरको लगानी गर्ने क्षेत्र नै छैन । वित्तीय साक्षरता पनि अन्य देशको तुलनामा निकै कम छ । त्यो पैसालाई हामीले सामूहिक लगानी प्राधिकरणमार्फत ‘कलेक्टिभ इन्भेस्टमेन्ट’को अवधारणामार्फत अगाडि बढाउन सक्छौं । श्रमिकले पठाएको विप्रेषणको १० प्रतिशतमात्रै रकम नेपाल सरकार जमानी बसेर सामूहिक लगानीमार्फत अगाडि बढाइयो भने वार्षिक डेढ खर्ब बराबरको कोष सिर्जना हुन्छ । त्यसबाट आर्थिक विकासको प्रक्रिया अगाडि बढाउन सकिन्छ । नेपालीको बृहत्तर विकासका लागि सो कोष प्रयोग गर्न सकिन्छ । यो विकास बजेटको झण्डै ५० प्रतिशत बराबर हुन जान्छ । लगानी सम्मेलनपछि अर्थमन्त्रीले नियमित रूपमा छलफल गर्ने वातावरण बनाउनुपर्छ । विभिन्न खालका सेमिनार खाडी देशहरूमा गर्नुपर्छ । आगामी पाँच वर्ष लगानी प्रवर्द्धन वर्षका रूपमा काम गर्दै मनाउनुपर्छ । विदेशबाट लगानी ल्याउने कुरा सहज छैन । विश्वबजारमा नेपाल आर्थिक अनुशासनमा सक्षम नै छ । त्यसको लाभ हामीले लिन सक्छौं ।

**कतारमा नेपाली कामदारलाई मर्यादित र व्यवस्थित रूपमा रोजगारी उपलब्ध गराउने र दक्ष श्रमिक लैजानेलग(ायतका विषयमा कतारी अमिरको भ्रमणपछि केही सुधार होला भन्ने ठान्नुहुन्छ ?**

कतार सरकारको नियम कानुन उच्चस्तरको छ । त्यहाँको केही निजी क्षेत्रले प्रभावकारी र सकारात्मक काम नगरिदिंदा कहिलेकाहीँ समस्या पैदा हुने गरेको छ । सरकारले कारबाही पनि गरिरहेको छ । नेपाली कामदारका हकमा कतारको व्यवस्था राम्रो छ । समस्या, व्यावसायिक पाटोसँग जोडिएका छन् । केही क्षेत्रमा समस्या भए पनि त्यो समाधान भएर जान्छ भन्ने विश्वास छ ।

**कतारले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्ने भनेर केही समयअघि चर्चामा आएको थियो । त्यो विषय अगाडि बढ्न सकेको थिएन । कतारी राजाको भ्रमणपछि यो विषयले केही सार्थकता पाउँला भन्ने ठान्नुहुन्छ ?**

कतारले नेपालको स्वच्छ ऊर्जामा लगानी गर्ने तयारी गरेकै छ । उनीहरू यस क्षेत्रमा काम गर्न इच्छुक नै छन् । यस भ्रमणपछि नेपालको ऊर्जा क्षेत्रको विकासमा कतार सरकारको तर्फबाट केही न केही प्रक्रिया अगाडि बढ्छ भन्ने नै लाग्छ ।

**कतारबाट नेपाल र नेपालीले सिक्ने विषयहरू के–के हुन सक्लान् ?**

शासनका हिसाबले हेर्ने हो भने ‘भिजन विथ एक्जुकेसन प्लान’ नै हो । हाम्रा नेताहरूमा पनि सोच छ तर कार्यान्वयनको पाटोमा समस्या छ । कतार सरकारले भने दुवै विषयलाई सकारात्मक रूपमा अगाडि बढाएको छ । कतारले अगाडि बढाएका विज्ञान प्रविधिको क्षेत्र पनि उत्तिकै महत्त्वपूर्ण छ । दक्ष जनशक्ति उत्पादनको विषय पनि उत्तिकै महत्त्वपूर्ण छ । अब नेपालले कतार सरकारले कतारसँग दक्ष जनशक्ति उत्पादनमा सहकार्य गर्नुपर्छ । हवाई उद्योग, विज्ञान प्रविधि, ऊर्जा, चिकित्सा शिक्षाका विषय पनि उत्तिकै महत्त्वपूर्ण हुन जान्छ । हामीले आफूसँग नभएका विषय र क्षेत्रलाई नै अगाडि बढाउनुपर्छ । इमान्दारिता र लगनशीलता नै कतारबाट खास अर्थमा सिक्नुपर्ने विषय हुन् भन्ने लाग्छ ।

**भौतिक पूर्वाधारको क्षेत्रमा कतारले गरेको प्रगति र भूराजनीतिक रूपमा समस्या आउँदासमेत त्यसलाई समाधान गरेर सहजरूपमा अगाडि बढ्ने विषयबाट नेपालले के अनुशरण गर्न सक्छ ?**

भूराजनीतिक रूपमा समस्या आउँदा त्यसलाई कसरी सम्हाल्नुपर्छ भन्ने एउटा कला नै देखियो कतारको । नेपालले पनि विगतमा त्यस्तै समस्या आउँदा सम्हालेको नै हो । तर, कतारले भने त्यसबाट दूधजन्य पदार्थमा आत्मनिर्भर नै भयो । नेपालले ऊर्जा क्षेत्रमा व्यापक लगानी गर्न सकेको भए १० वर्षको अवधिमा धेरै काम गर्न सक्थ्यो । यद्यपि काम त भएको छ, तर अपेक्षितरूपमा भएन भन्ने नै हो । भोलि त्यस्तो अवस्था आउँदा नेपालीले इन्धन नपाएर समस्यामा पर्ने हुँदैन । कतारले आफूलाई बलियो सावित गर्‍यो । नेपालले तीव्र गतिमा १० देखि १५ हजार मेगावाट बिजुली उत्पादन गर्नु नै पर्छ । त्यसबाट खाना पकाउने ग्यासको आयात विस्थापन गर्न सकिन्छ । त्यस्तै कतारले युग सुहाउँदो आधुनिक प्रविधिसहितको बाटाघाटा निर्माण गरेको छ । त्यो पनि अर्को महत्त्वपूर्ण पाटोको रूपमा रहेको छ । नागरिक उड्डयन, रंगशाला तथा अन्य भवन निर्माणमा गरेको उल्लेख्य प्रगतिबाट पनि हामीले सिक्नुपर्छ ।

**नेपालले कसरी कतारका व्यवसायी, उद्योगी र लगानीकत(लाई आकर्षित गर्न सक्छ ? लगानी सम्मेलन र कतारका र(ाजाको नेपाल भ्रमणको क्रममा यो विषयलाई कसरी सम्बोधन गर्नुपर्ला ?**

नेपाल सरकार र कतार इन्भेस्टमेन्ट अथोरिटीबीच समझदारी हुनु जरुरी छ । त्यसपछि प्रचारप्रसारको काम गर्नुपर्छ । अर्थमन्त्री वा नेपाल सरकारका उच्च अधिकारी गएर नियमितरूपमा सेमिनार पनि गर्नुपर्छ । कतारमा कतारी कम्पनी मात्रै छैनन्, संसारभरका ठूला कम्पनी पनि त्यहीँ छन् । युरोपेली, अमेरिकी कम्पनी पनि छन् । त्यहाँ गएर हामीले बजारीकरण गर्नुपर्छ । पिफाका परियोजना सहज कार्यान्वयन भए । सेवा क्षेत्रमा पनि हामीले त्यत्तिकै चासो राख्नुपर्छ । नेपालमा लगानी आउने सम्भाव्य गन्तव्यमा रहेका दूतावासमा अर्थतन्त्रका जानकार र लगानी क्षेत्रका जानकारको व्यवस्था गर्नुपर्छ । सबैभन्दा धेरै खर्च गर्ने पर्यटक भनेका मध्यपूर्वका नै भएकाले मध्यपूर्वकलाई पर्यटन प्रवर्द्धनको केन्द्रका रूपमा विकास गर्न सकिन्छ ।

**नेपाल र नेपाली नागरिकप्रति कतार सरकार र कतारी जनताको बुझाई कस्तो रहेको पाउनुहुन्छ ?**

वर्तमान विश्वको सबैभन्दा ठूलो मूल्य भनेकै इमान्दारिता नै हो । नेपालले त्यो मूल्य सधैं हासिल गर्दै आएको छ । यो हाम्रो गर्वको कुरा हो । हामीले यसैका आधारमा धेरै काम अगाडि बढाउन सक्छौं । कतारी पर्यटक नेपाल र नेपालीको सम्मान देखेर खुसीले आल्लादित भएर जान्छन् । उहाँहरूलाई नियमित रूपमा आउने र नेपालको पर्यटन प्रवर्द्धन गर्ने वातावरण बनाउनुपर्छ । विमानस्थलका स-साना समस्या समाधान गर्नुपर्छ । यस्तै, सडक पूर्वाधार निर्माणमा पनि ध्यान दिनुपर्छ ।

**कतारमा काम गरेर फर्किएका श्रमिकलाई जोडेर दुई देशले संयुक्त रूपमा केही त्यस्ता उदाहरणीय परियोजनाहरू अगाडि बढाउन सक्दैनन् ?**

ठूलो संख्यामा नेपाली कामदार विदेश गएका छन् । उनीहरूले विप्रेषणमात्रै नभई विभिन्न खालका सीप पनि सिकेका छन् । नेपाली विदेशमात्र जाने नभई उत्तिकै मात्रामा फर्किन पनि थालेका छन् । त्यो त हरेकका लागि एउटा विश्वविद्यालय जस्तै हो । त्यो सीपलाई सही ठाउँमा लगाउनका लागि साना ‘स्टार्ट अप’, भेञ्चर क्यापिटल कम्पनी स्थापना गरेर उद्यमशीलता सुरुआत गर्न सक्यौं भने देशको विकास र श्रमिकको हितका लागि पनि काम हुन्छ भन्ने ठानेको छु । हामीले सामाजिक सुरक्षाको विषय लगातार उठायौं । त्यसमा वर्तमान सरकार र प्रधानमन्त्री दाहालले ठूलो मात्रामा सम्बोधन गर्नुभएको छ । केही विषयलाई अझै अगाडि बढाउनुपर्छ । गैरआवासीय नेपालीका केही विषयलाई पनि सम्बोधन गर्नुपर्छ । त्यसो भए संयुक्त रूपमा केही काम अगाडि बढाउन सकिन्छ ।

# सर्वोच्चद्वारा अन्तरिम आदेश दिन अस्वीकार

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई काम गर्नबाट रोक्न माग गरिएको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले सोमबार उक्त विवादमा सुनुवाइ गर्दै अन्तरिम आदेश दिन अस्वीकार गर्दै यही वैशाख २३ गते अर्को सुनुवाइ तोकेको छ ।

आदेशमा सुदूरपश्चिमका प्रदेश प्रमुखलाई यही वैशाख २० गते अपराह्न ४ बजेभित्र लिखित जवाफ दिन समय पनि तोक्नाका साथै यही वैशाख ६ मा सुदूरपश्चिम प्रदेश प्रमुखबाट दीर्घबहादुर सोडारीलाई संविधानको धारा, १६८ (२) बमोजिम मुख्यमन्त्री पदमा गरिएको नियुक्तिसहित तत्सम्बन्धी कागजातसमेत सक्कलै फाइल साथै राखी लिखित जवाफ पेस गर्न भनेको छ ।

सुदूरपश्चिमको मुख्यमन्त्रीमा सोडारीको नियुक्ति बदर गर्न माग गर्दै नागरिक उन्मुक्ति पार्टी (नाउपा) का लक्ष्मणकिशोर चौधरीले आइतबार रिट निवेदनमा दायर गरेका थिए ।



तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहले राजीनामा दिएपछि प्रदेश प्रमुखले संविधानको धारा, १६८ (२) अनुसार सरकार गठनका लागि दाबी पेस गर्न यही वैशाख २ गतेसम्म समय दिएका थिए । नाउपाका सांसद चौधरीले नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीका संसदीय दलको नेताको समर्थनसहित यही वैशाख १ गते दाबी पेस गरेका थिए ।

नाउपाकै कैलाश चौधरीले नेपाल कम्युनिस्ट पार्टी एमाले र नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका संसदीय दलको नेताको समर्थनसहित दाबी पेस गरेका थिए । दुवैको दाबीबारे निर्णय नगरेका प्रदेश प्रमुख नजिर मियाँले यही वैशाख ४ गते दुवैको दाबीका आधारमा निष्कर्षमा पुग्न नसकेको उल्लेख गर्दै थप दुई दिन समय दिएका थिए ।

सत्ता गठबन्धनमा भएको सहमतिअनुसार सोडारीले नाउपाका चौधरीलाई दिएको समर्थन फिर्ता लिएर गत वैशाख ६ गते एमाले, माओवादी केन्द्र, नाउपा (कैलाश चौधरी पक्ष) समेतको समर्थनमा मुख्यमन्त्रीमा दाबी पेस गरे । प्रदेश प्रमुखले त्यही दिन सोडारीलाई मुख्यमन्त्री नियुक्त गर्नु गैरकानुनी भएको रिट निवेदनमा उल्लेख थियो ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# लोकतन्त्रको धज्जी नउडाऊ

आज वैशाख ११ अर्थात् लोकतन्त्र दिवस । प्रजातन्त्रको पुनर्बहाली भएको दिन । २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहले जनताको नासो जनतालाई नै फिर्ता भन्दै प्रजातन्त्र पुनर्बहाली गरेको खुसीयालीमा २०६४ देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो ।

नेपाली कांग्रेस, नेकपा एमालेसहित सात दल र विद्रोही नेकपा माओवादीको संयुक्त आह्वानमा राजतन्त्र फाल्नका लागि आन्दोलन भइपछि ज्ञानेन्द्र आफ्नो निर्णयबाट 'ब्याक' भएका थिए । बहुदलीय प्रजातन्त्रलाई आफ्नो मुठीमा लिएका कारण जनता आन्दोलित भएका थिए ।

यसले गर्दा ज्ञानेन्द्र शाहले दरबार त त्याग्नुपर्‍यो, राजतन्त्र पनि सदाका लागि नेपालबाट बिदा भयो । त्यतिबेला लोकतन्त्र आउँदा जनता निकै खुसी थिए, तर अहिले जनता लोकतन्त्रबाट वाक्क हुन थालेका छन् । कारण नेताले यसलाई आफ्नो तन्त्र बनाउन थालेकोले । देश लगभग श्री ३ को शैलीमा चल्न थालेको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई श्री ३ का रूपमा चिनिन्छ ।

तीन नेताले अहिले सुन्दर समावेशी सिद्धान्तको धज्जी उडाइरहेका छन् । आफ्नो आसेपासेलाई समावेशी कोटामा नियुक्त गर्ने काम गरिरहेका छन् । कांग्रेस सभापति देउवाले आफ्नै श्रीमती आरजु देउवालाई समानुपातिक सांसद बनाएका छन् । प्रधानमन्त्री दाहालले आफ्नै दाजु नाता पर्नेलाई राष्ट्रिय सभाको अध्यक्षमा सेटिङ गरेर निर्वाचित गराइसकेका छन् । एमाले अध्यक्ष ओलीले यसैगरी आफ्नो भाइभतिजालाई मालदार पदहरू बाँडिरहेका छन् । जनताले पाउनुपर्ने कोटाहरूमा उनीहरूको रजाइँ छ ।

संघीय लोकतन्त्रको अर्को सुन्दर पक्ष हो- प्रदेश । प्रदेश सरकार अहिले यिनै तिन नेताको कठपुतली बनेको छ । अनेकन प्रयास गरी प्रदेशलाई विक्षिप्त बनाउने काम यी नेताहरूले गरिसकेका छन् । संघीयता विरोधीलाई बल पुग्नेगरी तिनै नेताहरूले आफ्नै दलमा पनि यो आवाजलाई बुलन्द पार्ने ठाउँ बनाइदिएका छन् ।

तर द्वन्द्व सकिएको २० वर्ष पूरा हुन लाग्दा पनि सत्य निरूपणसम्बन्धी विधेयक टिआरसीको टुंगो लगाउन सकेको छैन । संघीयताका लागि महत्त्वपूर्ण मानिने कर्मचारीसम्बन्धी ऐन, प्रहरी ऐन सरकारले बनाउन सकेको छैन । संसद्मा सरकार बनाउने र गिराउने खेलबाहेक नेताहरूको अरू काम देखिन्न । लोकतन्त्र घोषणा भएको १८ वर्ष पुगेकै दिन बरु कतारका राजा अमिर शेख तमिम बिन हमाद अल थानी नेपाल भ्रमणमा आइपुग्दै छन् अझ सरकारले पनि उनको भ्रमणमा सार्वजनिक बिदा नै घोषणा गरेको छ । कतारका राजालाई सम्मान दिँदै गर्दा नेताहरूले बेलैमा सोचोस्- लोकतन्त्रलाई लोकतन्त्र नै बनाउनुपर्छ, जोकतन्त्र हैन ।

## मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# अनौपचारिक अर्थतन्त्रमा रोजगारीको चिन्ता



उद्धव सिलवाल

> अनौपचारिक अर्थतन्त्रले सरकारी निकायमा दर्ता नभएका एवं कूल गार्हस्थ उत्पादनको गणनामा नपरेका असंगठित क्रियाकलापबाट आर्जित आम्दानीलाई बुझाउँछ । यसले प्रतिस्पर्धात्मक बजार, उत्पादकत्व र आर्थिक वृद्धिमासमेत नकारात्मक असर पारिरहेको छ ।

प्रजातन्त्र पुनर्बहालीपछि सरकारले बजारमुखी खुला अर्थनीति अवलम्बन गरेको हो । आर्थिक उदारीकणको अर्थव्यवस्थामा सरकारको स्वामित्व घटाउँदै लानुपर्छ । निजी क्षेत्रले गर्न नसक्ने र जान नसक्ने क्षेत्रमा मात्रै सरकारले आफ्नो काम गर्नुपर्छ ।

आर्थिक-सामाजिक विकासमा २०४६ को राजनीतिक परिवर्तनपछिको झण्डै एक दशक महत्त्वपूर्ण मानिन्छ । उक्त माहोलपछि अर्थतन्त्रको संरचनामा ठूलो परिवर्तन देखिएको थियो । त्यही अवधिमा उद्यमशीलता विकास, लगानी आकर्षण, रोजगारी, अर्थतन्त्रमा नयाँ सम्भावनाको खोजी भएको हो । जसको कारण दूरसञ्चार, निजी अस्पताल, शिक्षण संस्था, वित्तीय क्षेत्र, हस्पिटालिटी, निजी वायु सेवा कम्पनीहरू लगायतका नयाँ क्षेत्रहरूको उदय भयो ।

अर्थतन्त्रको मूल आधार भनेकै उद्योग, पर्यटन र विप्रेषणलाई लिइँदै आइएको छ । विश्वमा अनौपचारिक रोजगारीको क्षेत्रलाई हेर्न हो भने अमेरिकी सेन्ट्रल इन्टेलिजेन्ट्स नामक संस्थाका अनुसार कृषिमाबाहेक करिब ५० लाखको हाराहारीमा मानिस अनौपचारिक क्षेत्रमा कार्यरत छन् । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को रिपोर्टअनुसार कोभिडका कारण ३७ लाख कामदार रोजगारीबाट वञ्चित भएका थिए । मुलुकमा कूल रोजगारमध्ये ८०.८ प्रतिशत अनौपचारिक रोजगारीमा रहेको अनुमान गरिएको थियो ।

विश्वमा अनौपचारिक अर्थतन्त्रको हिस्सा क्रमशः बढ्दै गएको विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाउँदै आएको छ । नेपालमा पनि विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम संगठन, युएनडिपीजस्ता अन्तर ाष्ट्रिय संस्थाहरूले गरेको अध्ययनले झण्डै ४० प्रतिशतभन्दा बढी अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ ।

अनौपचारिक रोजगारीमा फुटपाथको एउटा कुनामा तरकारी, प्याकेज गरिएको खाद्यसामग्री बेचेर गुजारा चलउनेदेखि घर, कार्यालयमा सरसफाइ गर्ने व्यक्ति र निर्माण क्षेत्रमा कार्यरत मजदुर सबै पर्दछन् । अनौपचारिक अर्थतन्त्रले सरकारी निकायमा दर्ता नभएका एवं कूल गार्हस्थ उत्पादनको गणनामा नपरेका असंगठित क्रियाकलापबाट आर्जित आम्दानीलाई बुझाउँछ । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको 'आर्थिक गणना २०७५' ले अनौपचारिक अर्थतन्त्रको आकार ४९.९ प्रतिशत रहेको देखाएको थियो । यद्यपि, उक्त अध्ययनले अनौपचारिक अर्थतन्त्रलाई नै मूल आयआर्जनको स्रोत बनाएका बिचौलिया, मध्यस्थकर्ताजस्ता व्यक्तिलाई समेटेको छैन ।

अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्दा त्यसले प्रतिस्पर्धात्मक बजारमा नकरात्मक असर पार्ने निश्चित प्रायः छ । अनौपचारिक अर्थतन्त्रले उत्पादकत्व र आर्थिक वृद्धिमासमेत असर पार्ने गर्दछ । घरजग्गाको व्यापारमा दलाल अर्थतन्त्र फस्टाएको छ । यसमा जग्गाको कम मूल्यांकन गरी भारी मात्रामा राजस्व छली गर्ने एवं बढी मूल्यांकन गरी कालोधनलाई सेतो बनाउनेसम्मको कारोबारले जरो गाड्दै लगेको छ ।

अहिले अर्थतन्त्र 'डिप्रेषण'उन्मुख दिशामा लम्किरहेको छ । यसलाई आशामुखी बनाउन उद्योगधन्दा सञ्चालनको वातावरण बनाउनुपर्छ । उद्योग सञ्चालनसँगै अर्थतन्त्रसमेत चलायमान बनाउन सरकार र उद्योगीबीच सुमधुर सम्बन्ध आवश्यक पर्छ । अनिमात्रै अर्थतन्त्र चलायमान हुन सक्छ ।

अर्थतन्त्रको पिल्लरको रूपमा रहेको वास्तविक क्षेत्र, सार्वजनिक वित्त, बैंकिङ तथा वित्तीय क्षेत्र र बाह्य एवं वैदेशिक व्यापार र भुक्तानी क्षेत्र समस्याग्रस्त रहेका छन् । मानवीय जीवनरक्षाका लागि समाजको तल्लो वर्ग (बटम अफ द पिरामिड) लाई राज्यले हेर्न सकेको देखिँदैन । त्यस्ता वर्गको जीवनरक्षा कसले गर्ने भन्ने प्रश्न सिर्जना भएको छ ।

नेपाल श्रम सर्वेक्षण र केन्द्रीय तथ्यांक विभागले २०१७ मा सार्वजनिक गरेको प्रतिवेदनले अनौपचारिक क्षेत्रमा ६२.२ प्रतिशत जनशक्ति कार्यरत छन् भने ८४.६ प्रतिशत अनौपचारिक रोजगारीमा रहेको देखाएको थियो । प्रतिवेदनले निजी क्षेत्रमा रहेका कूल प्रतिष्ठानमध्ये ४९.९ प्रतिशत दर्ता नै नभएको उल्लेख गरेको छ ।

आवास र खाद्य सेवाहरूको क्षेत्र, घरपरिवारद्वारा सञ्चालित लज र चिया पसलहरू धेरै कम मात्रामा सरकारी संस्थामा दर्ता भएका छैनन् । यस क्षेत्रमा रेस्टुरेन्ट, क्याफ्टेरिया, फास्टफुड रेस्टुरेन्ट, मोबाइल फुड कार्ट, बार, कफी हाउस, चिया पसललगायतका छन् । कुनै पनि सरकारी संस्थामा दर्ता नभएका घरपरिवारद्वारा सञ्चालित अधिकांश लज र चिया पसलहरू अनौपचारिक छन् । त्यसैगरी, मोबाइल फुड कार्टहरू पनि अनौपचारिक छन् ।

त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागले २०८० मा सार्वजनिक गरेको नेपालको अनौपचारिक अर्थतन्त्रको आकार नामक प्रतिवेदनले ४२.६६ प्रतिशत अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ । अनौपचारिक अर्थतन्त्रको आकार ४०-४२ प्रतिशत हुनु भनेको धेरै हो ।

अर्थतन्त्रको आकार र आर्थिक विकासको स्थिति जस्तोसुकै अवस्थामा भए पनि अनौपचारिक अर्थतन्त्र सबैका लागि चिन्ताको विषय हो । यसको आकारले आर्थिक-सामाजिक अवस्था वा विकास, राष्ट्रिय लेखा र सार्वजनिक वित्तजस्ता क्षेत्रलाई प्रभावित पार्छ । अनौपचारिक अर्थतन्त्र देश, क्षेत्र, गतिविधि, समय, सरकारी नीतिअनुसार फरक-फरक हुने गर्छ ।

अनौपचारिक अर्थतन्त्रलाई छाया अर्थतन्त्रको रूपमा लिइन्छ । यसले भूमिगत, कालो, लुकेको, अनौपचारिक, समानान्तर, रिपोर्ट नगरिएको, वा रेकर्ड नगरिएको अर्थतन्त्रलाई सम्बोधन गर्ने गर्छ । मुद्रा माग विधि र राष्ट्रिय लेखा विधि प्रयोग गरेर अर्थशास्त्र विभागले अनौपचारिक अर्थतन्त्रको आकार अनुमान गरेको हो । औपचारिक र अनौपचारिक अर्थतन्त्रका हिस्साहरू जिडिपीको विस्तृत अनुमानले समेट्दछ ।

राष्ट्रिय लेखा विधिका आधारमा आर्थिक वर्ष सन् २०१८/१९ मा ३७.६० प्रतिशत रहेको अनौपचारिक अर्थतन्त्र त्यसलगत्तै सन् २०१९/२० मा बढेर ३९.१० प्रतिशत पुगेको छ । अनौपचारिक अर्थतन्त्रको अंश ४० प्रतिशतभन्दा बढी हुनु सन्तोषको विषय होइन । अर्थतन्त्र आधुनिकीकरण भएसँगै क्रमशः घट्दै जानुपर्नेमा नेपालमा भने अनौपचारिक अर्थतन्त्रको अंश भने बढ्दै गएको छ । अर्थतन्त्रको अनौपचारिक क्षेत्र बढ्दै गएपछि राजस्व लक्ष्यअनुसार उठ्न सक्दैन ।

प्रतिवेदनअनुसार क्षेत्रगत रूपमा सबैभन्दा धेरै घरजग्गा क्षेत्र अनौपचारिक रूपमा सञ्चालन भएको पाइएको छ । यो क्षेत्रको करिब ९९ प्रतिशत अनौपचारिक देखिएको छ । यो क्षेत्रमा हुने अर्बौंको कारोबार अनौपचारिक नै हुन्छ । लिखत पारित गर्ने सामान्य काम मात्र औपचारिक हुन्छ । घरजग्गा क्षेत्रपछि कृषि, वन तथा माछापालन क्षेत्र ९६.४८ प्रतिशत अनौपचारिक छ । कृषि क्षेत्र प्रायः अझै अनौपचारिक नै रहेको देखाउँछ । आवास र खाद्य सेवा गतिविधिमा ५०.४२ प्रतिशत, कला तथा मनोरञ्जन क्षेत्रमा ३३.६९ प्रतिशत, उत्पादन क्षेत्रमा १६.३६ प्रतिशत, निर्माण क्षेत्रमा १६.२६ प्रतिशत, विद्युत् तथा ग्यास आपूर्ति क्षेत्रमा १४.९९ प्रतिशत अनौपचारिक छ । यसैगरी थोक तथा खुद्रा क्षेत्रमा १४.८७ प्रतिशत अनौपचारिक अर्थतन्त्रको हिस्सा रहेको तथ्य सन्तोषजनक होइन । सबैभन्दा कम अनौपचारिक अर्थतन्त्रको हिस्सा रहेका क्षेत्रमा प्रशासन तथा सहायता सेवा गतिविधिमा शून्य प्रतिशत छ भने सूचना तथा सञ्चार क्षेत्रमा ०.१३ प्रतिशत रहेको छ । शिक्षा क्षेत्रमा ०.१९ प्रतिशत, स्वास्थ्य र समाजसेवा क्षेत्रमा ०.३३ प्रतिशत अनौपचारिक अर्थतन्त्रको अंश छ ।

समृद्धि हासिल गर्न बिस्तारै अर्थतन्त्रलाई औपचारिक बनाउँदै लैजानुपर्ने चुनौती देखापरेको छ । अनौपचारिक अर्थतन्त्र बिस्तार हुनुमा कुशासन पनि प्रत्यक्ष जोडिएको हुन्छ । सुशासन अझै पनि मृगतृष्णाको रूपमा नै रहेको छ ।

आंशिक रूपमा कुनै परियोजना तथा समय विशेषमा निश्चित पारिश्रमिक लिने गरी नेपालमा मात्र होइन, विश्वभरि नै मानिस विभिन्न काममा आबद्ध हुने गरेका छन् । 'काममा लचकता' अनैपचारिक अर्थतन्त्रको सबैभन्दा महत्त्वपूर्ण फाइदाजनक विशेषता हो । आफ्नो अनुकूलतामा आफूले चाहेको माध्यमबाट आफूले निर्धारण गरेको पारिश्रमिकमा सेवा दिन सकिने भएकाले यस्तो व्यवस्थाको 'लचकता' प्रभावकारी देखिएको छ ।

हिजोआज अनौपचारिक अर्थतन्त्र संसारभरि नै बिस्तार हुँदै गएको छ । विश्व आर्थिक मञ्चले अनौपचारिक अर्थतन्त्रलाई डिजिटल माध्यमबाट फ्रिलान्सरहरूलाई ग्राहकसँग जोड्ने खास गरेर अल्पकालीन प्रकृतिका सेवाका रूपमा अर्थ्याएको छ । अझ आउट सोर्सिङका रूपमा काम गर्ने नेपाली आइटी कम्पनीहरूले दक्ष नेपाली जनशक्तिलाई उच्च पारिश्रमिक उपलब्ध गराउँदै आएका छन् ।

अहिले डिजिटल सञ्चारले भौगोलिक बाधाहरूलाई पूर्णरूपमा हटाएको छ । डिजिटल सञ्चारको द्रुत वृद्धिले अनौपचारिक अर्थतन्त्रलाई सबैभन्दा बढी उत्प्रेरित गरेको छ । अनौपचारिक अर्थतन्त्रमा काम गर्ने कर्मचारी असंगठित क्षेत्रबाट आउने भएकाले उनीहरूलाई संगठित क्षेत्रका कर्मचारीले जस्तै सुविधा (निवृत्तिभरण, जीवन बिमा, स्वास्थ्य, शिक्षा, तलब) उपलब्ध गराइँदैन, जुन अनौपचारिक अर्थतन्त्रको सबैभन्दा ठूलो कमजोरी हो । त्यसैले अनौपचारिक अर्थतन्त्रमा काम गर्ने मानिसको सामाजिक र आर्थिक असमानता सधैं बढ्ने जोखिम छ । नेपालको अनौपचारिक अर्थतन्त्र अनौपचारिक श्रमको बिस्तार हो । जहाँ श्रमिकहरूका लागि सामाजिक सुरक्षा, बिमालगायतका सुविधा छैन । जुन लामो समयदेखि प्रचलनमा रहे पनि अनियन्त्रित छ ।

अनौपचारिक अर्थतन्त्रअन्तर्गत रोजगारी सिर्जना हुनु नेपालको अर्थतन्त्रको वृद्धिका लागि राम्रो संकेत हो । देशको आर्थिक मन्दी र रोजगारीको अभावलाई दृष्टिगत गरी अनौपचारिक अर्थतन्त्रलाई प्रवर्द्धन गर्न आवश्यक छ । तर त्यसमा रहेका कमीकमजोरी पनि हटाउनुपर्छ । यसबाहेक औपचारिक वा परम्परागत कामहरूको कमीका कारण अनौपचारिक अर्थव्यवस्था बढिरहेको छ । यसमा नयाँ रोजगारीका अवसर सिर्जना, रोगजारीको बजारमा शोषण नहुने सुनिश्चितता, पुरानो रोजगारीबाट विस्थापित हुनेलाई कसरी परिपूण गर्ने भन्नेलगायत विषय चुनौतीको रूपमा रहेको छ । अनौपचारिक अर्थतन्त्रमा कार्यरत जनशक्तिको रोजगारी अनिश्चित रहेको छ । जुनसुकै बेला रोजगारीबाट हात धुनुपर्ने अवस्था विद्यमान रहनु एवं राज्यले उपलब्ध गराउने सबै किसिमको सेवा र सुविधाबाट वञ्चित हुने अवस्थाको अन्त्य गर्नुपर्ने देखिएको छ ।




# लोकतन्त्र दिवसमा महाराजको स्वागत !

हात्ती खोज्दा खोज्दै लखतरान भएका काकाले हात्ती त के हात्तीको पाइला पनि देख्न पाएनछन् ! काका रिसले चुर हुँदै

लोकऽतन्त्र । सिंहऽदरबार प्रवेश गर्ने महत्त्वपूर्ण काइदा । हजुरबाले प्रजाऽतन्त्रका नाममा त्यही सिंहऽदरबारमा छिरेर खै कुन्नि के-के गरे । प्रजातन्त्रलाई कठालोमा समातेर फालेका काकाहरूले लोकतन्त्र भित्रयाइदिए । त्यही लोकतन्त्रलाई पनि कहिले यता पल्टाउने कहिले उता पल्टाउने गर्दै गणऽतन्त्र भित्रयाइदिए ।

काकाले भनेको गण अर्थात् झुण्डतन्त्र भनेको शासन एउटा झुण्डले चलाउने शासनमा शासित बनिरहेका छौं अरे । काकाले जे बोकाइदियो त्यही बोकेर हिँड्ने भतिजहरूका कारण पनि कहिले कुन तन्त्र धरापमा ! कहिले कुन तन्त्र सरापमा पर्ने रैछ ।

हजुरबाले बनाइदिएको प्रजाऽतन्त्र मन नपरेपछि नै त हो काकाहरू रिसाएका । काकालाई त्यही उही अनि यही गणऽतन्त्र चाहिएको थियो । कम्तीमा एउटा न एउटा झुण्डले सत्ता सेवन गरिरहने । पालैपालो । रुमाल लुकाई खेलेजस्तो ! कहिले कसले डडाल्नु सेकाउने हो पत्तै हुँदैन । रुमाल छाम्दा छाम्दै डडाल्नुमा डाम ।

पोहोर साल कुन्नि कुनचाहिँ आफ्नै भाग्य थाहा नपाउने फन्टुसले काकालाई हात्तीले माला लगाएर सिंहासन बसाउँछन् भने छ । काका मख्ख । त्यही भएर नि होला काका माघ महिनामा लावण्य देशतिर लागेका छन् हात्ती खोज्दै ।

लोकऽतन्त्रमा देखाइदिन्छु भन्ने भएछ । त्यही भएर होला काकाका गणहरूले त्यही तन्त्रको दिवस मनाएर लावण्य देशको हात्तीमा राजालाई सवार गराउने भएछन् । महाराजको स्वागतका लागि रैतीहरू सडकमा उर्लने छन् । लावण्य देश थियो थिएन, नवराज भन्ने व्यक्तिलाई हात्तीले राजा बनायो बनाएन लेख्नेले नै जानुन । तर नेपाल देशका गणहरूले अमिर राजा पनि देखेका छन् अनि हात्ती पनि पालेकै छन् । राजालाई स्वागत हात्तीबाटै गर्ने छन् ।

राजा नभएको देशमा लोकतन्त्र दिवस मनाउन राजालाई स्वागत गर्न भन्दै सरकारले डम्फु बजाइसक्यो । साराका सारा गणहरू महाराजको स्वागतमा तैनाथ हुने आदेश दिँदै सरकारी कार्यालय ठप्प गरिदिएको छ । महाराजको जय होस् । भन्नुपर्ने छ ।

परम्परागत महाराज उतै डाँडातिर बसेर घोत्लिदै छन् । यता पाहुना महाराजका लागि हदैसम्म लचिलो हुने भन्ने भाको छ । यताका महाराजलाई जंगलको बास, उताका महाराजलाई काजगी बाजेले नै पुग्ने भए लिएर उलिनकाठ ।

महाराज त महाराजै होलान् । कोही सामन्ती होलान्, कोही शोषक भए होलान् ! परम्परागत महाराजले भन्दा अहिले झुल्किएका महाराजहरूले गर्नुसम्म गरेका छन् । आउनुस् मिलेर स्वागत गर्नुहोस् । महाराजले रोजीरोटी दिएका छन् । त्यत्रा मान्छेलाई रोजगारी दिएका छन् । घरपरिवार पाल्दिएका छन् । त्यस्ता महाराजको जयजयकार नगरे कसको गर्ने त ?

लोकऽतन्त्र दिवस हाम्ले किन मनाउनुपर्‍यो ? उता महाराजको सवारी हुनेबेला भइसक्यो । त्यो लोकतन्त्र त नाम मात्र हो । खासमा भन्ने हो भने भाषा विग्रिएको हो । विगारिएको हो । काकाले ऊ बेला जे भन्दिए त्यही राखिदिएको हो । यो त खासमा लुटऽतन्त्र हो । जति सक्दो लुट्ने हो । यता लुटेर सात समुद्रपारि पठाउने हो । लुटमा छुट कहाँ पाइन्छ र ? अमिर महाराजको स्वागत गर्नुछ । सबै जुट्नु छ । त्यही डाँडामा बसेर देख्लास् ! बोल्लास् ! हुर्मत लेलास् । पालो त हाम्रै हो । तेरामात्र सात पुस्तालाई जोडेर पुग्छ र ? ठूल्दाइहरू ठूलठूला स्वरले घिच्रो दुख्नेगरी थर्काउँदै छन् । महाराजको जय होस् । महाराजको जय होस् ।

पल्ला घरे ठाइँला काका पनि अलमलिएका छन् । उनी महाराजको जय होस् भन्ने ध्वनीबाट विचलित भएका छन् । हैन क्या हो कुरा ! साँच्चै नै महाराजका लागि यत्रो तयारी यति ठूला गर्जन । आफैंले आफ्नै गालामा एक थप्पड हान्छन् । यहाँ छ गणऽतन्त्र आइसक्यो त अब फेरि के को महाराजको जय होस् !

ठाइँला काकाले आफ्नै गालामा बजारेपछि काकी डङरंगै ढलिन् । काकी ढलेपछि काका उठाउन पुगे । वरपर कोही थिएन । काकाले हत्त न पत्तका समुद्रपारी भएको छोरालाई वाइफाइ अन गर्दै एक घण्टा भिडियो कल हानिहाली । विचरा कर्मवीर छोराको फोन किन उठ्थ्यो र ? त्यत्ति सजिलो पनि कहाँ छ र त्यहाँ बाले फोन गरे अब उठाइहाल्छु भन्ने ।

यहाँ नयाँ महाराजाले राज गरेर बल्लबल्ल सात समुद्रपारि पठाएका छन् । उनैका लागि रेमिटचान्स पठाउनु छ । भिडियोमा कुरा गरेर बा'लाई के भन्नु । बा म थकिन छु भन्न पनि नमिल्ने ! विनाकाम केही पनि हुन्न है । कर्म गर्ने कर्मवीरहरूका लागि महाराजको जय जय भन्न पनि नपर्ने ।

लोकतन्त्रमा महाराजको जयजयकार मनाउन खोज्दा काकी ढलेको कुरा छोरालाई सुनाएन नपाएका ठाइँला काका । जंगलतिर बसेका माइला बालाई कसरी सुनाउन सक्लान् र ? महाराजका दिन गए । अव राजा भन्ने दिन गए ! तर होइन रहेछ यही भूमिमा राजाको जयजयकार पनि सुनिँदो रहेछ । चाहे घरभित्रकै राजा होस् वा घरबाहिरका राजा कै किन नहोस् । फेरि पनि काकाले भन्न लगाएका छन्, 'महाराजको जय होस्' !

यता न ठूला काकाको सत्कार छ । न त माइला काकालाई नै सम्मान छ । घरमा भएका बाऽआमाथि अन्याय नै अन्याय छ । राजा फालेर महाराजा बनेकाहरू उही राजाकै स्वागतमा तल्लीन छन् । जयजयकार मनाउँदै छन् । आफ्नो मर्यादा कुल्चिएर भए पनि अरूका लागि देखाउँदै छन् । आउ मिलेर बस । आज जयजयकार मनाउनु छ । महाराजको स्वागत गर्नु छ । किनकि आज लोकऽतन्त्र दिवस पनि छ । आउ, गाउँ सबै मिलेर नरेशको जय हो । महाराजको जय होस् ।

# ‘लू’ले कष्टकर बन्दै तराईको जनजीवन

**रूपन्देही (प्रस)** – वैशाखको पहिलो साता नै भैरहवा आसपासको अधिकतम तापक्रम करिब ४४ डिग्री पुगेको छ । तीव्र गतिमा तापक्रम वृद्धि र तातो हावा (लू) चल्दा जनजीवन कष्टकर बन्दै गएको छ । ठाउँठाउँमा आगलागी भइरहेका छन् । आगलागीले करोडौंको धनमाल नष्ट भएका छन्। गर्मी बढ्दै जाँदा बाटो सुनसान हुँदै गएका छन् । अस्पतालमा बिरामीको चाप बढेको छ ।

शनिबार नेपालमै सबैभन्दा बढी गर्मी (४३.६ डिग्री) भैरहवामा मापन भएको छ । आइतबार ४०.६ डिग्रीले केही कम गर्मीको महसुस गराए पनि सोमबार फेरि गर्मीले प्रचण्ड रूप लिएको छ । सोमबार भैरहवाको तापमान ४३ डिग्री पुगेको छ ।

भैरहवामा अन्य ठाउँभन्दा बढी गर्मी हुन थालेपछि जनजीवन कष्टकर बनेको हो । रूपन्देहीलगायतका जिल्लामा गर्मी बढेपछि स्थानीयवासीको दैनिकीमा समस्या आएको छ । चार-पाँच दिनदेखि बढेको अत्यधिक गर्मीले जनजीवन अस्तव्यस्त छ । वायुमण्डलीय तापक्रममा वृद्धिसँगै तातो हावा चलेपछि सर्वसाधारण घरबाहिर निस्किन सकेका छैनन् । अत्यधिक गर्मीले बजार, शैक्षिक संस्था, सरकारी कामकाज प्रभावित भएको छ ।

भीम अस्पताल भैरहवामा गर्मीका कारण बिरामी भई आउनेको चाप बढ्दो छ । सामान्य अवस्थामा दैनिक दुई सयसम्म बिरामी आउने अस्पतालमा अहिले गर्मीकै कारण ७०० को हाराहारीमा बिरामी आएको भैरहवा भीम अस्पतालका कार्यालय प्रमुख डाक्टर मोहम्मद नुरुल हुदाले जानकारी दिए । ‘चिसो मौसम हुँदा सरदर तीनदेखि ४०० बिरामीको संख्या हुन्थ्यो, अहिले छ देखि ७०० दैनिक पुगेको छ,’ उनले भने, ‘धेरैमा पखाला र छालासम्बन्धी समस्या देखिएको छ ।’

गर्मीसँगै पानी कम प्रयोग गर्दा हुने बिरामीको संख्या पनि बढेको उनले बताए । पिसाबको संक्रमण, कडा ज्वरो, मिर्गौलामा पत्थरी भएका बिरामीमा तीव्र पेट दुख्ने समस्याका बिरामी अस्पताल आइरहेका छन् । अहिलेको वातावरणका कारण दम रोगका बिरामीलाई समस्या भएको उनले बताए ।

गर्मी बढ्दा चिसो पेयपदार्थ र फलफूल जुसको व्यापार बढेको छ । मध्याह्न र अपराह्न सरकारी कार्यालयसहित बजारमा सर्वसाधारणको उपस्थिति पातलिएको छ । स्थानीय बासिन्दाको भनाइअनुसार विगतको वर्षभन्दा यस वर्ष बढी गर्मी भएको हो । गर्मीले मानिस मात्र हैनन्, पशुपक्षीसमेत प्रभावित भएका छन् । बजार सुनसान भएपछि व्यापार घटेको छ । मोबाइल व्यापारी हरि पाण्डेले गर्मीकै कारण व्यापार घटेको बताए । ‘अहिले किसानसँग पैसा आएर बिक्री बढ्नुपर्ने हो,’ पाण्डेले भने, ‘तर गर्मी र तातो हावाकै कारण आगलागीले किसानको अन्न नष्ट भएको छ, अनि कसरी व्यापार बढ्नु ?’

## भूलसुधार

प्रभाव दैनिक अंक ३५४ मिति: २०८१/०१/१० गते प्रकाशित **हेटौंडा, मक्वानपुरको Invitation for Sealed Quotation सम्बन्धी सूचना**मा **Bid Security: NRS. 35,000.00 (75 Days)** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवालाहरु सबैमा जानकारी गराइन्छ ।

## हुलास स्टील इण्डष्ट्रीज लिमिटेडको विशेष साधारण सभा बस्ने सूचना

मिति २०८१।०१।०६ (तदनुसार १८ अप्रिल २०२४) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने :**

मिति : २०८१ बैशाख २४ गते (६ मे २०२४), सोमबार

समय : अपरान्ह १२:३० बजे

स्थान : कम्पनीको राजिर्ष्टड कार्यालय, गोल्छा हाउस, गणवहाल, काठमाण्डौं (भर्चुवल माध्यमवाट पनि सामेल हुन सकिने)

**छलफलका विषयहरु:**

**सामान्य प्रस्तावहरु**

१. संस्थागत शेयरधनीहरुका तर्फबाट नियुक्त/मनोनित संचालकहरुको नाम स्वीकृत/अनुमोदन गर्ने ।
२. संस्थागत बाहेकका अन्य शेयरधनीहरुका तर्फबाट संचालकको छनोट/नियुक्ती गर्ने ।
३. संचालकहरुको पारिश्रमिक निर्धारण गर्ने ।
४. विविध ।

**नोट :** विशेष साधारण सभाको प्रयोजनका लागि कम्पनीको शेयरदर्ता किताब २०८१ बैशाख १८ गते एक दिनका लागि बन्द हुने छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/११ गते)

बद्री प्रसाद श्रेष्ठको नातिनी, बलराम श्रेष्ठको छोरी, कुमार प्रसाद पन्तको पत्नी काभ्रे जिल्ला विर्ता देउराली वडा नं ६ (हाल: काठमाण्डौ जिल्ला, स्युचाटार वडा नं ०२) बस्ने शिला पन्त श्रेष्ठको मिति २०८०/११/१९ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको न्युरोड शाखामा रहेको बचत खाता नं.००५०००६०५९१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमानले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय न्युरोडमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**शाखा कार्यालय न्युरोड, काठमाण्डौ फोन न. ०१-५३३१७१३**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/११ गते)

मकर बहादुर थापाको नातिनी, राम बहादुर थापाको छोरी, कृष्ण बहादुर खड्काको पत्नी, सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी नगरपालिका, वडा नं १० मा बस्ने क्षत्र कुमारी खड्काको मिति २०८०/०२/१८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जलवीरे शाखामा रहेको बचत खाताको खाता नं. १५५००७९१४५५००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमान् कृष्ण बहादुर खड्काले यस बैंकको जलवीरे शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय जलवीरे, सिन्धुपाल्चोकमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**शाखा कार्यालय जलवीरे, सिन्धुपाल्चोक फोन नं.०११-४०००३५/४०३०५१**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/११ गते)

बाबुराम गैरेको नातिनी, टोप नारायण गैरे/चेत कुमारी गैरेको छोरी, जंग बहादुर घर्तिमगरको पत्नी दाङ जिल्ला, शान्तिनगर गाँउपालिका वडा नं ०४ (साबिक शान्तिनगर गा.वि.स वडा नं. ०९, दाङ) बस्ने माया घर्तिमगरको मिति २०८०/११/१७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको हापुरे शाखामा रहेको बचत खाता नं.१५२०२७१६५४६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमानले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय हापुरेमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**शाखा कार्यालय हापुरे, दाङ फोन नं. ०८२-४०३०३२/४०३०३३**

## मङ्गलोदय बहुमुखी क्याम्पस
**चन्द्रागिरि-०४, थानकोट, खरिवोट, काठमाडौं**

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति: २०८१/०१/११ गते**

चन्द्रागिरि नगरपालिकाको चालू आ.व. २०८०/०८१ स्वीकृत कार्यक्रम अन्तर्गत यस क्याम्पसको निम्न कार्य सम्पन्न गर्नुपर्ने भएकाले इच्छुक दर्ता-वाला निर्माण प्रा.लि फर्म तथा संघसंस्थाहरूले आवश्यक कागजपत्र सहित १५ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

| क्र.स. | कार्य | परिमाण | कन्टेनजेन्सी, भ्याटसहित स्वीकृत रकम |
|---|---|---|---|
| १ | क्याम्पसको शौचालय भवनको तल्ला थपगर्ने | | रु १५,१९,७३४।७९ |

निमार्ण कार्यको विस्तृत विवरण क्याम्पसबाट उपलब्ध गराइने छ ।

**- क्याम्पस प्रमुख**
९८५१०१६९९९, ९८५१३४९४०५

## डिभिजन वन कार्यालय ललितपुरको
## प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान/निवेदन गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१।०१।११ गते

डिभिजन वन कार्यालय ललितपुरबाट आ.व. २०८०/०८१ को बार्षिक कार्यक्रमहरुमा तपसिल बमोजिमको कार्यक्रमहरु सामुदायिक वन क्षेत्र/निजी क्षेत्रमा समूहगत रुपमा सञ्चालन गर्नु पर्ने भएकोले जिल्ला भित्रका सामुदायिक वन उपभोक्ता समूह/निजि वन समूह/सहकारी/समूहगत कृषक समूहलाइ माग निवेदन गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचनाको मितिले १५ दिन भित्र डिभिजन वन कार्यालयमा दर्ता हुने गरी सञ्चालन गर्न चाहेको कृयाकलापहरु मध्ये वा समूहले गर्न चाहना गरेको कार्यक्रमको विस्तृत योजना सहितको प्राविधिक तथा आर्थिक प्रस्ताव दर्ता गर्नुहुन अनुरोध छ। थप जानकारीको लागि डिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयहरुमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

**तपसिल**

| सि. न | प्रस्तावको कार्यक्रम | इकाइ | परिमाण | बजेट रु. हजारमा | कैफियत | कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | लौठ सल्लाको एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको प्लट वृक्षारोपणको लागि बिरुवा खरीद र बितरण | प्याकेज | १ | २००० | लौठसल्ला पकेट क्षेत्र | राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन |
| २ | सामुदायिक वन, कबुलियती वन सार्वजनिक क्षेत्र, नदि उकास: क्षेत्र/नदि किनार तथा निजी जग्गामा बाँसको कटीङ्ग बिरुवा खरिद, ढुवानी र रोपण (प्रति प्याकेज २ हजार गोटा) | ३ प्याकेज | ३००० | १५०० | जिल्ला भित्र | वातावरण संरक्षण |
| ३ | जडिबुटी बिरुवा उत्पादन तथा खेती विस्तार | प्याकेज | १ | १८०० | निजी तथा सामुदायिक वन | जडिबुटी विकास कार्यक्रम |
| ४ | स्थानीयस्तरमा बाँसको राईजोम संकलनरखरिद तथा रोपण (समुदायिक वन र कबुलियती वन) | वटा | १ | ८२ | निजी तथा सामुदायिक वन क्षेत्र | वातावरण संरक्षण |

**विस्तृत विवरणकोलागि: डिभिजन वन कार्यालय ललितपुर, फोन नं. ०१५१७४१७५ वा ९८५१२२७३३०**

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मुसिकोट, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/०१/११**

उपरोक्त सम्वन्धमा यस कार्यालयबाट रुंघाखोला, शितलवजार सडक पुल निर्माण सम्बन्धी मिति २०८०/११/०४ गते प्रकाशित सूचना वमोजिम सूचनाको म्याद भित्र इ विडिङ मार्फत पेश हुन आएका वोलपत्रहरु मुल्यांकन हुंदा तपसिल वमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई मिति २०८१/०१/१० गतेको वोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार स्वीकृतिका लागि छनौट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | बोलपत्र संख्या | वोलपत्रदाता | वोल कवोल रकम (मू.अ. कर वाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1 | Construction of Rugha Khola Sheetal Bazar Road Bridge | NCB/MM/Ruk.W/W1S2E_080/081/03 | M/S Surat-Revet-Shiv Nirmal JV, Musikot 01 | 3,42,42,290.64 | 22.96 % Less |

**प्रमुख प्रशासकीय अधिकृत**
**मुसिकोट नगरपालिका**

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company**

पूर्व स्वीकृति मिति : २०८०/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१० | LT. No.298539 | चलानी नं. ६०२१३५०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 10 | 0 | 1200 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 30 | 0 | 1000 | ३५,३९० | | | | | | | |
| 3 | Shelving Filling Labour | 15 | 0 | 1000 | ३५,३९० | | | | | | | |
| 4 | Waiter | 30 | 0 | 1200 | ३५,४७० | | | | | | | |

**कम्पनी : ABDAL HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१० | LT. No.298872 | चलानी नं. ६०२१३८५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 41 | 0 | 1000 | ३५,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १८ गते (30th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० /- कामदार आफैंले    **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal
Tel: +977-1-4958977, 4983277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : S NAIL SPA BEAUTY SALOON COMPANY FOR LADIES .**

पूर्व स्वीकृति मिति २०८१/०१/०९ | LT No : 303636 | चलानी नं ६०२१८४६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure Pedicure | 0 | 5 | 150 | ६४,९७० | | | | | | | |

**कम्पनी : GAZAL ALOYOON LADIES SALOON**

पूर्व स्वीकृति मिति २०८१/०१/०९ | LT No : 303627 | चलानी नं ६०२१८४६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail | 0 | 1 | 1500 | ५४,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Nail Technician | 0 | 2 | 1800 | ६५,४२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १८ गते (30th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० /- कामदार आफैंले    **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ८३४/०६६/०६७

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MONEY INTERNATIONAL SALON COMPANY TO DOWNLOAD LADIES**

पूर्व स्वीकृति मिति : २०८०/०३/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१० | LT. No. 288851 | चलानी नं.६०२०४१९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/nail Extension/hairdresser/manicure/ped | 0 | 3 | 150 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० /- कामदार आफैंले    **सेवा शुल्क:** नि:शुल्क

**कम्पनी : TRIPLE AND MORE SPA SALON COMPANY FOR LADIES BEAUTY**

पूर्व स्वीकृति मिति २०८०/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१० | LT No :295780 | चलानी नं. ६०२१०८६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 10 | 160 | १६९,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : AL SHAHEEN UNITED GROUP FOR GENERAL TRADE AND CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१० | LT No : 295782 | चलानी नं. ६०२१०८६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/hairdresser/manicure/pedicure/nail Tech | 0 | 45 | 150 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १८ गते (30th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० /- कामदार आफैंले    **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : DHCN CONSTRUCTION L.L.C**

पूर्व स्वीकृति मिति २०८१/०१/१० | LT. No. 303631 | चलानी नं. ६०२१८४७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 3 | 0 | 1200 | ४३,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 30 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 3 | Cleaner | 1 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 4 | Concrete Mason | 2 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 5 | Plumber | 9 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 6 | Tile Layer | 5 | 0 | 1200 | ४३,६१० | | | | | | | |

**कम्पनी : DEXING BUILDING CONTRACTING LLC**

पूर्व स्वीकृति मिति २०८१/०१/०९ | LT. No. 303632 | चलानी नं. ६०२१८४७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk. | 1 | 0 | 900 | ३२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labourer | 1 | 0 | 900 | ३२,७१० | | | | | | | |
| 3 | Building Painter | 2 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 4 | Carpenter Assistant | 1 | 0 | 1000 | ३६,३४५ | | | | | | | |
| 5 | Civil Engineer | 2 | 0 | 3000 | १०९,०३० | | | | | | | |
| 6 | Construction Supervisor | 2 | 0 | 1500 | ५४,५१५ | | | | | | | |
| 7 | Pipe Fitter | 1 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 8 | Sales Officer | 1 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 9 | Steel Fixer | 8 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 10 | Surveyor | 1 | 0 | 1500 | ५४,५१५ | | | | | | | |
| 11 | Tile Layer | 2 | 0 | 1200 | ४३,६१० | | | | | | | |
| 12 | Tile Layer Assistant | 2 | 0 | 1000 | ३६,३४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १८ गते (30th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० /- कामदार आफैंले    **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com
License No. : 832/066/67




## 'बलिदान'मा भित्रिए दिव्यदेव

आसुसेन फिल्मसको निर्माणमा बन्न लागेको फिल्म हो 'बलिदान'। बलिदानको मुख्य भूमिकाको लागि दिव्य देव अनुबन्धित भएका छन्। फिल्मको मुख्य भूमिकाको लागि दिव्य देव भित्रिएको निर्देशक सन्तोष सेनले बताए। नाटकबाट फिल्ममा भित्रिएका दिव्य देवले केही अगाडि प्रदर्शित फिल्म 'चिसो एस्ट्रे'मा अभिनेताका रूपमा अभिनय गरेका थिए। 'हिजो आजका कुरा', 'दि सेक्रेट्स अफ राधा' र अहिले प्रदर्शनरत फिल्म 'महाजात्रा'मा समेत अभिनय गरेका उनलाई 'मेयर'मा पनि देख्न सकिन्छ। अभिनेता दिव्यले 'बलिदान'को टिमसँग जोडिन पाउँदा खुसी रहेको बताए। 'बलिदान'को मुख्य भूमिकामा अभिनेता बिराज भट्टका छोरा समीर भट्ट डेब्यु गर्दै छन्।





# सिनेमाटोग्राफीमा जमेका रोशन

■ प्रभाव संवाददाता

**काठमाडौं –** निरन्तर संघर्षले सफलताचाहिँ चखाउँछ नै। यो समय नेपाली सिनेमा वा अन्य लाइभ कार्यक्रमको छायाँकारमध्ये रोशन श्रेष्ठ सबभन्दा अगाडि देखिन्छन्, संख्या र गुणात्मक दुबै कोणबाट।

अनुभवी कार्यक्रम निर्देशक हुन् वा नयाँ, पहिलो रोजाईमा रोशन नै पर्छन्। दूरदराजका कारुणिक दृश्य कैद गर्नु परोस् वा खेल मैदानको प्रत्यक्ष खेलको दृश्य, उनी पोख्त मानिन्छन्। छायाँकारका रूपमा यतिविघ्न प्रतिष्ठा आर्जन गर्न रोशनले कति पसिना बगाए, कति हन्डर खाए, लेखाजोखा छैन।

फिल्म र टेलिभिजनमा कथा चित्रित गर्न एक्सन कटमामात्र सिमित हुँदैन। फिल्ममा समावेश गरिएका कथावस्तु अथवा दृश्य कसरी क्याप्चर गर्ने भन्ने कुराले पनि ठूलो भूमिका खेल्छ। यस्ता कार्यहरू कार्यान्वयन हुनेलाई सिनेमाटोग्राफी भनिन्छ। सिनेम्याटोग्राफी भनेको मोशन पिक्चर वा टेलिभिजन शोमा फोटोग्राफी र भिजुअल स्टोरीटेलिंगको कला हो।

सिनेमाटोग्राफीमा लाइटिङ, फ्रेमिङ, कम्पोजिसन, क्यामेरा मोसन, क्यामेरा एङ्गल, फिल्म सेलेक्सन, लेन्स च्वाइस, जुम, फोकस, कलर, एक्सपोजर र फिल्टरेसन लगायत सबै स्क्रिनमा देखिने भिजुअल तत्वहरू समावेश छन्। सिनेम्याटोग्राफीले फिल्मको दृश्य आख्यानका समग्र लुक र मुडलाई समर्थन गर्दछ। सिनेमाटोग्राफीमा लामो समयदेखि संलग्न हुँदै आएका अहिलेका व्यस्त सिनेमाटोग्राफर रोशन श्रेष्ठलाई यि सबै प्राबिधिक पक्षको राम्रो जानकार छ। सिनेमाटोग्राफीको प्राविधिक र रचनात्मक पक्षहरूको गहिरो ज्ञान भएकै कारण पछिल्लो समय उनको व्यस्ता बढ्न थालेको हो भन्दा फरक नपर्ला।

कमेडी च्याम्पियन, द भ्वाईस अफ नेपाल, हिमालय रोडिज, को बन्छ करोड पति,



मुन्द्रेको कमेडि क्लब, द पोईट आईडल र कमेडी क्लब विथ च्याम्पियन लगायत दर्जन ठूला सियालिटी शोहरूमा आफ्नो कार्यदक्षता देखाईसकेका रोशन श्रेष्ठले नेपहोपको श्रीपेज, लोक स्टार, डान्स च्याम्पियन, ब्याण्ड च्याम्पियन जस्ता नेपाली रियालिटी शोहरूमा काम गर्नुका साथै दर्जनौ म्युजिक भिडियो, सयौ बृत्तचित्रमा क्यामराम्यानको रूपमा काम गरिसकेका छन्।

रोशन श्रेष्ठ सिनफोटोग्राफीको क्षेत्रमा आफ्नो प्रभुत्व कायम गरी सैध्दान्तिक र व्यवहारिक ज्ञान हासिन गर्दै सिनेफोटोग्राफी जगतमा ब्यावसायिक सफलता हासिल गर्न सफल मध्यमा पर्दछन्। सिनेमाटोग्राफी र भिडियोग्राफी तालिम लिएपछि ब्यवसायिक रूपमा काम शुरू गरेका रोशन अहिलेका चल्तिका सिनेमाटोग्राफीको पहिचान बनाउन सफल भएका छन्। आफु यो पेशाबाट सन्तुष्ट रहेको र भविष्यमा पनि यसैलाई निरन्तरता प्रदान गर्ने उनको भनाई छ।

## 'रावायण' को छायांकन सुरु

**काठमाडौं (प्रस) –** फिल्म 'रावायण' को छायाङ्कन जनकपुरको जानकी मन्दिरबाट सुरु भएको छ। निर्देशक सुदर्शन थापाको महत्वकांक्षी प्रोजेक्ट 'रावायण' को पूजा शर्मा, पल शाह, प्रमोद अग्रहरीलगायतको उपस्थितिमा सोमबार जानकी मन्दिरमा क्यामेरा पुजा गर्दै छायाङ्कन सुरु गरिएको हो।

सुदर्शन थापा प्रोडक्शन र पूजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बन्ने फिल्मका निर्मातामा सुदर्शन र पूजा हुन्। फिल्म यसै वर्षको भदौ २१ गते तिजका दिन प्रदर्शनमा आउनेछ। फिल्ममा पल, पूजा र प्रमोदसँगै प्रियंका कार्की, निकिता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल लगायतका कलाकारको अभिनय रहनेछ।

शिवम अधिकारीको लेखन, सौरभ लामाको छायाङ्कन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी, श्री श्रेष्ठको एक्सन रहने फिल्मको वितरण उपत्यका भित्र रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफ.डी कम्पनीले गर्नेछ। फिल्मको डिजिटल पार्टनरको रूपमा ओ.एस.आर डिजीटल रहेको छ।

## लोकदोहोरी गीत 'दमौलीमा झर है कान्छु'

**काठमाडौं (प्रस)–** गायक मौसम गुरुङ र गायिका सुनिता बुढाक्षेत्रीले लोकदोहोरी गीत 'दमौलीमा झर है कान्छु' ल्याएका छन्। ओम छिनालको शब्द तथा संगीत रहेको गीतको एरेन्ज बिलन थापा मगरले गरेका हुन्।

गीतको भिडियोमा रीमा गुरुङ र ओम छिनालको अभिनय देख्न सकिन्छ। रीमा र ओमलाई डान्स गुरुङका रूपमा कलाकार पवन गुरुङ, दीपशिखा गुरुङ, गंगा गुरुङ, मिसु गुरुङ, आयुषा गुरुङ, सरस्वती गुरुङले साथ दिएका छन्। गाउँघरको रोधी शैलीमा तयार भिडियोमा विजय लामाको छायांकन, पदम सुवेदीको सम्पादन छ। भिडियोका निर्देशन दीप गुरुङले निर्देशन गरेका हुन्।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SABAILA CLEANING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०६/१८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१० LT. No. 293452 चलानी न. ६०२०८७२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | ३१,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Administrative Manager | 2 | 0 | 5700 | २०७,९८० | | | | | | | |
| 3 | Business Executive | 1 | 0 | 4000 | १४५,९५० | | | | | | | |
| 4 | Driver | 1 | 0 | 2000 | ८७२,९७५ | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,२२० | | | | | | | |
| 6 | General Clean Worker | 5 | 1 | 1100 | ४०,१३५ | | | | | | | |
| 7 | General Supervisior | 2 | 0 | 3000 | १०९,४६० | | | | | | | |
| 8 | Labour | 1 | 0 | 1000 | ३६,४८५ | | | | | | | |
| 9 | Labour Services | 0 | 1 | 1100 | ४०,१३५ | | | | | | | |
| 10 | Representative | 2 | 0 | 2500 | ९१,२२० | | | | | | | |
| 11 | Sales Supervisor | 1 | 0 | 3000 | १०९,४६० | | | | | | | |
| 12 | Supervisior | 1 | 0 | 2500 | ९१,२२० | | | | | | | |
| 13 | Truck Driver | 2 | 0 | 2200 | ८०,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १८ गते (30th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.

G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## कुमारी बैक लिमिटेड शाखा कार्यालय शुकपथ, रूपन्देहीको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०१/११ गते प्रभाव दैनिक

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय शुकपथ, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ वैशाख १८ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय शुकपथ, रुपन्देहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

| ऋणीको विवरण | लिलाम हुने सम्पत्ति विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्त हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा मिति २०७७/०९/०५ मा उ.द.नं. २०६०६/०७७/०७८ कायम भई दर्ता रहेको, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०७, स्थित रजिष्टर्ड कार्यालय रहेको **शुलभ मसला प्याकेजिङ्ग उद्योग** **प्रोप्राईटर - सरस्वती पौडेल** | १. **नारायण भट्टराई**को नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा, दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०९(हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ०७) स्थित कि.नं. ४६२ को क्षेत्रफल १६०.८३ (व.मी) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत। |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

| | |
|---|---|
| १. **सरस्वती पौडेल**<br>ना.प्र.नं.- २१८५०<br>जारी मिति - २०६०/०५/२६, जि.प्र.का. बुटवल, रुपन्देही<br>बाबु - शिव प्रसाद पौडेल<br>बाजे- शिव कुमार पौडेल<br>स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०५,<br>हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०७, | २. **नारायण भट्टराई**<br>ना.प्र.नं.- ३७-०२-७६-०१०५३<br>जारी मिति - २०७६/०२/०५, जि.प्र.का. बुटवल, रुपन्देही<br>बाबु - हिमलाल भट्टराई उपाध्याय<br>बाजे- जिवलाल भट्टराई<br>स्थायी ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०७,<br>हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०७, |

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८१ वैशाख १७ गते** भित्र बैंकको शाखा कार्यालय शुकपथ, रुपन्देहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय शुकपथ, रुपन्देहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८१ वैशाख १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय शुकपथ, रुपन्देहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय शुकपथ, रुपन्देहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२.प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८१ वैशाख १८ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय शुकपथ, रुपन्देही फोन नं. ००७१-५३४६०९


रंगशाला

# सूर्य नेपाल काठमाडौं ओपन गल्फ टुर आजदेखि




■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको सातौं प्रतियोगिता, सूर्य नेपाल काठमाडौं ओपन आज (सोमबार) देखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ।

७२ होलको चार दिने प्रतियोगिता शुक्रबारसम्म चल्नेछ। उपाधिको लागि ३२ प्रोफेसनल र ८ एमेच्योर गरी कुल ४० गल्फर हरूले दाबेदारी प्रस्तुत गर्नेछन। सहभागी गल्फरहरू मध्ये सुबाश तामाङको लागि भने यो प्रतियोगिता विशेष रहनेछ। उनले यो टुर धेरै पटक खेलेका छन। प्रोहरूलाई माथ दिएर उपाधि पनि जितेका छन्। तर प्रोफेसनल खेलाडी भएपछि नेपालमा उनले खेल्न लागेको यो पहिलो पटक हो।

भारतीय गल्फ टुरमा प्रोफेसनल प्रतियोगिताहरू भने उनले खेलिसकेका छन। यो पटक उनी प्रमुख दाबेदारको रूपमा रहनेछन। नेपालका उनी सर्वाधिक सफल एमेच्योर गल्फर हुन र उनको घरेलु टुरमा प्रोफेसनल करियरको सुरूवात भोलिदेखि सुरू हुँदैछ। उनलाई एमेच्योर गल्फर सदभाव आचार्यले कडा चुनौती दिने संभावना रहेको छ। सदभावले यो सिजन दुई उपाधि जितिसकेका छन्।

प्रो भुवन नगरकोटी, दिनेश प्रजापति, रवि खड्का, सञ्जय लामा, जयराम श्रेष्ठ लगायतका प्रोहरू वलिया दाबेदारको रूपमा रहेका छन। नेपाल नम्बर एक प्रो शुक्रबहादुर राईले चोटको कारण यो प्रतियोगिता पनि गुमाएका छन्।

प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख ३ हजार ५ सय रहेको छ। विजेताले १ लाख २० हजार तथा दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ८२ हजार र ६६ हजार प्राप्त गर्नेछन्। यसैगरी चौथो हुनेले ५५ हजार र पाँचौ हुने खेलाडीले ४३ हजार नगद हात पार्नेछन्।

चार दिने प्रतियोगितामा ३६ होलको समाप्तीमा कट लागु हुनेछ। जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन्। टप २१ मा पर्ने खेलाडीहरूले नगद पुरस्कार प्राप्त गर्नेछन। एमेच्योर खेलाडीको हकमा प्रोफेसनल खेलाडीको कटमा पर्नेले मात्र अन्तिम १८ होलको प्रतिस्पर्धामा सहभागीता जनाउन पाउनेछन्।

प्रतियोगितालाई प्रतिस्पर्धात्मक बनाउनको लागि कोर्सलाई रोमाञ्चक बनाइएको छ। कोर्ससँग अभ्यस्त हुन गल्फरहरूले तयारी गरिरहेको छन्।

पिजीए नेपालका अध्यक्ष रविन्द्रमान श्रेष्ठले यो प्रतियोगितामा राम्रो स्कोर निस्किने र प्रतियोगिता प्रतिस्पर्धामक हुने विश्वाश रहेको बताए। पछिल्लो समय गल्फको स्तर बढेको र निरन्तर प्रायोजन गरेकोमा उनले प्रायोजक सुर्य नेपाल प्रालिलाई धन्यवाद दिए।

## सहाना स्मृति हक्की शनिबारदेखि

**काठमाडौं (प्रस)–** नेपाल हक्की संघको आयोजनामा 'छैटौं साहना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिता' शनिबारदेखि हुने भएको छ। प्रतियोगितामा ६ वटा टोलीको सहभागिता रहने छ।

प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता रहने जानकारी सोमबार आयोजित पत्रकार सम्मेलनमा हक्की संघका अध्यक्ष अनिलप्रसाद शर्माले दिए।

सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ। समूहको शीर्ष दुई टोली प्रतियोगिताको सेमिफाइनलमा पुग्ने बताइएको छ। प्रतियोगितामा शीर्ष तीन स्थान हात पार्ने टोलीले क्रमश: एक लाख, ७५ हजार र ५० हजार रूपैयाँ नगद पुरस्कार पत्र प्राप्त गर्नेछन्। प्रत्येक खेलको 'प्लेयर अफ दी म्याच' लाई पाँच हजार नगद पुरस्कार प्रदान गरिने छ।

यसैगरी प्रतियोगिताको उत्कृष्ट डिफेन्डर, उत्कृष्ट गोलरक्षक, सर्वाधिक स्कोरकर्ता र उदीयमान खेलाडीलाई जनही १० हजार रूपैयाँ नगदबाट पुरस्कृत गरिने छ।

प्रतियोगिता सञ्चालन गर्न करिब ३५ लाख रूपैयाँ खर्च हुने जानकारी हक्की संघकी महासचिव सुवर्ण श्रेष्ठले दिइन्। प्रतियोगिता सञ्चालन गर्न सञ्चालन गर्न राष्ट्रिय खेलकुद परिषद्, धुलिखेल नगरपालिका र विभिन्न संघ संस्थाले सहयोग गर्ने बताइएको छ।

पाँच दिने प्रतियोगिताका खेलहरू काभ्रेको धुलिखेल खेलकुद मैदानमा हुनेछ। हक्की संघले प्रशिक्षक तथा निर्णायकलाई समयानुकूल परिष्कृत गर्दै लैजाने उद्देश्यले प्रतियोगिताका क्रममा एसियन हक्की महासघंको सहयोगमा एएचएफ टेक्निकल अफिसियल कोर्स पनि सञ्चालन गर्नेछ।

# उत्तर कोरियाद्वारा ब्यालेस्टिक मिसाइल प्रक्षेपण

**सोल–** उत्तर कोरियाले दक्षिण कोरियाको पूर्वी तटनजिकै समुद्रमा एउटा अज्ञात ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको सोलको सेनाले सोमबार बताएको छ। उक्त मिसाइल प्योङयाङले यस वर्ष परीक्षण गरेको शृंखलामा पछिल्लो हो ।

दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफले जापान सागर पनि भनिने जल क्षेत्रको नाम लिँदै भने, 'उत्तर कोरियाले पूर्वी सागरमा अज्ञात मिसाइल प्रक्षेपण गरेको छ ।' टोक्योले पनि प्रक्षेपणको पुष्टि गरेको छ । जापानी रक्षा मन्त्रालयले सामाजिक सञ्जाल एक्समा भनेको छ, 'उत्तर कोरियाबाट संदिग्ध ब्यालेस्टिक मिसाइल प्रक्षेपण भएको थियो ।' जापानको तटरक्षकले मन्त्रालयलाई उद्धृत गर्दै प्रारम्भिक घोषणाको लगत्तै उक्त मिसाइल पहिल्यै खसेको देखिएको बताएको थियो ।

सार्वजनिक प्रसारक एनएचकेलगायत जापानी सञ्चारमाध्यमले अज्ञात सरकारी स्रोतहरूलाई उद्धृत गर्दै संदिग्ध मिसाइल जापानको विशेष आर्थिक क्षेत्रबाहिर खसेको बताएका छन् ।

सोलस्थित विशेषज्ञ साइट एनके न्युजले भनेको छ, 'छोटो उडान समय, सम्भवत: १० मिनेटभन्दा कम, छोटो दूरीको ब्यालेस्टिक मिसाइल (एअआरबिएम) वा ६०० मिमी मल्टिपल लञ्च रकेट सिस्टम (एमएलआरएस) को प्रक्षेपण भएको संकेत गर्दछ ।'

गत महिना रुसले आणविक हतियार सम्पन्न मुलुक उत्तर कोरियाविरुद्ध संयुक्त राष्ट्रसंघको प्रतिबन्धको अनुगमनलाई खारेज गरेपछि पछिल्लो प्रक्षेपण भएको हो । प्योङयाङको सहयोगी मस्कोले आफ्नो आणविक र हतियार कार्यक्रमका लागि किम जोङ उनको सरकारमाथि लगाइएको प्रतिबन्धको उल्लंघनको राष्ट्रसंघीय अनुगमनलाई प्रभावकारीरूपमा अन्त्य गर्न मार्चमा राष्ट्रसंघीय सुरक्षा परिषद्मा भिटो प्रयोग गरेको थियो ।

उत्तर कोरियाले रणनीतिक क्रुज मिसाइलका लागि डिजाइन गरिएको 'सुपर-लार्ज वारहेड' को शुक्रबार परीक्षण गरेको राज्य मिडियाले बताएको छ। सोलको सेनाले उसले करिब सोही समयमा क्रुज मिसाइल प्रक्षेपण भएको पत्ता लगाएको पुष्टि गरेको छ।

आफ्नो ब्यालेस्टिक समकक्षीहरूको विपरीत उत्तर कोरियामाथि हालको राष्ट्रसंघीय प्रतिबन्धअन्तर्गत क्रुज मिसाइलको परीक्षण प्रतिबन्धित छैनन्। क्रुज मिसाइलहरू जेटद्वारा सञ्चालित हुन्छन् र अधिक परिस्कृत ब्यालेस्टिक मिसाइलहरूको तुलनामा कम उचाइमा उड्छन् । यसबाट तिनीहरूलाई पत्ता लगाउन र रोक्न कठिन हुन्छ ।

उत्तर कोरियाले युक्रेनमा प्रयोग गर्नका लागि रुसमा पठाउनुअघि क्रुज मिसाइलहरूको परीक्षण गर्न सक्ने विश्लेषकहरूले चेतावनी दिएका छन् । उत्तर कोरियाली नेता किमले राष्ट्रसंघले प्रतिबन्ध लगाए पनि मस्कोमा हतियार पठाइरहेको वासिंटन र सोलको दाबी छ। प्योङयाङले युक्रेनमा प्रयोग गर्नका लागि हतियारले भरिएका करिब सात हजार कन्टेनर मस्कोमा पठाएको सोलले दाबी गरेको छ ।

धेरै हदसम्म एक्लो परेको उत्तर कोरियाले हालै मस्कोसँगको सैन्य सम्बन्धलाई बलियो बनाएको छ । साथै उसले यसै महिना आफूविरुद्धको अन्तर्राष्ट्रिय प्रतिबन्धको अनुगमन गर्ने संयुक्त राष्ट्र विशेषज्ञहरूको एउटा प्यानलको नवीकरणलाई रोक्नका लागि भिटो प्रयोग गरेकामा रुसलाई धन्यवाद दिएको छ । उत्तर कोरियाले परीक्षणमा पनि तीव्रता दिएको छ । उसले अप्रिलको प्रारम्भमा नयाँ मध्यमदेखि लामो दूरीको ठोस इन्धन हाइपरसोनिक मिसाइलको परीक्षण गरेको दाबी गरेको छ। यसै वर्ष प्योङयाङले दक्षिण कोरियालाई आफ्नो 'प्रमुख सत्रु' घोषणा गरेको छ । पुनर्मिलन र पहुँचका लागि समर्पित एजेन्सीहरूलाई अलग गरेको छ र '०.००१ मिमी' क्षेत्रीय उल्लंघनमासमेत युद्धको धम्की दिएको छ ।

गत वर्ष उत्तर कोरियाले सन् २००६ देखि लागू राष्ट्रसंघीय प्रतिबन्धलाई बेवास्ता गर्दै तथा वासिङ्टन र सोलको चेतावनी भए पनि रेकर्ड संख्यामा मिसाइल परीक्षण गरेको थियो। प्योङयाङले सन् २०२२ मा आफैंलाई 'अपरिवर्तनीय' आणविक हतियार सम्पन्न मुलुक घोषणा गरेको छ। *रासस/एएफपी*

# उत्तरपूर्वी भारतका अवरुद्ध मतदानस्थलमा फर्किए मतदाता

**गुवाहाटी (भारत)–** गत साता हिंसाका कारण मतदानमा अवरोध पुगेपछि उत्तरपूर्वी भारतीय राज्यमा केही मतदानस्थलमा मतदाताहरू सोमबार कडा सुरक्षाकाबीच मतदानमा फर्केका छन्। शुक्रबार राष्ट्रिय निर्वाचनमा मतदानको पहिलो दिन हतियारधारीहरूले मणिपुर राज्यका करिब तीन हजार मतदान केन्द्रमध्ये ११ को चुनावी मेसिनमा क्षति पुऱ्याएपछि भारतीय निर्वाचन अधिकारीहरूले ती मतदान केन्द्रको परिणामलाई रद्द गरेका थिए ।

राज्य अधिकारीहरूका अनुसार कम्तीमा छ वटा मतदान केन्द्रमा सशस्त्र व्यक्तिहरूले मत हाल्न प्रयोग गरिने इलेक्ट्रोनिक भोटिङ मेसिन तोडेका थिए। सन् २०२३ देखि मणिपुर राज्य दुई प्रमुख जातीय समूहबीचको जातीय हिंसाले आक्रान्त भएको छ। भीडले गाउँहरूमा तोडफोड गर्दै आगो लगाएपछि करिब २०० मानिस मारिएका छन् भने ६० हजारभन्दा धेरै विस्थापित भएका छन् ।

हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
J.P. Overseas Pvt. Ltd.
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com

डोल्पो बुद्ध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल
जनहितमा जारी सन्देश
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासा देखाउनु हुन्छ । गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ । सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरू गरौं । ■ कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं । ■ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं । ■ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सम्य नागरिकको भूमिका निर्वाह गरौं ।,
- घर निर्माण गर्नुअगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं । ■ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं । ■ घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन,संरक्षणको लागि पहल गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै ता किएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं । ■ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।

श्री कार्मा छोइवेल गुरुङ, अध्यक्ष
श्री मन बहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत
श्री पेम्मा धोर्चे गुरुङ, उपाध्यक्ष
गाउँ कार्यपालिकाको कार्यालय, धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
MEHANDI OVERSEAS PVT. LTD.
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

हार्दिक शुभकामना
प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको १० वर्ष सफलतापूर्वक पूरा गरी ११औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
श्री जनक रावल
अध्यक्ष
प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल
Progressive Forum of Foreign Employment Association Nepal
Gaushala-8, Pingalasthan, Kathmandu
Tel. No. 01-4464301

जहाँ रहे पनि विदेशबाट पठाएको पैसा सजिलै प्राप्त गर्न
IME pay
IME International Money Express
Google Play
App Store
SCAN & DOWNLOAD

# मलेसियाबाट...

पुग्ने काम हुन थाल्यो तब कम्पनीका म्यानेजरसँग डिसकस हुन थाल्यो । त्यसपछि बल्ल २०० रिंगिट तलब त बढाइदियो ।'

तर त्यतिले केवलको चित्त बुझेन । नोकरजस्तो महसुस गर्नुपरेको थियो उनले । त्यस्तो हेपाइ सहनुभन्दा आफ्नै देशमा फर्केर केही गर्ने सोच बनाउन थाले । अन्ततः उनी मलेसियाको रोजगारी छाडेर स्वदेश फर्किए । 'कम्पनीले ओभर टाइम त थपिदियो तर आत्मसम्मान गुमाएर त्यहाँ बस्न मनले मानेन् । म आफ्नै ठाउँमा यति मिहेनत गरेर यो भन्दा बढी कमाउँछु भनेर घर फर्कें,' केवलले सुनाए ।

तर, विदेशबाट फर्केपछि भने गाउँको अवस्था उनले पहिलेजस्तो देखेनन् । अर्को संघर्ष सुरु भयो उनको । 'मेरो देश, गाउँ र यहाँका मान्छे उही थिए तर म चार सालमै नयाँ भइसकेको थिएँ । न कोहीसँग चिनजान, न कतै पहुँच न आफ्नो पहिचान थियो । यहाँ आएर त म अलपत्रजस्तो महसुस भयो,' उनले विगत सम्झिँदै भने ।

पढाइ नभएकै कारण पनि त्यस्तो भोग्नुपरेको अनुभव केवलको थियो । विदेशमा त्यही कुराको अभाव खड्किएको थियो उनलाई । चार वर्ष मलेसियामा काम गरेर फर्किएका केवल फेरि पढाइलाई निरन्तरता दिने निर्णयमा पुगे । कक्षा ११ मा भर्ना भए । नियमित कक्षामा उपस्थित भएर मिहेनतका साथ पढे । कक्षा १२ पास गरेर स्नातकमा पढाइ सुरु गरे । यसले उनमा मनोबल बढायो ।

त्यही सिलसिलामा 'आसमान नेपाल' नामक गैरसरकारी संस्थामा उनले काम गर्ने अवसर पाए । विदेशबाट त उनले धेरै कुरा सिकेकै थिए, त्यस संस्थामा आबद्ध हुँदा जिन्दगी, समाज र सपना साकार गर्ने बाटो भेट्टाएको उनी बताउँछन् । 'विदेशमा देखेको जति व्यापार म त यहाँ गर्न सक्दिनथें तर मलाई सानै भए पनि व्यापार गरेर जीवन निर्वाह गर्नुपर्छ, अगाडि बढ्नुपर्छ भन्ने मनमा आयो । अनि मैले धेरै सोच विचार गरेपछि गाउँमा टेलिभिजनको केबल (तार) जडान गर्ने व्यवसायमा हात हालें,' केवलले भने, 'डिभाइन स्ट्रिममा 'मेरो टिभी' सँग सम्झौता गरेपछि उसले मलाई लिंक दियो । त्यसकै आधारमा गाउँमा मैले केबल ल्याएँ र घरघरमा शुल्क लिएर जडान गर्न थालें ।' सुरुआतको दुई/तीन वर्ष घाटा नै लाग्यो । किनकि त्यतिबेला गाउँमा धेरैसँग टेलिभिजन नै थिएन । भएकाहरूले पनि पैसा खर्च गरेर केबल जडान गराउन चाहेका थिएनन् । जब व्यवसाय घाटामा गइरहेको थियो त्यतिबेला फेरि वैदेशिक रोजगारीमा गएर पुँजी बढाउने र त्यसपछि व्यवसाय गर्ने सोच उनमा आयो । तर यसअघि मलेसियामा भोगेको दुःख सम्झेर पछि हटे । थप मिहेनत गर्दै सेवाग्राही थप्न थाले । जसको परिणाम, देखिन थाल्यो । बिस्तारै आम्दानी बढ्न थाल्यो ।

सुरुमा उनी आफैं तार जडान गर्न जान्थे । व्यापार फस्टाउँदै गएपछि उनले चारजनालाई रोजगारी दिए । व्यापार बिस्तार गर्दै गए । अहिले केवलले इलेक्ट्रोनिक पसलसमेतमा गरी पाँचजनालाई रोजगारी दिएका छन् । विभिन्न इन्टरनेट कम्पनीहरूसँग सम्झौता गरी गाउँ-गाउँमा इन्टरनेट बिस्तार गरे । अहिले उनीसँग इन्टरनेटको मात्रै करिब १५ सय ग्राहक पुगेका छन् ।

व्यवसायमा सफल हुन समयअनुसार आफूलाई परिवर्तन गर्दै अघि बढ्नुपर्ने उनी बताउँछन् । टेलिभिजन र इन्टरनेटको केबल व्यापारबाट इलेक्ट्रोनिक्स व्यवसायतर्फ केवलको पाइला अघि बढेको छ । 'पहिले सीधा वायर (तार)बाट मात्रै टिभी चल्थ्यो । अहिले सेटअप बक्सबाट चल्छ । केही समयअघिसम्म हरेक गाउँमा ९० प्रतिशत टेलिभिजन केबलबाट चल्थे र यस क्षेत्रमा मेरो मार्केट थियो, जबकि अहिले १० प्रतिशत टेलिभिजनमात्रै केबलबाट चल्छ,' आफ्नो सफलताको कथा सुनाउँदै केवल भन्छन्, 'इन्टरनेट र केबलको व्यापार त छँदै छ त्यसबाट कमाएको पैसाले मैले घडेरी किनें, घर बनाएँ र बैंकबाट लोन (ऋण) लिएर अर्को व्यापार पनि सुरु गरें । इलेक्ट्रोनिक्स सामानको व्यापार पनि अहिले धेरै राम्रो चलेको छ ।'

इलेक्ट्रानिक्स व्यवसाय गर्नुअघि उनले धेरै व्यक्तिसँग सल्लाह गरे । कतिपयले अहिले आर्थिक मन्दी रहेकाले तत्कालै यति धेरै लगानी नगर्न सुझाव दिए भने कतिले यस्तै अवस्थामा मौका हुने भएकाले जोखिम लिएर व्यवसाय सुरु गर्न सुझाए । कतिपयले सहरी क्षेत्रमा व्यापार गर्न भने । सबैको सल्लाह सुने तर उनले आफ्नै मनमा लागेको निर्णय लिए । 'व्यापारमा गएपछि कसरी भविष्य सुरक्षित हुन्छ त्यो आफैं सोच्नुपर्छ । सहरमा त सबैले गरेका छन् लगानी ग्रामीण क्षेत्रमा गर्नुपर्छ र कस्टमर (ग्राहक) यहीँ क्षेत्रमा पनि धेरै भएकाले मैले घरमै व्यापार सञ्चालन गरें,' उनले थपे, 'म गाउँका मानिसलाई डिलरकै हिसाबले रिटेलमा समान बेचिरहेको छु । किनकि यहाँ मलाई घरभाडा तिर्नु पर्दैन । जनकपुरमा व्यापार गरेको भए त्यहाँ समान बेच्दा घरभाडा नै एक लाखभन्दा बढी लाग्थ्यो । त्यो सबै जोडेर लिँदा महँगोमा बेच्नुपर्थ्यो ।' अहिलेको समयमा व्यापार गर्न कतिको सहज छ त ? 'सहज त छैन तर सहज बनाउनुपर्छ । हरेक बिजनेसले तनाव दिन्छ । प्रेसर आउँछ तर प्रेसर सहने स्थिति बनाउनुपर्छ,' उनको जवाफ छ, 'यहाँ प्रायः डिमोटिभेट गर्ने मान्छे बढी भेटिन्छन्, तिनीहरूबाट सावधान हुनुपर्छ । पोजिटिभ सल्लाह दिने मान्छे कमै भेटिन्छ । तर, राम्रो गर्ने योजना र आँट भएपछि बैंकले पनि सहयोग गर्ने रहेछ । पहिला बैंकबाट ऋण पाउन कठिन थियो तर अहिले छैन । अवस्था सुध्रिँदै छ ।'

व्यवसायमा सफल हुन मिहेनतसँगै काममा इमान्दार हुनु आवश्यक रहेको उनको बुझाइ छ । 'व्यापारमा पछि पर्नुको आधार नै मिहेनत नगर्नु हो । मिहेनत गर्न हिचकिचाउनु हुँदैन,' केवलले युवाहरूलाई सुझाव दिँदै भने, 'जोसँग जे क्षमता छ त्यो लुकाएर नराख्नुस् । त्यसलाई प्रयोगमा ल्याउनुस् ।'

विदेशमा गर्ने जति मिहेनत गरे स्वदेशमै राम्रो कमाई गर्न सकिने उनको अनुभव छ । तर जोखिम मोल्ने आँट गर्नुपर्छ । 'मलाई विदेश गएर चार वर्ष बिताएकोमा पश्चाताप छैन । किनकि त्यतिबेलाको अवस्था त्यस्तै थियो । नगएको भए परिवार चलाउन नै हम्मे पर्थ्यो,' युवाहरूलाई प्रेरित गर्दै केवल भन्छन्, 'अहिले त्यस्तो अवस्था छैन । नयाँ आइडिया ल्याएर विजनेस गर्ने हो भने यहाँ धेरै राम्रो सम्भावना छ ।'

वैदेशिक रोजगारीबाट फर्केर व्यवसायमा सफल बनेका केवल अहिले बनिनिया गाउँमा उदाहरणीय पात्र बनेका छन् । उनको प्रगतिबाट परिवारमा खुसी त छाएको छ नै, युवाहरूसमेत आफ्नै गाउँमा उद्यम व्यवसाय गर्न प्रेरित भएका देखिन्छन् ।

> " विदेशमा गर्ने जति मिहेनत गरे स्वदेशमै राम्रो कमाई गर्न सकिने उनको अनुभव छ । तर जोखिम मोल्ने आँट गर्नुपर्छ । नयाँ आइडिया ल्याएर व्यवसाय गर्ने हो भने यहाँ धेरै राम्रो सम्भावना छ । व्यवसायमा सफल हुन मिहेनतसँगै काममा इमान्दार हुनु आवश्यक रहेको उनको बुझाइ छ । युवाहरूलाई उनको सुझाव छ- जोसँग जे क्षमता छ त्यो लुकाएर नराख्नुस् । त्यसलाई प्रयोगमा ल्याउनुस् । "


हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररुपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जलस्रोत तथा सिंचाइ
विकास डिभिजन, झापा



हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

TARGET
CONSULTANT HUMAN RESOURCES (P) LTD
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal
Tel: +977- 015911250/015911251, FAX:+977-015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रूकुम पश्चिम, कर्णाली प्रदेश, नेपाल

जनहितमा जारी सन्देश

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं । २. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं । ३. चुरोट बिंडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं । ४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं । ५. आगलागीका घटना भएमा तत्काले दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं । ६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं । ७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं । ८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं । ९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं । १०. वन तथा जंगलमा डढेलो नलगाऔँ, जनधन र वनको संरक्षण गरौं । ११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं । १२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं । १३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं । १४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं, १५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं, १६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं १७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।

| श्री रवी केसी | श्री मणि राज शाह | श्री धन कुमारी शाही |
|---|---|---|
| नगर प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | नगर उपप्रमुख |

नगर कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश, रूकुम पश्चिम, नेपाल



हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररुपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री किसन प्रधान
अध्यक्ष

नेपाल वैदेशिक रोजगार नेवाः समाज, परिवार
पानीपोखरी, काठमाडौं



हार्दिक शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको १०औं वर्ष सफलतापूर्वक पार गरी ११ औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
Nepal Association of Foreign Employment Agencies (NAFEA)
तिलगंगा, काठमाडौं



हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

डिभिजन वन कार्यालय
झापा, कोशी प्रदेश, नेपाल

## विदेशबाट फर्किएर कृषि कर्म :

# कालिज हुर्काउँदै, तरकारी फलाउँदै



रामकुमार शाही



*तस्बिर सौजन्य: राजु लामिछाने*

> कर्णाली प्रदेशअन्तर्गत रुकुम पश्चिम जिल्लाको मुसिकोट नगरपालिका-२ सिस्नेखोलाका गणेश खड्का (४८) वैदेशिक रोजगारीबाट फर्किएर आफ्नै गाउँमा कृषि फार्म चलाइरहेका छन् । साउदी अरेबियामा सात वर्ष र मलेसियामा साढे चार वर्ष बिताए । मलेसिया बस्ने क्रममा नेपालमा कृषि पेसामा अनुदान पाइने समाचार पढे । "गर्न सके स्वदेशमै सुन फल्छ" भन्नेखालका समाचारले उनको मन मलेसियामा अडिएन । स्वदेश फर्किए । र, कृषि फार्म सञ्चालन गर्ने निर्णयमा पुगे ।

जीवनको यो समयसम्म आइपुग्दा धेरै उनले घामपानी खप्नुपर्‍यो । कहिले अरेबियाको चर्को घाम र बालुवासँग पौंठेजोरी खेले भने कहिले 'गाडी साहु' समेत बन्न पुगे ।

जीवन हो, अनेक आरोह अवरोह छिचोल्दै अघि बढ्नको विकल्प हुँदैन । जे-जे आउँछ भोग्नैपर्छ । उनले यस्तै सोचे । र, निरन्तर संघर्ष गरिरहे । जुन आज पर्यन्त चलिरहेको छ । परक यत्ति हो, उनी अहिले आफ्नै परिवारसँग आफ्नै आँगनमा रमाइरहेका छन् । आफ्नै बारीको माटोसँग खेलिरहेका छन् । आफ्नै पाखाको पानीले प्यास मेटिरहेका छन् ।

जीवनका पत्रहरू रिलजस्तै घुम्छन् मथिङ्गलमा । कर्णाली प्रदेशअन्तर्गत रुकुम पश्चिमको मुसिकोट नगरपालिका-२ सिस्नेखोलाका गणेश खड्का (४८), सोच्छन्- अहो ! जीवनमा के-के गरिएन ।

उनी २०५५ पुस १६ गते साउदी अरेबिया पुगे । साउदीको तातो गर्मी सहँदै परिवार र आफ्नो भविष्यका खातिर पसिना बगाइरहे । त्यसअघि गाउँघरमा खेतीबारीकै काम गर्ने उनी 'थोरै भए पनि कमाउने' सपना बोकेर साउदी अरेबिया हानिएका थिए । सबै कुरा सोचेजस्तै त कहाँ हुन्छ र ! तर, खड्को अरेबिया बसाइँ औसतमा राम्रै रह्यो । सुरुमा ४४ महिना साउदी बसेर आएका उनी फेरि अर्को पटक ४० महिना बिताए । केही रकमको जोरजाम पनि गरे ।

सात वर्ष साउदीमा बिताएका उनले अब स्वदेशमै केही गर्छु भन्ने सोचेर फर्किए । छोराहरू हुर्किंदै थिए । जिम्मेवारी बढ्दै थियो । विदेशबाट फर्केपछि उनले २०६२ सालमा किराना पसल थाले । खाद्यान्न र पेयपदार्थ बेच्न थाले । भन्छन्- रुकुममा सुरुमा चिसो (पेयपदार्थ) खुवाउने मै हुँ ।

पछि छिमेकीहरूले पनि उनको सिको गरे । उनको जस्तै व्यवसाय थाले । सानो ठाउँमा प्रतिस्पर्धा धेरै हुन थाल्यो । व्यापारमा मन्दी आएपछि उनले ऋणसाहु गरेर तीनवटा जिप किने । केही समय जिप चलाए । पछि ती जिप बेचेर एउटा बस किने । त्यही बीचमा रुकुमको सल्ले बसपार्ककमा होटलसमेत सञ्चालन गरे । यातायात व्यवसाय र होटल व्यवसायबाट पनि उनको चित्त बुझेन । अन्ततः दुवै व्यवसायबाट हात झिके ।

अब के गर्ने ? सोचे- फेरि विदेश नै जान्छु । दुई छोरा र श्रीमतीलाई छाडेर उनी मलेसिया हानिए । करिब साढे चार वर्ष मलेसियामा बिताए । उमेर घर्किंदो थियो । मनले परिवारको साथ खोज्न थाल्यो । हुर्किरहेका छोराहरूसँगै बस्न पायो हुन्थ्यो भन्ने लाग्न थाल्यो ।

(क्रमशः पृष्ठ ८ मा)

**छार्का ताङसोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कर्णाली प्रदेश, डोल्पा, नेपाल**

**जनहितमा जारी सन्देश**

- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासा देखाउनु हुन्छ । गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ । सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरू गरौं । ■ कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं । ■ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं । ■ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।,
- घर निर्माण गर्नुअगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं । ■ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं । ■ घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै ता किएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं । ■ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।

श्री अमरराज सेजुवाल — प्रमुख प्रशासकिय अधिकृत
श्री कर्मा दुण्डुप गुरुङ — उपाध्यक्ष
श्री सेनांङ गुरुङ — अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय, कर्णालि प्रदेश, डोल्पा, नेपाल

**हार्दिक बधाई तथा शुभकामना**

प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

पूर्वाधार बिकास कार्यालय
झापा

**सुन्छहरी गाउँपालिका**
गाउँ कार्यापालिकाको कार्यालय, लुम्बीनी प्रदेश, रोबाङ रोल्पा, नेपाल

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

उद्योग तथा व्यवसायीका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरूद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानी नोक्सानी विरूद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

धन बहादुर पुन मगर — अध्यक्ष
लालसिंह खड्का — प्रमुख प्रशासकिय अधिकृत
ननकला घर्ती — उपाध्यक्ष

गाउँ कार्यापालिकाको कार्यालय, लुम्बीनी प्रदेश, रोबाङ रोल्पा, नेपाल

**हार्दिक बधाई तथा शुभकामना**

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

AVION
Avion Human Resource Management Pvt. Ltd.
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 4584744, Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

**भोक्राहा नरसिङ्ग गाउँपालिका**
गाउँपालिकाको कार्यालय, कोसी प्रदेश, सुनसरी, नेपाल

**गाउँपालिकाको जनहितमा जारी सन्देश**

- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासा देखाउनु हुन्छ । गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ । ● सडक छेउ किनारामा निर्माण सामग्रीहरू नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरु गरौं । ● कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।, ● घर निर्माण गर्नुअगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं

अजमहल अख्तर मियाँ — अध्यक्ष
सुनिता कुमारी उराँव — उपाध्यक्ष

भोक्राहा नरसिङ्ग, गाउँपालिका, कोसी प्रदेश, सुनसरी.

११औं वार्षिकोत्सव

**हार्दिक शुभकामना**

प्रभाव राष्ट्रिय दैनिकले प्रकाशनको १० वर्ष सफलतापूर्वक पूरा गरी ११औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा प्रकाशन निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री कैलाश खड्का
अध्यक्ष

स्वास्थ्य व्यवसायी महासंघ
त्रिपुरेश्वर, काठमाडौं

# विदेशबाट...

मलेसिया बस्ने क्रममा नेपालमा कृषि पेसामा अनुदान पाइने समाचार पढे । 'गर्न सके स्वदेशमै सुन फल्छ' भन्नेखालका समाचारले उनको मन मलेसियामा अडिएन । स्वदेश फर्किए । र, कृषि फार्म सञ्चालन गर्ने निर्णयमा पुगे । अनि, २०७४ सालमा दर्ता गरे- शारदा सिस्ने जलजला कृषि कम्पनी प्रालि । त्यसपछि पाँचवटा टनेलमा तरकारी खेती र ५०० वटा ब्रोइलर कुखुराबाट इलम सुरु गरे । अहिले उनको कृषि फार्ममा करिब ८० लाख रूपैयाँ लगानी पुगिसकेको खड्का बताउँछन् ।

अहिले उनको कृषि फार्ममा विभिन्न प्रकारका मौसमी र बेमौसमी तरकारी, सागसब्जी तथा कालिज, टर्की, बट्टाइ, ब्रोइलर छन् । उनले बाख्रापालन पनि गरिरहेका छन् । खड्का यतिबेला तरकारी फलाउँदै, कालिज, बाख्रा हुर्काउँदै गरिरहेका छन् ।

## अनुदानले राहत, बजार नपाउँदा आहत

उनले व्यवसाय सुरु गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र पशु सेवा कार्यालयबाट केही रकम अनुदान पाए । जसले थोरै भए पनि राहतको काम गर्‍यो । कालिजको खोर निर्माणका लागि दुई लाख रूपैयाँ र टनेल निर्माणका लागि केही अनुदान पाए । अहिले उत्पादन पनि रहेको छ । तर, उनी एकातिर बजारको अभाव भोगिरहेका छन् भने अर्कोतिर अन्य विविध समस्यासँग जुध्नुपरेको छ । कहिले बाख्रा मर्छन्, कहिले कुखुरा । गत वर्ष ४६ वटा बाख्रा मरेको सुनाउने खड्का हालै एक हजार ३०० वटा कुखुरा मरेको बताउँछन् । गत फागुनमा एक हजार ३०० ब्रोइलर कुखुराका चल्ला हालेकोमा सबै मरेको उनले सुनाए ।

व्यवसाय सञ्चालन गर्दा धन्न जग्गाको भाडा तिर्नुपरेको छैन र, थोरै भए पनि राहत भएको छ । 'आफ्नै १६ रोपनी जति जग्गा थियो । त्यसमै तरकारी खेती र फार्म चलाइरहेको छु । भाडा तिर्नु परेको छैन । तर, सोचेजस्तो व्यवसाय भने भइरहेको छैन । कहिले बाख्रा मर्छन्, कहिले चल्ला मर्छन्,' खड्काले भने । उनको बारीमा तरकारीका अलवा साढे ८०० वटा कागती र डेढ सय वटा निबुवाका बिरुवा हुर्किरहेका छन् । कागती अघिल्लो वर्षदेखि हल्का फुल्न सुरु गरेका थिए । यसपटकदेखि फल दिने खड्काको आशा छ । निबुवा पनि फूल खेल्ने तयारीमा छन् । बैंक र लघुवित्तको गरेर करिब ३५/४० लाख रूपैयाँ ऋण रहेको बताउने खड्का वार्षिक कारोबार भने पाँच/छ लाख रूपैयाँको मात्र हुने गरेको सुनाउँछन् । उनको बारीको उत्पादन स्थानीय बजारका अलवा दाङ र नेपालगञ्ज जस्ता ठूला बजारमा पनि पुग्ने गरेको छ । 'तरकारीको बजारीकरणको समस्या छ । स्थानीय बजारमा सस्तोमा बेच्नुपर्छ । अहिले पनि डोकोमा बोकेर तरकारी बेच्ने गरेका छौं । अलिअलि चाहिँ दाङ, नेपालगञ्जका व्यापारीले लैजान्छन्,' खड्काले भने ।


## काम गर्ने जनशक्ति छैन

तरकारी खेती, कालिज, ब्रोइलर र बाख्रा पालनसमेत गरिरहेका खड्का दम्पत्तीलाई काममा भ्याइनभ्याइ छ । कान्छा छोरा सानै छन् । बल्ल ९ कक्षा पास गरे भने जेठा छोरा काठमाडौंमै अध्ययन गरिरहेका छन् । यति ठूलो व्यवसाय धान्न खड्का दम्पत्तीलाई धौ-धौ छ । गाउँमा काम गर्ने मान्छेको अभाव छ । सिजनको बेला दैनिक ज्यालादारीमा केही मान्छे काममा आउने भए पनि नियमित खटिने कामदार उनले अहिलेसम्म पाएका छैनन् । 'काम गर्ने मान्छे नै पाइँदैन । तरकारी लगाउने बेला ज्यालादारीमा केही मान्छे पाइन्छन् । काम गर्ने मान्छे भेटिए त तलबै दिएर राख्ने मन थियो । अहिलेसम्म कोही पनि भेटिएको छैन,' खड्का भन्छन् ।

यतिमात्र होइन, उनले अन्य समस्या पनि भोगिरहरेका छन् । आफ्नो फार्मसम्मको पहुँचमार्ग खड्का आफैंले तीन लाख रूपैयाँ खर्च गरेर बनाए । तर, त्यसलाई स्तरोन्नति गर्न सकेका छैनन् । नियमित नहुने बत्तीका कारण ब्रोइलर र कालिज पालनमा समस्या भइरहेको छ । सिँचाइ सुविधा नहुँदा तरकारी खेतीलाई असर परिरहेको छ । 'बत्ती नियमित छैन । आउने-जाने गरिरहन्छ । यसले गर्दा कालिज र ब्रोइलर पालनमा समस्या भइरहेको छ,' गणेश भन्छन्, 'सिँचाइको भरपर्दो सुविधा पनि छैन । धाराको पानीलाई पोखरीमा जम्मा गरेर सिँचाइ गरिरहेका छौं ।'

## होमस्टे चलाउने रहर

खड्काले अब होमस्टे चलाउने सोच बनाएका छन् । अहिले पनि उनकोमा पुग्ने पाहुना (ग्राहक)हरूलाई खाने व्यवस्था त गर्छन् तर, बस्ने व्यवस्था छैन । सदरमुकाम आसपास र छिमेकी जिल्लाबाटसमेत उनको फार्ममा कालिज, बट्टाइ खानका लागि पुग्छन् । उनीहरूलाई आवश्यकताको आधारमा खाना, नास्ताको व्यवस्था पनि हुन्छ । अन्य दिनभन्दा शनिबार र सार्वजनिक बिदाको दिन पाहुनाहरूको आगमन बढ्ने गरेको उनको अनुभव छ । तर, बासको समस्या भएकाले अब होमस्टेकै रूपमा चलाउँदा व्यवसाय प्रवर्द्धन र पाहुनाहरूको आकर्षण बढ्थ्यो कि भन्ने उनलाई लागिरहेको छ । 'उमेर पनि विस्तारै ओरालो लाग्दै छ । अब कतै जाने सोचेको पनि छैन । जे गर्न सकिन्छ यहीँ गर्छु । पाहुनाहरूको सजिलोका लागि होमस्टे सञ्चालन गर्ने कि भन्ने सोंच बनाएको छु । हेरौं के कसो हुन्छ,' गणेशले भने ।




गौरिगन्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोसी प्रदेश, झापा, नेपाल
जनहितमा जारी सन्देश
१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौं । २. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं । ३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं । ४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं । ५. आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं । ६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं । ७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं । ८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं । ९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं । १०. वन तथा जंगलमा डढेलो नलगाऔँ, जनधन र वनको संरक्षण गरौं । ११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं । १२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं । १३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं । १४. छतका गमालाहरु सुरक्षित रुपमा मिलाएर राखौं, १५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं, १६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं १७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।
श्री फुलवती राजवंशी — अध्यक्ष
श्री पुजन न्यौपाने (कुवर) — उपाध्यक्ष
गाउँ कार्यपालिकाको कार्यालय, कोसी प्रदेश, सुनसरी, नेपाल



हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



सानिभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रूकुम पश्चिम, कर्णाली प्रदेश, नेपाल
जनहितमा जारी सन्देश
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासा देखाउनु हुन्छ । गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ । सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरू गरौं । ■ कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं । ■ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं । ■ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।,
- घर निर्माण गर्नुअगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं । ■ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं । ■ घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन,संरक्षणको लागि पहल गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै ता किएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं । ■ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
श्री विर्ख बहादुर विष्ट — अध्यक्ष
श्री दिपक बुढाथोकी — प्रमुख प्रशासकीय अधिकृत
श्री कमला रोका पुन — उपाध्यक्ष
गाउँ कार्यपालिकाको कार्यालय, रूकुम पश्चिम, कर्णाली प्रदेश, नेपाल



AGRICULTURE
HOME
PERSONAL
BUSINESS
We take care of your INTEREST with our loan products.
The true worth of money is when you can have it, when you need it the most. Come to Goodwill for your loan needs and we will take care of it.
गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था
Corporate Office
Hattisar, Kathmandu, P. O. Box: 8867
Tel: 4544039, Fax: 4543414
Email: info@goodwill.net.np
Branches
Dillibazar 4422290, Indrachowk 5329554, Bhaktapur 6620067, Kumaripati 5408690, Tripureshwor 5331533, Nayabazar 5910738, Itahari, Sunsari 025-587051, Birtamod 023-530548, Nepalgunj 081-532056
Ghorai, Dang 082–563350, Ilam 027-520949, Phidim 024-521068, Butwal 071–537282, Bardibas 044–550102, Dhangadi 091-417357, Nawalpur 046-570060, Gaindakot 078-501411, Bhairahawa 071-590963
www.goodwillfinance.com.np
financing for success..... since 1995



हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
ALL SKILLS INTERNATIONAL HUMAN RESOURCE PVT.LTD.
MAHARAJGANJ-03, BASUNDHARA, KATHMANDU, NEPAL
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com,
Website : www.allskillsintl.com



CITY EXPRESS GROUP
CITY EXPRESS MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर
जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस
विदेशबाट ढुक्कसँग आफ्नो परिवारलाई सिटी एक्सप्रेस मार्फत पैसा पठाउनुहोस्।
City आयो, Express पायो।
हाम्रा विशेषताहरू:
२५,000+ स्थानहरूबाट रकम प्राप्त गर्न सकिने।
५00+ सिटी एक्सप्रेस एक्सक्लुसिभ काउण्टरहरू।
तुरुन्तै जुनसुकै बैंक खातामा जम्मा हुने।
खाता विवरण प्रमाणित गरिने भएकोले जोखिम मुक्त रहेको।
सिटी पे वालेटमा जम्मा गर्न सकिने।
सुलभ ग्राहक सेवा।
टेलिफोन र SMS द्वारा ग्राहकलाई सुचना दिईने।
विश्वासिलो र भरपर्दो।
cityPAY
Scan & Download cityPAY
#Cityआयो
+977 1 5970224/5970225 | Toll Free No..: 16600 11 12 13
www.ctxpress.com  ctxpressmt  cityexpressmt  cityexpressmt

# कोरियाको अनुभवमा फुलाउँदै कृषि फार्म



मोहनप्रसाद पन्त

दक्षिण कोरियामा करिब पाँच वर्ष काम गर्दा महेश ढकाललाई लागिरहन्थ्यो, यत्तिको मिहेनत आफ्नै देशमा गरे के नहोला ? साथीहरूसँग पनि यही कुरा हुन्थ्यो । कृषिमा लगानीको अवसर रहेकोबारे विमर्श हुन्थ्यो । अन्ततः नेपाल फर्किएर कृषिमा लगानी गर्ने सल्लाह भयो । सन् २०१३ मा इपिएस भाषा परीक्षा पास गरेर कोरिया पुगेका महेशले पहिलो चरणको भिसा सकिएसँगै त्यहाँको बसाइ टुंग्याए ।

खोटाङ जिल्लाको साकेला गाउँपालिका-२ स्थायी घर भएका महेश अहिले साथीहरूसँग मिलेर कृषि फार्म चलाइरहेका छन् । भक्तपुरको सूर्यविनायकमा सञ्चालित रसिलो एग्रिकल्चर नेपाल प्रालि महेशसँगै निलराज फुयाल, जितेन्द्र बानियाँ र दुर्गाप्रसाद फुयालको साझेदारीमा स्थापना भएको हो । स्थानीय/रैथाने कृषि उत्पादनलाई आम उपभोक्तासम्म पुर्‍याउने उनीहरूको मुख्य लक्ष्य छ । प्रस्तुत छ उक्त कृषि फार्म र वैदेशिक रोजगारीका सम्बन्धमा महेश ढकालले प्रभावसँग साटेका अनुभवः

(क्रमशः पृष्ठ त मा)

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, रूकुम पश्चिम, नेपाल

जनहितमा जारी सन्देश

- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासा देखाउनु हुन्छ । गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ । सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरू गरौं । ■ कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं । ■ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं । ■ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सम्य नागरिकको भूमिका निर्वाह गरौं ।,
- घर निर्माण गर्नुअगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं । ■ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं । ■ घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन,संरक्षणको लागि पहल गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै ता किएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं । ■ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।

श्री गणेश कुमार केसी — अध्यक्ष
श्री प्रेम बहादुर घर्ती — प्रमुख प्रशासकिय अधिकृत
श्री राजकुमारी रेउले — उपाध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय कर्णालि प्रदेश, रूकुम पश्चिम, नेपाल

हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Inspire International Employment Pvt. Ltd.
INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com




थबाङ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय,
लुम्बिनी प्रदेश, थबाङ, रोल्पा, नेपाल

जनहितमा जारी सन्देश

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं । २. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं । ३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं । ४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं । ५. आगलागीका घटना भएमा तत्काले दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं । ६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं । ७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं । ८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं । ९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं । १०. वन तथा जंगलमा डढेलो नलगाऔं, जनधन र वनको संरक्षण गरौं । ११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं । १२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं । १३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं । १४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं, १५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं, १६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं १७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।

श्री ऋषि केशव बुढा मगर — अध्यक्ष
हेमराज घर्ती मगर — प्रमुख प्रशासकिय अधिकृत
श्री सर्मिला बुढा मगर — उपाध्यक्ष

गाउँ कार्यापालिकाको कार्यालय, लुम्बिनी प्रदेश, थबाङ, रोल्पा, नेपाल



# कोरियाको...

हामी केही साथी मिलेर कृषि उत्पादन, प्रशोधन र वितरणको काम गर्नेगरी रसिलो एग्रिकल्चर नेपाल प्रालि स्थापना गर्‍यौं । हामीले ओखलढुंगामा ७०० रोपनी जग्गा भाडामा लिएर स्थानीय कृषि उत्पादन गरिहेका छौं । यसको संकलन, प्रशोधन तथा वितरणका लागि भक्तपुरको सूर्यविनायक नगरपालिका-४ स्थित दुई रोपनी क्षेत्रफलको जग्गा लियौं र काम गर्न थाल्यौं । चारजना पार्टनर भएर एक करोड रूपैयाँबाट काम सुरु गरेका हौं । पछिल्लो समय हाम्रो लगानी पाँच/छ करोडको हाराहारीमा पुगेको छ ।

हामीले कृषि उत्पादन तथा वितरणको काम थालेपछि किसानले परम्परागत रूपमा उत्पादन गर्दै आएका रैथाने गेडागुडी हाम्रै कम्पनीले खरिद गर्ने गरेको छ । कतिपय किसानसँग उनीहरूले गरेको उत्पादन लिने सम्झौता पनि गरेका छौं । स्थानीय तहमा थुप्रै पालिकासँग पनि स्थानीय उत्पादनलाई बजारमा पुर्‍याउने उद्देश्यले सम्झौता गरेका छौं । किसानलाई आफ्नो उत्पादनको मूल्य पनि अग्रिम तोकिदिएका छौं । बाली लगाउनु अगाडि नै किसानलाई कृषि उत्पादनको मूल्य निर्धारण गरिएको हुन्छ । सोहीअनुरूप नै हामीले किसानसँग खाद्यसामग्री संकलन गरेर बजारीकरण गर्ने काम गरिरहेका छौं ।

हामीले कोरियाबाट फर्किंदा जुन उद्देश्य लिएर आइएको थियो, यहाँ त्यो भन्दा भिन्न थियो । कोरिया एउटा सिस्टममा चलेको छ । त्यहाँ कृषि उत्पादन गर्छौं भन्यो भने त्यसको उत्पादन आफ्नो मुलुकले धान्न सक्छ सक्दैन, बजार कस्तो छ भनेर राज्यले नै अनुगमन गरेपश्चात् उपभोक्ताको मागअनुसार आवश्यकता हेरेर निश्चित स्थान तोकेर मात्रै उद्योग वा व्यवसाय सञ्चालन गर्न दिने व्यवस्था छ । व्यवसाय सञ्चालनका लागि राज्यले नै सुविधा दिने गर्छ । नेपालमा पेसा व्यवसाय गर्ने कुनै मापदण्ड छैन । बाख्रापालन गर्छौं भन्दा बाख्रा पाल्ने ठाउँ कहाँ हो भन्ने राज्यले छुट्याउनै सकेको छैन । जस्तोः कृषि उत्पादनमा राजमा, मासलगायतका गेडागुडी कुन भेगमा बढी उत्पादन हुन्छ भनेर छुट्याउन सके अझै सजिलो हुन्थ्यो । सुरुआती चरणमा यसो गर्न सकिन्छ कि भनेर विभिन्न निकायमा पनि पुग्यौं तर सोचेअनुरूप भएन । आफ्नै पहलमा अहिले उत्पादनलाई ध्यान दिँदै जाँदा कुन भेगमा कुन उत्पादन बढी हुँदो रहेछ भन्ने पनि थाहा पाइयो ।

सुरुआती चरण हाम्रो परिश्रम, लगानी, अनुभव खेर जाने हो कि भन्ने पनि भयो । चारजना कामदारबाट काम सुरु गरिएको कठिन समय थियो त्यो । काम गर्दै जाँदा महिनाको १५/२० लाख रूपैयाँसम्मको बिक्री हुन थाल्यो । यसबाट उत्साहित हुँदै हामीले अझै सम्भावनाहरू पहिल्याउँदै गयौं र अथाह अवसर रहेछ भन्ने पनि जानकारी लियौं । यतिखेर मासिक एक करोड रूपैयाँको कारोबार गरिरहेका छौं भने ५० जना जतिलाई प्रत्यक्ष रोजगारीसमेत दिएका छौं ।

कम्पनी खोलेको चार/पाँच वर्षमा जति बुझियो त्यतिले मात्र पर्याप्त छैन । कृषि उत्पादनका लागि हामी अझै पनि बुझ्दै छौं । किसानले उत्पादन गरिरहने तर बजार र मूल्य नपाउने अवस्था भएका ठाउँहरूमा हामी पुग्न सकिरहेका छैनौं । यतिखेर नेपाली कृषि उत्पादनका खाद्यसामग्रीहरू संकलन, प्रशोधन र वितरणमा कम्पनीले जोड दिएको छ । किसानबाट उत्पादन भएका कृषि सामग्रीहरू जम्मा गर्न ठाउँठाउँमा संकलन केन्द्रहरू राखेका छौं । स्थानीय रूपमा उत्पादन भएका खाद्यसामग्री उपभोक्ताका लागि एकदमै राम्रो भएको प्रतिक्रिया पाएका छौं । जहाँ हामीले कृषि उत्पादनलाई पुर्‍याएका छौं, त्यहाँबाट निरन्तर थप माग आइरहेको छ । पहिलोपटक ५० हजार रूपैयाँको खाद्यसामग्री अर्डर गर्ने पसलले दोस्रोपटक ७० हजार, तेस्रोपटक एक लाख रूपैयाँको अर्डर गरिरहेको अवस्था छ । हाम्रो उत्पादनमा उपभोक्ताको विश्वस बढ्दै गइरहेको पाएका छौं ।

हामीलाई हाम्रो उत्पादन कता लैजाउँ, के गरौं भन्ने अवस्था छैन । सजिलै बजारीकरण भइरहेको छ । थप उत्पादन र संकलनका लागि पालिकाहरूसँग मिलेर लागिरहेका छौं । विभिन्न प्रदेशमा समन्वय गरेर विदेशबाट फर्किएकाहरूको विवरण संकलन गर्ने र खेतीयोग्य जमिनमा उत्पादन गराउने उद्देश्यले हामी अघि बढिरहेका छौं । विभिन्न पालिकाहरूसँग सम्झौता नै गरेर त्यहाँ उत्पादन हुनेजति दलहन, गेडागुडी सबै हामी लिन तयार छौं । यसका लागि पालिकाले किसानलाई विश्वस्त बनाउने काम गरोस् र पालिकालाई विश्वस्त बनाउने काम हामी गर्छौं । राज्यबाट केही कठीनाइहरू भोगे पनि केही मात्रामा सुविधा पाएका छौं । सरकारले थोरै भए पनि सहुलियतपूर्ण कर्जा दिएको छ । हामीले काम गर्दै गर्दा हाम्रो कामको अनुगमन तथा मूल्यांकन गरेर सरकारले गत वर्ष पुरस्कृतसमेत गरेको छ । नेपालमा अथाह सम्भावना छ, थोरै मिहेनतमा पनि धेरै फाइदा लिन सकिने अवस्था छ । जुन क्षेत्रमा काम गर्छु भने पनि उत्तिकै सम्भावना र उपलब्धिपूर्ण छ ।

कोरियामा काम गरेर फर्किएका हाम्रो सशक्त टिम बनेको छ । यो टिममा अहिलेसम्म कुनै विचलन आएको छैन । एकदमै आत्मीयता र विश्वासका साथ काम गरिरहेका छौं । हाम्रो कामको रफ्तार र बजारीकरणलाई नजिकबाट नियालेका शुभेच्छुक र उपभोक्ताबाटै यसको दायरा फराकिलो पार्नुपर्ने सुझाव आइरहेको छ । उहाँहरूको सुझावलाई मध्यनजर गर्दै निकट भविष्यमा रसिलो एग्रिकल्चर नेपाललाई पब्लिक कम्पनी बनाएर देशैभरिका युवालाई समेट्दै अगाडि बढ्ने तयारीमा छौं ।

नेपालमा केही गर्न सकिएन भन्दै विदेश जाने सोच बनाएका युवालाई हामीसँग जोडिएर काम गर्न पनि आग्रह गर्छौं । दलहन गेडागुडी उत्पादनमा लागे त्यसको व्यवस्थापन र बजारीकरण हामी गर्छौं र आम्दानीको सुनिश्चितता दिन्छौं ।

अहिले नेपालीहरू विदेश जानु एउटा 'ट्रेण्ड'जस्तै भइसकेको छ । नेपालीहरूको मनोविज्ञान बुझ्दा उद्योगी, व्यवसायी बन्नुभन्दा कसैको काम गर्न बढी इच्छुक भएको देखिन्छ । युवाहरू विदेशिनु राज्य व्यवस्थाकै कमजोरी हो । युवाहरूलाई नेपालमै केही गर्न सकिन्छ, सम्भावना छ भन्ने थाहा हुँदाहुँदै पनि लगानीका लागि पैसा नहुँदा निराश भएर विदेशिनु पर्ने बाध्यता छ । यसलाई रोक्न सरकारले उद्यम/व्यवसाय गर्ने युवालाई अनुदानभन्दा पनि सहुलियतपूर्ण कर्जा उपलब्ध गराएर स्वदेशमै रोजगारी सिर्जना गराउन बाटो निर्माण गर्नुपर्छ ।


हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal
Tel: +01-5914513, Website: www.paradeshioverseas.com.np
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com

हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

KALIKA HUMAN RESOURCE PVT LTD
Basundhara, Kathmandu, Nepal
Tel: +977-01-4987803 ,4965281
Email: kalikahuman1331@gmail.com
Web: www.kalikahuman.com.np

इटहरी उपमहानगरपालिका
उपमहानगरपालिकाको कार्यालय, कोसी प्रदेश, सुनसरी, नेपाल

इटहरी नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायीका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्वन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्वन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाइसकेपछि नियमित रूपमा फेरवदल गर्नुपर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरूद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानी नोक्सानी विरूद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

हेमकर्ण पौडेल
नगरप्रमुख

संगीता कुमारी चौधरी
उपप्रमुख

इटहरी उपमहानगरपालिका, कोसी प्रदेश, सुनसरी, नेपाल

बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

KnC
Govt. license 699/063/64
K & C INTERNATIONAL PVT. LTD
Kathmandu-2, Lazimpat.
Tel : 01- 4440636, 4440633
Email : recruitment@yesknc.com, yesknc@gmail.com

हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Govt. license. 83/053/54
TOKHA MUNICIPALITY-5
BASUNDHARA-5, KATHMANDU, BAGMATI
TEL NO. 01- 4359905/4385829/4385832
mobhiraoverseas222@gmail.com

हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Govt.license. 814/065/66
SAGARMATHA INTERNATIONAL EMPLOYMENT (P) LTD.
(K.B. INTERNATIONAL EMPLOYMENT (P) LTD.)
Kathmandu Metropolitian City-9,
shambhu marga, Airport, Kathmandu
Tel : 015916758, E-mail : infokbintl@gmail.com

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राजस्व अनुसन्धान विभाग
हरिहर भवन, ललितपुरको अनुरोध

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System –VCTS) को सफ्टवेयर तयार गरी २०८१ श्रावण १ गतेबाट संचालनमा रहेको छ । एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा भन्सार विन्दुबाट आयात भएको मालवस्तुको हकमा प्रज्ञापनपत्र र स्थानिय मालवस्तुको ढुवानि भएको मालवस्तुको विलबिजक र मौज्दात स्थानान्तरणको हकमा चलान संलग्न गरी Vehicle & Consignment Tracking System –VCTS मा अनिवार्य रुपमा प्रविष्ट गरी उल्लेखित कागजातहरु साथैमा राखेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध छ । यस स्क्रृत्क मा प्रविष्ट नगरी समान ओसार पसार गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

VCTS सम्बन्धी कुनै समस्या भएमा

टेलिफोन नं.:०१-5444745 टोल फ्रि नम्बर:१६६०-०१-५५००० 
IT SUPPORT –9849398914, 9810106929
EmailM– vcts@dri.gov.np मा e–mail गर्नु हुन ।

## विदेशको सीप र पुँजीको उपयोग

# मोजा उद्योग चम्काउँदै चार रिटर्नी



✍ मोहनप्रसाद पन्त

मुलुकबाट रोजगारीका दैनिक विदेशिने युवाहरूको तथ्यांकले सबैलाई अत्याइरहेको छ । युवा जनशक्ति धमाधम विदेश पलायन हुनु चिन्ताकै विषय हो । तर, तिनै युवाहरूले भित्र्याएको पुँजी (रेमिट्यान्स)ले अर्थतन्त्र धानेको यथार्थ लुकेको छैन । वैदेशिक रोजगारीमा गएका युवाहरूले पुँजीमात्र भित्र्याएका छैनन्, सँगै सीप पनि लिएर आएका छन् । राज्यले यस्तो पुँजी र सीपलाई सही रूपमा उपयोग गर्न सकिरहेको छैन । यद्यपि, आफ्नै प्रयासमा त्यसको थालनी गर्ने क्रम भने बढ्दो छ । यसैको एउटा उदाहरण बनेको छ काठमाडौं बालाजुमा स्थापित छिन्नु मल्टिपर्पोज प्रा.लि. । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू मिलेर सुरू गरेको यो कम्पनीले मोजा उत्पादन गरिरहेको छ ।

दोलखाको तामाकोशी गाउँपालिका–३ लप्से स्थायी घर भएका सुवर्ण पोखरेल अहिले उक्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत छन् । उनी सन् २०१३ मा इपिएसमार्फत दक्षिण कोरिया पुगेका थिए । पाँच वर्ष कोरियामा काम गरेर फर्किएका उनी अहिले आफूजस्तै 'रिटर्नी'हरूसँग मिलेर मोजा उद्योग चलाइरहेका छन् । सुवर्णसँगै कोरियामा काम गरेका कमलप्रसाद बास्तोला, मलेसियामा १२ वर्ष काम गरेका अशोकराज रेग्मी र कोरियाबाटै फर्किएका शान्तराम न्यौपाने साझेदार बनेर उद्योग स्थापना गरेका हुन् । अहिले यो उद्योगबाट दैनिक तीन हजार ६०० भन्दा बढी मोजा उत्पादन हुने गरेको सुवर्ण बताउँछन् । स्वदेशमै केही गर्नुपर्छ भन्ने हुटहुटी लिएर फर्किएका उनीहरूको प्रयासले सार्थकता लिँदै छ । विदेशबाट फर्किएर उदाहरणीय काम गरेको भन्दै गत वर्ष श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले ७५ हजार राशिको पुरस्कारबाट पुरस्कृत गरेको थियो । प्रस्तुत छ उद्यममा जुटेका यी नै चार युवामध्येका एक सुवर्ण पाखरेलले प्रभावसँग साटेका अनुभवः

देशमा रोजगारीको अवसर नहुँदा अरूजस्तै मैले पनि विदेश रोज्नुपर्‍यो । इपिएस भाषा परीक्षा पास गरेर दक्षिण कोरिया जाँदा कमलजीसँग भेट भयो । नेपालको एयरपोर्टदेखि सँगै गएको हामी सँगै फर्कियौं । कोरियामा जाँदादेखि जोडिएको त्यो सम्बन्ध आज उद्यम गर्दासम्म कायम छ ।

कोरियामा पाँच वर्षको भिसा सकिएपछि इलिगल (अवैध) रूपमा बसेर कमाउने सोच नआएको होइन । कोरियाको कमाईले जग्गा जोडिसकेको थिएँ । केही समय बस्न पाए घर बनाउन सकिन्थ्यो भन्ने लागेको थियो । तर कमलजीले सम्झाउनुभयो । उमेर भइञ्जेल विदेशमा मात्रै बसेर हुँदैन, नेपालमै गएर केही गर्नुपर्छ भन्नुभयो । उहाँकै कारण दुवैजना सँगै फर्कियौं ।

यहाँ आएपछि के गर्ने भन्ने अन्योलमा परियो । त्यसपछि 'एक्सपोर्ट इम्पोर्ट' व्यवसाय गर्ने कि भनेर हामी धेरै ठाउँ पुग्यौं, घुम्यौं । आर्थिक अवस्था पनि त्यति बलियो होइन, पैसाको कमी नै थियो । तर, एक्सपोर्ट इम्पोर्ट व्यवसायमा ठूलै पुँजीको आवश्यकता पर्थ्यो । आर्थिक पाटोलाई भरथेग गर्न कोरियाबाटै फर्केका एक जना साथीलाई पार्टनरको रूपमा भित्र्यायौं । त्यसपछि कमलजी र म चीन गयौं । सोलार, भ्याकुम, फिल्टर जस्ता सामान ल्याएर बेचौं भन्ने योजनाका साथ गएका थियौं ।

त्यहाँ पुगेपछि हाम्रो मनस्थिति बदलियो । मोजा कम्पनी चलाउने योजना बन्यो । चीनमा मोजा कम्पनी हेरियो, यहाँ आएर चलाउन राम्रै दक्षता हासिल गरेको हुनुपर्ने देखियो । प्राविधिक रूपमा हामीलाई केही थाहा थिएन । पहिलो चरणमा सरसर्ती बुझेर आयौं ।

कुनै काम सुरु गर्दा त्यससम्बन्धी जानकार हुनुपर्छ, दक्षता हासिल गर्नुपर्छ । त्यो यथार्थलाई आत्मासात् गर्दै म पुनः चीन गएँ, तालिम लिन । १५/२० दिनको तालिम लिएँ । कम्पनीका लागि चाहिने मेसिन र कच्चा पदार्थ अर्डर गरेर नेपाल फर्किएँ । त्यसको तीन महिनापछि मेसिन र मोजाका लागि चाहिने कच्चा पदार्थ आइपुग्यो ।

त्यसपछि सुरुमा पेप्सीकोला काँडाघारीमा सानो ठाउँ लिएर काम थाल्ने निधो गर्‍यौं । सबै चिज तयार भइसक्यो तर पनि काम गर्न सकिन्छ भन्ने 'कन्फिडेन्स' आएन । त्यसपछि कोरियामा हुँदा जोडिएको एउटा फेसबुक ग्रुपमा एक जना टेक्निसियन चाहियो भनेर विज्ञापन हालें । त्यो विज्ञापन हालेपछि एक जना साथीले मलेसियामा मोजासम्बन्धी काम गरेका अर्को साथी (अशोकराज) लाई जोडिदिनुभयो । उहाँको दक्षता अनुसार हाम्रो सानो कम्पनीले तलब दिनसक्ने अवस्था नदेखेपछि उहाँलाई सेयर होल्डर बनेर काम गर्न प्रस्ताव गर्‍यौं । हाम्रो प्रस्तावलाई उहाँले स्वीकार्नुभयो । उहाँसँग मलेसियामा मोजा कम्पनीमै १२ वर्ष काम गरेको अनुभव थियो, जसले हाम्रो आत्मबल बढायो । उहाँको दक्षता र अनुभवको हामी सबैले फाइदा लिन सक्ने भयौं ।

हामीसँग अहिले सक्षम टिम बनेको छ । मिहेनत पनि राम्रै गरेका छौं । ठूलै कम्पनीको रूपमा विकास गरिरहेका छौं । मैले प्रमुख कार्यकारीको भूमिका निर्वाह गरिरहेको छु । बालाजुस्थित दुई रोपनी क्षेत्रफलमा उद्योग सञ्चालन गरेका छौं । अहिले २८/२९ जनाले रोजगारी पनि पाएका छन् । उद्योगमा महिलाहरुलाई मात्रै रोजगारी दिइएको छ । हाल दैनिक विभिन्न डिजाइनका ३०० दर्जन हाराहारीमा मोजा उत्पादन हुने गरेको छ । नेपाली बजारमा बाहिरबाट आएको भन्दा पनि सस्तो राम्रो र गुणस्तरीय मोजा बिक्री वितरण गरिरहेका छौं । नेपालमा भएका मोजा कम्पनीमध्ये हाम्रो कम्पनी उत्कृष्ट छ भन्ने उपभोक्ताले नै प्रमाणित गरिदिएका छन् । यतिखेर हामीसँग मोजा उत्पादन गर्ने १५ वटा मेसिन छन् । यी मेसिन यहाँ सामान्यतया चल्दै आएका ५० वटा मेसिनले उत्पादन गर्नेभन्दा बढी संख्यामा उत्पादन गर्ने क्षमताका हुन् । बजारको मागअनुसारको डिजाइनमा मोजा उत्पादन र वितरण गर्न सक्षम भएका छौं । बजारका लागि भौतारिनु परेको छैन ।

हामी विदेशबाट फर्किनेलाई सरकारले विभिन्न सुविधा सहुलियत दिने भनेको छ । तर यसको कुनै उपभोग गर्न पाइएको छैन । राज्यले अलिलकति

(क्रमशः पृष्ठ त मा)




हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मुक्तिनाथ अधिकारी
प्रबन्धक निर्देशक
तथा
GOLDEN GATEWAY INTERNATIONAL P. LTD
Govt. license 1443/074/75
Kathmandu N.P.-9, Sinamangal, Kathmandu
Tel : 4465667
Email : ranakeshar334@gmail.com

बुद्धशान्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोसी प्रदेश, झापा, नेपाल

जनहितमा जारी सन्देश

- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासा देखाउनु हुन्छ । गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ । सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरू गरौं । ■ कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं । ■ जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं । ■ महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।,
- घर निर्माण गर्नुअगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं । ■ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं । ■ घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन,संरक्षणको लागि पहल गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै ता किएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं । ■ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।

श्री मनोज प्रसाई — अध्यक्ष
श्री भवानी प्रसाद खतिवडा — उपाध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय, कोसी प्रदेश, झापा, नेपाल

सुनवर्षी नगरपालिका
नगरपालिकाको कार्यालय, कोसी प्रदेश, मोरङ, नेपाल

सुनवर्षी नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायीका लागि :

१. विक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू बिक्री गर्नु परेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाइसकेपछि नियमित रूपमा फेरवदल गर्नुपर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरूद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानी नोक्सानी विरूद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

श्यामप्रसाद राजवंशी — नगरप्रमुख
मिरादेवी दास केवरत — उपप्रमुख

सुनवर्षी नगरपालिका, कोसी प्रदेश, मोरङ, नेपाल

नागरिक पेन्सन योजना

यस योजना अर्न्तगत आय आर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था, एवं प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन् ।

**बचत गर्न सकिने सीमा :**

यसमा सहभागी हुने बचतकर्ताहरूले न्यूनतम मासिक रू. ५००|- देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरूपमा रकम जम्मा गर्न सकिने विशेषता समेत रहेको छ । यस्तो किस्ता बुझाउँदा मासिक रू. ५००|- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ ।
बचतकर्ताले १५ वर्षको बचत नगर्दै त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन वा पेन्सनको रूपमा भूक्तानी लिन सक्नेछन् ।
कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रूपमा तोकिएको न्यूनतम किस्ताले हुने जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर काठमाडौं
पो. बक्सः ५८२३, फोन नः ०१-५९७०२०१
इमेलः info@nlk.org.np, वेवसाइटः www.nik.org.np

# मोजा उद्योग...



हेरिदिने अवस्था भएको भए राम्रो हुन्थ्यो । उद्योग कलकारखाना खोल्न छुट्टै स्थान उपलब्ध गराइदिने बतावरण बन्न सकेको छैन । भएका ठाउँहरुमा सिन्डिकेट छ, बोलवाला हुनेहरुले कब्जा गरिरहेका छन् । उद्योग कलकारखाना हुनुपर्ने ठाउँमा सर्भिस सेन्टर, डिलर, सप्लायर्सले ओगटिरहेका छन् । एउटा उद्योगीले उद्योग चलाउन व्यक्तिको जग्गा/घर भाडामा लिनुपर्ने अवस्था छ । कठिन अवस्थाका बावजुद पनि उद्योग चलाउनुपर्ने बाध्यता छ । राज्यबाट उद्योग व्यवसाय गर्नेलाई खासै उत्प्रेरणा मिलेको छैन ।

मोजा उद्योग कपडा उद्योगअन्तर्गत नपरेको भन्दै पाउनुपर्ने सहुलियतबाट वञ्चित गरिएको छ । बैंकबाट १५ प्रतिशत ब्याजदरमा ऋण लिनु परेको छ । धेरै ठाउँमा धाउँदा पनि मोजा उत्पादन कपडा उद्योगमा नपर्ने जवाफ पाइयो । जसका कारण सहुलियत कर्जालगायत पाउनुपर्ने अन्य सुविधा पाउन सकिएन ।

हामीले धागोबाट मोजा बनाउँछौं । हाम्रो मोजा उद्योग कृषिमा आधारित छ । केरा, कटन, सिस्नु, अल्लो, गाँजालगायतका कच्चापदार्थबाट बनेको धागोबाट मोजा उत्पादन गरिन्छ । हाम्रो उत्पादन अप्रत्यक्ष रूपमा विदेशमासमेत निर्यात भइरहेको छ । पश्मिनाको मोजा बनाएर पठाएका छौं । पछिल्लो समय आर्थिक मन्दीले चाहेअनुरुसार बजारमा चहलपहल गर्न सकिएको छैन । राज्यले आयात गरी ल्याएका मोजामा मूल्यांकन बढाएर कर वृद्धि गरिदिए नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न र बजार पाउन सहज हुन्थ्यो ।

बजारको प्रतिस्पर्धा अनुसार चल्नुपर्ने भएकाले काम गरिरहेका मजदुरलाई सहज जीवनयापन हुनेगरी तलब दिन सकिएको छैन । थोरै तलबमा काम लगाउनु पर्दा आफैंलाई नमज्जा लागेको छ । यही उद्योग भनेर अन्य जायजेथा जोडिएको छैन । परिवारको सदस्यको मागबमोजिम चाहेर पनि एउटा घर बनाउन सकिएको छैन । यही उद्योगलाई नै जीवन ठानेर विस्तार गर्दै लगिरहेका छौं । नेपालमा मोजा इम्पोर्ट गर्नुपर्ने अवस्था नै छैन । राज्यले अलिकति सहुलियत दिने हो भने नेपाली उद्योगीले नै नेपाली बजारमा मोजाको माग धान्न सक्छौं । यहाँ व्यवसाय गर्नेले अनेक कठिनाइ झेल्नुपर्छ । उद्योग खोल्छु भनेको दिनदेखि कमिसनको चक्कर काट्नुपर्छ ।

यति हुँदाहुँदै पनि नेपाली उद्योगी व्यवसायीले काम गरिरहेका छन् । मात्र राज्यले प्रोत्साहन गर्न सकेको छैन । आफ्नै बलबुतामा नेपाली सेनाको उद्योग पनि हेरिरहेका छौं । त्यसलाई चाहिने पार्टस, कच्चा पदार्थ मेकानिकल इञ्जिनियर पनि हामीले उपलब्ध गराइरहेका छौं । मोटामोटी ५० लाख रूपैयाँबाट सुरु भएको उद्योगमा हाल दुई करोड रूपैयाँभन्दा बढीको लगानी छ ।

हाम्रो अथक मिहेनत र परिश्रमका कारण गत वर्ष श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले हामीलाई ७५ हजार रूपैयाँ राशिको पुरस्कार दिएको थियो । विदेशबाट फर्किएर स्वदेशमै उद्योग गरिरहेकाहरुलाई लक्षित गर्दै दिइने पुरस्कारमा हामीले पनि भाग लिएका थियौं । यसमा पनि चलखेल हुन्छ कि भन्ने लागेको थियो । तर पुरस्कार छनोट पारदर्शी र निष्पक्ष भएकाले हामीले पायौं भन्ने लाग्छ । यसले हामीलाई थप ऊर्जा दिएको छ ।

विदेश जानु सबै नेपालीको बाध्यता जस्तो भएको छ । मलाई फेरि पनि विदेश जाने अवसर नआएको होइन । अमेरिका र कोरिया जाने अवसर आएको थियो । आइडिया लगाएर काम गर्न सकियो भने नेपालमै अथाह अवसर छन् । त्यही अवसर देखेर मैले विदेशको चक्कर छाडिदिएँ । तर, यहाँ काम गर्छु भनेर मात्र हुँदैन । सीपले मात्रै पनि सबैथोक हुँदैन । पुँजीको सक्षमता र आइडिया पनि हुनुपर्छ । यसका लागि राज्यले सही नीति ल्याएर अवसर सिर्जना गर्नुपर्छ । नत्र रोजगारीका लागि विदेशिनुको विकल्प देखिँदैन ।

उद्योग कलकारखानामा काम गर्ने मजदुरलाई लिएर हुने राजनीति नियन्त्रण पनि आवश्यक छ । निश्चित क्षेत्र तोकेर उद्योग व्यवसाय सञ्चालन गर्न दिए नेपालमै रोजगारी सिर्जना हुनसक्ने प्रशस्त आधार छन् । सरकारको नीति नियम प्रभावकारी रूपमा कार्यान्वयन नभएका कारण नेपालीले दुःख पाइरहेका छन् । यसलाई सुधार गरे विदेश जानुपर्ने आवश्यकता नै पर्दैन ।


उर्लाबारी नगरपालिका
नगरपालिकाको कार्यालय, कोसी प्रदेश, मोरङ, नेपाल
उर्लाबारी नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना
उद्योग तथा व्यवसायीका लागि :
१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्ट रुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाइसकेपछि नियमित रुपमा फेरबदल गर्नुपर्नेछ ।
वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरूद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानी नोक्सानी विरूद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौँ ।
गंगा प्रसाद खरेल, नगर प्रमुख
मिनाकुमारी खतिवडा, नगर उपप्रमुख
उर्लाबारी नगरपालिका, कोसी प्रदेश, मोरङ, नेपाल



www.pfltd.com.np
उच्चतम प्रतिफलका साथ जोखिम बहन
Premium Saving Account





उच्चतम ब्याजदर
मासिक ब्याज भुक्तानी
न्यूनतम मौज्दात रु १,००,०००/-
- निःशुल्क DEMAT सुविधा
- निःशुल्क ATM Card
- Locker सुविधामा ५०% छुट
- रु. १०,००,०००/- बराबरको दुर्घटना बीमा सुविधा
- रु. ५०,०००/- बराबरको स्वास्थ्य उपचारको बीमा सुविधा
- निःशुल्क मोबाइल बैंकिङ, चेक क्लियरिङ, IPS, ASBA, लगायतका सुविधा
*शर्तहरु लागु हुनेछ ।
Progressive Finance Limited
प्रोग्रेशिभ फाईनान्स लि.
केन्द्रीय कार्यालय, तीनकुने, काठमाण्डौं । फोन नं. ०१-५१९९६६४/५१९९६६५/५१९९६६७



हार्दिक बधाई तथा शुभकामना
११औं वार्षिकोत्सव
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal
Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com, Web: www.muskanoverseas.com.np



भविष्य आफ्नै हातमा
जिम्मेवार भई बचत गर्न
ORANGE SAVINGS Plus





लक्ष्यमा सँग-सँगै
01-5970684, 4217070
www.laxmisunrise.com
Connect with us
Laxmi Sunrise



बधाई तथा शुभकामना
११औं वार्षिकोत्सव
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Trust Nepal Overseas (P.) Ltd.
Contact :
Chakrapath, Maharajgunj, Kathmandu, Nepal
G.P.O. Box : 8975 E.P.C.: 4196
Tel: 4377190/4377196/4370677,
Mobile: 9802021361,
Fax: +977-1-4379588
Email: info@trustnepal.com, management@trustnepal.com
Website: www.trustnepal.com

# मलेसियाको कमाईभन्दा कृषि कर्मबाट सन्तुष्ट



ललित बोहरा/भिम दाहाल

डडेलधुराको अमरगढी-७ सल्ला गाउँका बहादुर बोहरा (५२) ले व्यावसायिक तरकारी खेती थालेको करिब नौ वर्ष भयो। परम्परागत खेतीलाई आधुनिक प्रविधिमार्फत व्यावसायिक शैलीमा ढालेका उनी अहिले त्यसैबाट आत्मनिर्भर बनेका छन् । आलु, बन्दा, काउली, टमाटर, रायो, मुला, सिमला, खुर्सानीलगायत तरकारी फलाउने बोहरा अहिले आफ्नो बारीमा आलु हुर्काउँदै छन् ।

बोहरा यसअघि सात वर्ष मलेसियामा काम गरेर फर्किएका हुन् । रोजगारीको सिलसिलामा मलेसिया पुगेका उनले त्यहाँ धेरै हण्डर खानुपऱ्यो । त्यही दु:ख सम्झेर उनी अहिले आफ्नै गाउँमा कृषिकर्ममा रमाइरहेका छन् । 'मलेसियामा काम गर्नुभन्दा हजार गुना राम्रो छ यहाँको तरकारी खेती,' उनको सन्तुष्टि पोखियो, 'मलेसिया काम गर्दा महिनाको ३० हजार रूपैयाँ कमाइन्थ्यो। त्यो भन्दा बढी मालिकको हेपाइ सहनुपर्थ्यो।' यद्यपि, उनी वैदेशिक रोजगारीबाट जीवनको एउटा अनुभव लिएर फर्किए । त्यही अनुभवले गाउँमै तरकारी खेतीमा जम्न सफल भए ।

अहिले बोहराले करिब १० रोपनी जग्गामा जलवायुमैत्री खेती गरिरहेको छन् । श्रीमती डम्बरी बोहराले उनलाई दरिलो साथ दिएकी छन्। उनले तरकारी बेचेरै चार जना छोराछोरी पढाउनुका साथै कैलालीमा चार कट्ठा खेतीयोग्य जग्गा खरिद गरेर भाइलाई पनि कृषिमा लाग्न प्रेरित गरेका छन् । दाइको लोभलाग्दो कमाई देखेर भाइ कृष्णले रोजगारीका लागि विदेशिनेबारे सोच्नुपरेको छैन ।

सुरुमा सल्ले गाउँका ३० परिवारले तरकारी खेतीबाट सिजनमा करिब तीन लाख रूपैयाँसम्म आम्दानी गरिरहेका छन् । दुई ठाउँमा जग्गा भएका यहाँका कृषकले आलोपालो गरी तरकारी खेती गर्न थालेको करिब ३० वर्ष भयो। तर विषादी प्रयोगले माटोको उर्वरशक्ति सकिँदै गएको कृषकले थाहा पाएनन् । बाली चक्र अर्थात् बाली परिवर्तन गरेर लगाउने गरिए पनि उत्पादनमा बर्सेनि कमी हुँदै गएको अगुवा कृषक बोहराको भनाइ छ ।

'मैले विदेशमा हुँदा जलवायुमैत्री खेतीसम्बन्धी युटचुबमा हेरेको थिएँ । यहाँ आएर सरकारी निकाय र संस्थाहरुले सहयोग गरे । अहिले विषादीमुक्त खेती गरिरहेका छौं,' कृषक बोहराले भने, 'मेरो कमाई खाने यो खेतको माटो अलिअलि बिग्रेजस्तो लाग्दै गयो, विदेशको जस्तै चक्रीयरूपमा बाली लगाएका छौं तर पनि पहिलेको जस्तो उत्पादन हुँदैन ।'

## डडेलधुराका आठ गाउँमा जलवायुमैत्री खेती

अगुवा कृषक बोहराबाट प्रभावित भएर जिल्लाका आठ गाउँका किसान जलवायुमैत्री खेतीतर्फ लागेका छन्। जिल्लाको अमरगढी नगरपालिकाका चार र आलिताल गाउँपालिकाका चार गाउँका कृषक जलवायुमैत्री तरकारी खेतीमा लागेका हुन् ।

अमरगढीका-७ को सल्ला गाउँ, भटचाडी-१० को तल्लो बुढाली, वडा नम्बर २ को कुस्माली गरी चार गाउँ विषादीमुक्त तरकारी उत्पादनको क्षेत्रमा प्रवेश गरेको अमरगढी नगरपालिकाका कृषि शाखा प्रमुख रमेश भण्डारीले बताए । उनका अनुसार वडा नम्बर २ कुस्मालीका कृषकहरुले 'लि बर्ड'को सहयोगमा सिकाइ केन्द्रमार्फत विषादीको प्रयोग नगरी कसरी तरकारी फलाउन सकिन्छ भनेर खेतमै सिक्दै छन् ।

विदेशमा दु:ख नगरी कमाई हुन्छ भनेर विदेशिने लहर देखिएका बेला बहादुरले तरकारी खेती गर्नतर्फ युवाहरुलाई आकर्षित गरिरहेका छन् । बजारमा आउने विषादी प्रयोग गरेको तरकारी हटाउन उनको नेतृत्वमा गाउँका ३० परिवार लागि परेका छन् । युवाहरुले कृषक बोहराबाट विदेशिएर दु:ख पाउनुभन्दा स्वदेशमै काम गनुपर्छ भन्ने प्रेरणा लिनुपर्छ । उनको ज्ञान र अनुभवलाई लिएर अगाडि बढे सफल बन्ने देखिन्छ। स्थानीय, प्रदेश र संघ सरकारले पनि बहादुर बोहराजस्ता अगुवा कृषक प्रोत्साहित गर्ने कार्यक्रम ल्याउनुपर्छ ।

हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
LOTUS HUMAN RESOURCE PVT. LTD.
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal
Tel: +00977-1-49366177/4966189
Mobile: 985-1013334, Email: Info@lotushrnepal.com.np,
Web:Www.lotushrnepal.com.np

बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
White Horse International Pvt. Ltd.
New Baneshwor, Kathmandu, Nepal
Tel No: +977-1-4791108, 4792040
E-mail: wh.adm77427@gmail.com

हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
VISION & VALUE OVERSEAS PVT. LTD.
Contact:
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com
URL: www.vnvnepal.com

हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal
Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Govt. license. 330/059/60
Kaushik Janashakti International Pvt. Ltd.
Address: Pinagalasthan-8, Kathmandu, Nepal
Telephone: +977-1-4592279
Email: info@kjinepal.com, kaushikjanashakti2016@gmail.com
Website: www.kjinepal.com

हार्दिक बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
Mobhira HR SERVICES PVT. LTD.
Govt. Lic. No.: 1001/068/069
Your's Reliable HR Recruiting Agency
Contact :
Kathmandu, Nepal
Tel : + 977-1-4588855,4588856
Email: in@mobhirahr.com, mobhirahr@gmail.com
URL : www.mobhirahr.com



कर्मठ रिटर्नी मंगलबार, ११ वैशाख, २०८१ (Tuesday, April 23, 2024) प

# हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको **१० वर्ष पूरा गरी ११औं वर्षमा** प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।


AD CREW MEDIA PRIVATE LIMITED
Adress- Anamnagar, Kathmandu
Contact No- 015900267/9841330220
Email- adcrewmedia@gmail.com
Crew For all media Service

B&B Cyber/Communication
Basu Thapa Magar, Managing Director
Kalanki Chowk, Kathmandu

EVEREST AD. & EVENT MANAGEMENT
Tel: 015441875
Kupondole, Lalitpur, Nepal

Softy Hygiene
Naturally Soft

MEDIA SOLUTION PVT. LTD.
One stop solution for advertisement.
New Baneshwor, Thapagaon, Kathmandu, Nepal
01-5244014, 01-5244731
mediasol.nepal@gmail.com

v-chitra

ed media

Baron Media Ads Agency

Creative Media Print

Genesis Service Pvt. Ltd.
Arun Adhikari
Baluwatar, Kathmandu

विज्ञापन एजेन्सी
Bibek Paudyal, Managing Director
ग्लोबल मिडिया प्रा. लि.
Global Media Pvt. Ltd.
Anamnagar-29, Kathmandu

Blitz
www.blitz.com.np

WELCOME ADVERTISING & MARKETING
Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal
info@welcomeadnepal.com
www.welcomeadnepal.com

innovate
Innovate Media & Marketing
Anamnagar, Kathmandu, Nepal
Tel: 01 5705524

अतिरथ विज्ञापन एजेन्सी
गोलबजार-१ बतरिया, कैलाली

O.N.S. CREATIVE MEDIA PVT.LTD.
ANAMNAGAR, KATHMANDU
PHONE: 01-5705325

SAJILO MEDIA and Services (P.) Ltd.
Bagbazar, Kathmandu, Nepal.

S.S. Media Pvt. Ltd.
Sagar Regmi
E-mail: ssmedia016@gmail.com

Nepal Jagaran Media Pvt. Ltd.
Anamnagar, Kathmandu 01-4536964
nepaljagaran079@gmail.com

Aawashyak Media PRIVATE LIMITED

RAJENDRA Rana, Managing Director
Kapan, Kathmandu
"The future of advertising"

नवराज दहाल (धमिलाल), प्रबन्ध निर्देशक
सेवा केन्द्र मिडिया प्रा.लि.

Padam Raj Sanjyal, Managing Director
Innovative Media
Anamnagar, Kathmandu, Nepal

१०० % पास
नयाँ कक्षा ० लेबलबाट
DIPLOMATIC EDUCATION HUB
Abroad Study
Australia/Japan/Korea

जोईन मिडिया हाउस प्रा.लि.
Join Media House P. Ltd.
Anamnagar, Kathmandu, Nepal
Email: joinmediahouse@gmail.com

FUTURE HUB MEDIA
फ्युचर हब मिडिया मल्टिप्रपोज प्रा. लि.
Future Hub Media Multipurpose Pvt. Ltd.
Office Address : Anamnagar-29, Yakata Marga, Kathmandu
Email: futurehub2@gmail.com

राजेन्द्र प्रजापती, अध्यक्ष
राकेश प्रजापती, प्रबन्ध निर्देशक
MR ADVERTISING AGENCY PVT. LTD.
Tokha-1, KTM, E-mail: mradvtagency@gmail.com

हार्दिक बधाई शुभकामना
एड पोइन्ट प्रा.लि
Ad Point Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
01-4238054, 9851019329

JT Media Pvt. Ltd.
SUMAN SUBEDI, Managing Director
Dillibazar, Kathmandu, Nepal

Manaslu ADVERTISING & MEDIA PVT. LTD.
Newplaza, Kathmandu, Nepal
Phone No : 01-4436965, Fax: 01-4436965
Email : manasluad@gmail.com

Rainbow Media Pvt. Ltd.
Anamnagar, Kathmandu
Ph. No. : 01-4102510

Namaste Creation & Advertising Pvt. Ltd.
Santosh Paudyal, Managing Director
Graphic Designing, Advertising, Printing, Branding

Suman Poudel, Managing Director
GANDAKI MEDIA Pvt. Ltd.
गण्डकी मिडिया प्रा. लि.
Anamnagar-29, Kathmandu
E-mail: gandakiad@gmail.com
poudelsuman01@gmail.com

BAHAR MEDIA PVT. LTD.
बहार मिडिया प्रा.लि.
Thapagaun, New Baneshwor, Kathmandu
baharmedia17@gmail.com

Red Media Pvt. Ltd.
Shreedhar Acharya, Managing Director

Herald Media & Advertising Agency (P) Ltd.
हेराल्ड मिडिया एण्ड एडभरटाइजिङ एजेन्सी प्रा.लि.
बागबजार, काठमाडौं ।

Mhendo Media Pvt. Ltd.
Kathmandu-29, Nepal
Email : mhendomedia@gmail.com
Phone : 9851196829, 985108542

JYOTI ADVERTISING & MARKETING
Aloknagar, Minbhawan, Kathmandu
Email: jyotiad2011@gmail.com

Sanjeev Sodari, Managing Director
Third Eye Advertising Agency
A Complete Media Boutique

KATHMANDU MEDIA
A Complete Advertising Agency
Kiran Panta
Kathmandu
Tel.: 01-4425024/4438170

DILIGENCE CONSULTING PVT. LTD

SIGMA SERVICES PVT. LTD.

Akshaya Publication & G Media Pvt. Ltd.
EMAIL gmedia07@gmail.com
ADDRESS Kupondole, Lalitpur

KAROBARMEDIA Pvt. Ltd.

Raj Media & Marketing

युग पब्लिकेशन
नवयुग मिडिया
जोशन श्रेष्ठ, प्रबन्ध निर्देशक
joshanstha123@gmail.com

Global Media Home
विज्ञापन एजेन्सी
Arun Aryal, Managing Director
Maharajgunj, Panipokhari, kathmandu, Nepal
(Opp. of Japanese Embassy)
E-mail: globalmediahome@gmail.com

# वैदेशिक रोजगारबाट फर्किएर सरकारी जागिर

✍ रामकुमार शाही


कमलराज मगर

जाजरकोटको भेरी नगरपालिका-५, छिप्रेनाका कमलराज मगर (३२)ले जीवनमा निकै आरोह अवरोह भोग्नुपर्‍यो। मध्यम वर्गीय परिवारमा जन्मिएका उनले सानैमा बुवा गुमाए । एकातिर बुवाको अभाव, अर्कोतिर घरको आर्थिक अवस्था सामान्य ।

आमाले जसोतसो दुःख सुख गरेर हुर्काइन् । उसो त आमाको जिम्मेवारीमा कमलमात्र थिएनन्, उनीभन्दा अघि चार दिदी र एक दाजु पनि थिए । तीमध्ये एक दिदी शारीरिक अपांगताको समस्यासँग जुध्नुपर्ने बाध्यता । घरको कान्छो छोरा भए पनि ठूलो परिवारमा जन्मिएकाले उनीमाथि पनि पारिवारिक जिम्मेवारी थियो।

छिमेकी गाउँ ईबरस्थित ज्ञानोदय प्राथमिक विद्यालयबाट प्राथमिक तहको शिक्षा पूरा गरेका कमलले माध्यमिक शिक्षा गाउँकै विजय माध्यमिक विद्यालयबाट पूरा गरे । उनी पढाइमा औसत विद्यार्थी थिए । २०६३ सालमा एसएसली दिएका उनी नियमित पास हुन सकेनन् । उनकी दिदी भने पास भइन् । संयोगले दिदीभाइको एसएलसी एउटै वर्ष थियो ।

एसएलसीपछि कोही उच्च शिक्षाका लागि सहर पसे । कोही प्राविधिक शिक्षाका लागि सहर पसे । कमल पनि केही प्राविधिक शिक्षा पढ्न पाए हुन्थ्यो भन्नेमा थिए । खासगरी स्वास्थ्य क्षेत्रमा उनको रुचि थियो। किनकि उनका भिनाजुले कर्णाली प्राविधिक शिक्षालयबाट सिएमएको पढाइ सकेर गाउँमै मेडिकल चलाएर बसेका थिए । एकातिर गाउँमै बिरामीको सेवा, अर्कोतिर आर्थिक उपार्जन पनि हुने भएपछि कमलको पनि स्वास्थ्य क्षेत्रमा आकर्षण थियो ।

फलतः एसएलसीपछि उनले सिएमए अध्ययन गरे । दुई दिदीको बिहे भइसकेको थियो भने दाजु वैदेशिक रोजगारमा थिए । कमलले ऋणसाहु गरेरै भए पनि सिएमएसम्मको अध्ययन पूरा गरे । आफन्तहरुले अलिअलि भरथेग गरे। पढाइ त पूरा गरे तर, भन्नेबित्तिकै जागिर पाउने सम्भावना थिएन । यद्यपि, उनले केही समय जिल्ला स्वास्थ्य कार्यालय जाजरकोट र स्वास्थ्य चौकी दह (जुनिचाँदे गाउँपालिका, जाजरकोट)मा करार सेवामा काम गरे । तर, सीमित तलबले घर खर्च नै चल्न गाह्रो पर्ने भएपछि उनले जागिर छाडे । पढ्दा लागेको ऋण तिर्न र घर खर्च चलाउनकै लागि पनि कमल वैदेशिक रोजगारीमा जान बाध्य भए । फेरि केही ऋणसाहु गरेर उनी २०६९ सालमा मलेसिया हानिए ।

विदेशको ठाउँ सोचेजस्तो कहाँ हुन्थ्यो । मलेसियाको चर्को हावापानीमा उनलाई भिज्न गाह्रो भयो । बीचमै स्वदेश फर्किने नसोचेका पनि होइनन् । तर, घरपरिवारको समस्या र ऋण सम्झेर उतै मन अडचाए । मेलिसियाको पेरागमा उनले एक फाइबर कम्पनीमा काम थाले ।

'फाइबर कम्पनीमा डेढ वर्ष विशुद्ध कामदारका रूपमा काम गरेँ,' कमल भन्छन्, 'बाँकी डेढ वर्षचाहिँ सुपरभाइजरको रूपमा काम गरेँ । सुपरभाइजरका रूपमा काम गर्दाचाहिँ केही सहज भयो ।' भिसा अवधि सकिएपछि कमल २०७२ साल असोजमा स्वदेश फर्किए । अब उनका सामु दुईवटा विकल्प थिए । कि पढाइलाई निरन्तरता दिने, कि व्यापार व्यवसाय गर्ने । किनकि तीन वर्षको मलेसिया बसाइँले उनलाई अब फर्केर विदेश जान्नँ भन्ने दृढता जन्माइसकेको थियो । व्यापार व्यवसाय थाल्नु पनि जोखिम नै थियो । ठूलो लगानी जुटाउन पनि समस्या हुन्थ्यो । अन्ततः कमल पढाइलाई निरन्तरता दिने निर्णयमा पुगे । र, लोकसेवा आयोगको तयारीमा जुटे ।

त्यसको दुई वर्षपछि २०७४ सालमा उनी लोकसेवा आयोगको बागमती प्रदेश कार्यालयबाट सिएमए पदमा सरकारी जागिरेका रूपमा सिफारिस भए । उनले राहतको सास फेरे । जीवनमा सुखद् दिन कल्पिए । मिहेनतको फल पाउँदा खुसी नहुने कुरै थिएन । हाल उनी आफ्नै जिल्ला जाजरकोटमा सेवारत छन् । उनी शिवालय गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत छन् । 'जीवनमा अनेक दुःख भोगियो । हण्डर ठक्कर खाइयो । तर, अहिले एकखालको आत्मसन्तुष्टि छ । निरन्तर परिश्रम गर्ने हो र हरेश नखाने हो भने एकदिन सफल भइँदो रहेछ भन्ने लागेको छ,' कमल भन्छन्, 'मान्छेको जातै यस्तो हो सायदै सन्तुष्ट हुन्छ । तर, कमसेकम आफ्नै जिल्लामा सेवा गरिरहेको छु । सानो भए पनि सरकारी जागिर छ । म यसैमा सन्तुष्ट छु ।'

कमलजस्तै वैदेशिक रोजगारीबाट फर्किएर सरकारी जागिर गरिरहेका अर्का व्यक्ति हुन्, कौस्तुप चन्द । उनी पनि कमलकै छिमेकी अर्थात् भेरी नगरपालिका-५, छिप्रेनाकै हुन् । कौस्तुप पनि सामान्य परिवारमा जन्मिए । बुवा कामको सिलसिलामा भारत जान्थे । कौस्तुपका घरमा उनीअघि एक दिदी र एक दाजु थिए । तीन सन्तानको पढाइका लागि उनका बाआमाले पनि निकै दुःख गरे । बुवा गाउँमै ज्यामी काम गर्नेदेखि मजदुरीका लागि भारतसम्म पुग्थे । आमाले घर सम्हालिन् ।

२०६७ सालमा गाउँकै विजय माध्यमिक विद्यालयबाट एसएलसी दिएर पास गरेका कौस्तुप त्रिभुवन माध्यमिक विद्यालयबाट प्लस टू सकेर वैदेशिक रोजगारीका लागि २०७१ सालमा मलेसिया गए। त्यहाँ उनले एक कम्पनीमा सेल्सम्यानका रूपमा काम गरे । उनी एक वर्षभन्दा बढी समय त्यहाँ बस्न सकेनन् । २०७२ मै स्वदेश फर्किए । कम्पनी बन्द भएपछि फर्किनुपरेको उनले सुनाए । वैदेशिक रोजगारीबाट फर्किएपछि बचेखुचेको केही पैसाले उनले २०७३ सालमा सदरमुकाम खलंगामा जुत्ता चप्पलको पसल सुरु गरे । बुवालाई पनि कामका लागि भारत नजान बरु बाबुछोरा भएर त्यही पसल सम्हाल्न भने । बुवा पनि राजी भए । पसलसँगै उनले पढाइलाई पनि अघि बढाए । तर, पसल सोचेअनुसार चलेन । भाडा तिर्नै समस्या हुन थाल्यो । उनी पसल बेच्ने र अरू नै केही गर्ने सोच्न थाले ।

त्यही बेला सुरक्षा निकायमा (उनको अनुरोधमा सुरक्षा निकाय उल्लेख नगरिएको) जवानमा लागि भर्ना खुलिरहेको थियो । भर्नाका लागि उमेर र योग्यता दुवै भएकाले कौस्तुपले त्यसमा भिड्ने सोच बनाए । त्यतिबेलासम्म उनीसँगै पढेका साथीहरु कोही नेपाली सेना, कोही सशस्त्र प्रहरी बल नेपाल र कोही नेपाल प्रहरीमा जागिरे भइसकेको थिए । त्यसले पनि उनलाई फौजीतर्फ रुचि बढायो । अन्ततः उनले दरखास्त फाराम भरे ।

जुन निर्णय उनका लागि सुखद् रहयो । उनी भर्ना छनोटका सबै चरण पार गरेर सुरक्षा निकायमा सरकारी जागिरका लागि सिफारिस भए । 'राष्ट्रको सेवा गर्न पाउनु मेरा लागि त्यो नै सबैभन्दा ठूलो गौरवको विषय हो । आफ्नै देशमा परिवार तथा आफन्तजनबीच काम गर्न पाउँदा खुसी अनुभूति भइरहेको छ,' कौस्तुप भन्छन्, 'जुत्ता पसल राम्ररी चलेको भए म आज ठाउँमा हुने थिइनँ । अथवा विदेश नै मन परेको भए पनि यो ठाउँमा हुने थिइनँ । विदेशको दुःख र जुत्ता चप्पल पसलको असफलताले मलाई यो सुखद अवसर मिल्यो ।'


हार्दिक बधाई तथा
शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
Namo Buddha Recruitment Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal
Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

हार्दिक बधाई तथा
शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
API MANPOWER SOLUTIONS PVT LTD
KUSUNTI-14, LALITPUR, NEPAL
Tel:+977-01-5554927, 5554928
E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com

हार्दिक बधाई तथा
शुभकामना
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
RAJ GROUP OF COMPANIES
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal
Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com
URL: www.rajgroupnepal.com

हार्दिक बधाई तथा
शुभकामना
प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal
Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com
expressrecruiter.nepal@gmail.com

बधाई तथा शुभकामना
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
LEADER
LEADER OVERSEAS PVT. LTD
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-495039
Email :leaderoverseas2018@gmail.com

हार्दिक बधाई तथा
शुभकामना
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

# विदेशको सीप...

आठ वर्ष कतारमा काम गरेको अनुभव र सीपलाई नेपालमा प्रयोग गरिरहेका छन् महोत्तरीको लोहरपी नगरपालिका–७ भ्रमपुराका अनवर असरफ । २०७२ सालमा जनकपुरमा सुरू गरेको आल्मुनियम सामग्री उत्पादन गर्ने कारखानाबाट उनले राम्रो प्रगति गरिरहेका छन् । उनको कारखाना फस्टाएको छ । विभिन्न चुनौतीबीच आफ्नो व्यवसायमा जमेका उनी विदेशमा सिकेको सीप स्वदेशमा आएर उपयोग गर्ने एक उदाहरणीय पात्र बनेका छन् । हिजो रोजगारी खोज्दै विदेश पुगेका उनले अहिले अरूलाई रोजगारी दिएका छन् । र, विदेशमा रहेका युवाहरूलाई प्रेरित गरिरहेका छन्, स्वदेशमै श्रम गर्न ।

करोडभन्दा बढी पुगेको छ,' अरसफले सुनाए ।

सुरुमा व्यापार नगर्न सल्लाह दिनेहरु पनि अहिले राम्रो गर्‍यौं भनेर प्रशंसा गर्छन् । उनी सम्भिन्छन्, 'त्यो समयमा विदेश गएको भए विदेशमै हुन्थें । यहीँ संघर्ष गर्दा अहिले राम्रो प्रगति गरेको छु ।' अहिले उनको उद्योग फस्टाएको छ । आफ्नो उद्योगबाट दैनिक एल्मुनियमको ५० वटा र युपिभिसीको २० वटासम्म सामग्री उत्पादन भइरहेको उनले बताए । एक्लै सुरु गरेको व्यवसायमा अहिले उनले आठ जनालाई रोजगारी दिएका छन् । रोजगारी पाउनेहरु सबै मधेस प्रदेशकै हुन् ।

व्यापार व्यवसाय बढाएर आगामी दुई वर्षमा १६ जनासम्मलाई रोजगारी दिने उनले लक्ष्य लिएका छन् । तर आर्थिक मन्दीले त्यो लक्ष्य प्राप्तिमा कठिनाइ भइरहेको असरफको भनाइ छ । यसअघि पनि उनले व्यापारमा अनेकौं उतारचढाव भोगेका छन् । विदेशमा सिकेको सीपलाई सदुपयोग गर्दै व्यवसाय सुरु गरेका उनले मधेस आन्दोलनपछि कोरोना महामारीको अवधि नराम्रो अवस्थामा गुजारे । लकडाउनका बेला बैंकको ब्याज र घरभाडा तिर्न निकै सकस बेहोर्नुपर्‍यो । तर, उनले हार मानेनन् ।

अवस्था समान्य बन्दै गएपछि फेरि व्यवसाय लयमा फर्किन थाल्यो । तर एलमुनियमको माग भने बजारमा घट्न थाल्यो । त्यसपछि उनले युपिभिसीको सामग्री बनाउन थाले । यी दुवै सामग्रीका कच्चा पदार्थ भारत र चीनबाट ल्याउने गरेका छन् । 'समयअनुसार माग पनि परिवर्तन हुँदै गएको छ । युपिभिसी एलमुनियमभन्दा महँगो छ तर फचान्सी पनि छ । यसबाट बनेको सामान राम्रो देखिन्छ,' असरफले भने, 'जे होस् विदेशबाट फर्केर आफ्नो देशमा काम गर्नुको छुट्टै मज्जा छ । मार्केटिङ गर्न जानियो र मिहेनत गरियो भने राम्रा दिन पनि आएको म देख्छु । मिहेनतको परिणाम जहिले पनि राम्रो आउँछ ।' उनको कारखानाबाट ढोका, झ्याललगायत सामग्री उत्पादनका साथै पार्टेसन, बिल्डिङ डेकोरेसनलगायतका काम हुन्छ ।

तर पछिल्लो समय आर्थिक मन्दीले व्यापारमा असर गरेको उनले सुनाए । 'डिमाण्ड घटेको छ । काम जति हुनुपर्ने भइरहेको छैन । काम हुँदा पनि भुक्तानी आइरहेको छैन । ग्राहकले पैसै छैन भन्छन् । उधारो कारोबार बढेको छ,' आर्थिक मन्दीको भोगाइ सुनाउँदै असरफले भने, 'संघीयताले खर्च बढायो । राजनीतिमा देशको धेरै खर्च भयो जनताका हकहितका लागि खर्च एकदम कम भयो । मिटरब्याजीको हल्लाले पनि बिजनेसमा प्रभाव परेको छ ।' तीन तहकै सरकारले व्यापार व्यवसायका लागि राम्रो वातावरण बनाउन नसकेको उनको बुझाइ छ । आर्थिक मन्दीकाबीच बैंकले ब्याजदर बढाइदिँदा व्यापारी अधिक मारमा परेको उनी बताउँछन् । असरफले अहिले १५ प्रतिशत ब्याजदरमा व्यवसायका लागि लिएको ऋणको भुक्तानी गरिरहेको बताए ।

सरकारले व्यवसायीलाई उकास्न भन्सार र करको दायरा घटाउनुपर्ने असरफको भनाइ छ । 'कर र भन्सार यति बढेको छ कि हरेक समानको मूल्य आकासिँदै छ । मान्छेको आम्दानी घटेको छ । यस्तो अवस्थामा कम मूल्यमा हामीले कम रेटमा समान पाएपछि न सस्तोमा बेच्छौं र उपभोक्ताले पनि एफोर्ड गर्न सक्छ,' उनले अघि थपे, 'व्यापारीको हकहितका लागि कसैले बोलेको पनि देख्दिन । उद्योग वाणिज्य संघले यी कुराहरु उठाएको छैन । आम व्यापारी समस्या छन् ।' मधेस प्रदेशमा अन्य ठाउँको तुलनामा व्यापार गर्न समान्य अवस्थामा पनि बढी चुनौती हुने असरफको अनुभव छ ।


हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिक १० वर्ष पूरा गरी ११औं वर्ष प्रवेश गरेको अवसरमा प्रकाशनको निरन्तरताका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, nepal
Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

बाह्रदशी गाउँपालिका
गाउँपालिकाको कार्यालय, कोसी प्रदेश, झापा, नेपाल
बाह्रदशी गाउँपालिकाको जनहितमा जारी सन्देश

- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासा देखाउनु हुन्छ । गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ । सडक छेउ किनारामा निर्माण सामग्रीहरू नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य सुरु गरौं । कर समयमै तिरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं । घर निर्माण गर्नुअगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं

देवीन्द्र प्रसाद चम्लागाई
अध्यक्ष

श्री शान्ता देवी शिवाकोटी
उपाध्यक्ष

बाह्रदशी गाउँपालिका, कोसी प्रदेश, झापा, नेपाल

हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १० वर्ष पूरा गरी ११औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Jhamka Prasad Gautam
Managing Director
Cell: 9851094200
Dipesh Enterprises Pvt. Ltd.
Deal in: Surgical Items, Lab Chemicals, X-Ray Films, Disposable Items, Hospital Furnitures & Many more

Natural Media Pvt. ltd.
Anamnagar, Kathmandu, Nepal
Phone: 4250113
Mobile : 9851182313
Email : naturalmedianepal@gmail.com
Web : sahakarikhabar.com

HIMALAYA ADVERTISING PVT. LTD.
JAPAN GURUNG
MANAGING DIRECTOR
BAGBAZAR, KATHMANDU, NEPAL
CONTACT : 9851129879

VOICE OF DEVELOPMENT MEDIA PVT. LTD.
BANESHWOR-34, KATHMANDU
CELL NO. 9851085464, 9801117493

AdCircle
Ad Circle Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal, Tel: 01-5900268, 9851088112
adcircle.marketing@gmail.com, www.adcircle.com.np

विज्ञापन प्रकाशन तथा प्रशारणका लागि सधैं सम्झनुहोस् ।
ENIGMA Advertising & Marketing (P) Ltd.
Cell: 9851023518

MARKETING ADVERTISING RESEARCH SOLUTION PVT. LTD.

Sabi Bajracharya, Proprietor, 9866402482
Satyaraj Chaulagain, Managing Director, 9851091605
Simple Ad Media
For all kinds of advertisement.
Serial & tele serial direction.
Anamnagar, Kathmandu, Nepal
activemediahouse@gmail.com

QUE MEDIA & MARKETING PVT. LTD.
All kinds of paper advertising
Contract us:
Kathmandu-31, Shankhamul, Kathmandu, Nepal
Contact No: 01-4795404, 9851170394, 9841870394
Email: q.medianepal@gmail.com,
Website: www.quemediamarketing.com.np



# विदेशको सीप र पुँजीले उद्यमी

व्यापार व्यवसाय बढाएर आगामी दुई वर्षमा १६ जनासम्मलाई रोजगारी दिने उनले लक्ष्य लिएका छन् । तर आर्थिक मन्दीले त्यो लक्ष्य प्राप्तिमा कठिनाइ भइरहेको असरफको भनाइ छ । विदेशमा सिकेको सीपलाई सदुपयोग गर्दै व्यवसाय सुरू गरेका उनले मधेस आन्दोलनपछि कोरोना महामारीको अवधि नराम्रो अवस्थामा गुजारे । तर, उनले हार मानेनन् ।



आरके महतो



मधेस प्रदेशअन्तर्गत महोत्तरीको लोहरपट्टी नगरपालिका-७ स्थित भ्रमपुराका अनवर असरफलाई न पढाइमा मन लाग्यो न उनीसँग केही सीप थियो । तर परिवारको आर्थिक विपन्नताले उनमा कमाउनुपर्ने दबाब थियो । त्यसो त गाउँमा शिक्षित युवा थोरै थिए । कक्षा १० सम्म पढ्नेबित्तिकै युवाहरु कमाउन जाने चलन बढ्दो थियो । अनवर भने एसएलसी उत्तीर्ण गर्नासाथ नेपालमै केही गरेर कमाउने जुक्ति खोज्दै थिए । तर कम पढाइ र केही सीप नहुँदा उनी जति भौतारिँदा पनि मनलायक काम पाएनन् । केही ठाउँमा न्यूनतम ज्यालामा मजदुरीको काममात्रै उनले भेट्टाएका थिए, जुन उनलाई मनै परेन ।

अन्ततः वैदेशिक रोजगारीको विकल्प रोजे । १८ वर्षकै उमेरमा असरफ कतार उडे, २०६३ सालमा । त्यहाँ एलमुनियम फर्निसिङ कम्पनीमा हेल्परको रूपमा काम पाए । उक्त कम्पनीमा एल्मुनियमका झ्याल, ढोका, ग्रिललगायतका सामग्री बनाइन्थ्यो । 'त्यतिबेला जोसिएर हेल्परको रूपमा त गएँ तर त्यहाँ नेपालमा जस्तै लेबरजसरी काम गर्नुपर्‍यो । दिनभर मरेर काम गरे पनि स्यालरी (तलब) भने कमै पाउँथें । सीप भएका मान्छे जो मसँग कम काम गर्थे उसको स्यालरी मेरोभन्दा दोब्बर थियो । बिस्तारै मैले पनि झ्याल ढोका बनाउन सिक्न थालें,' उनले कतारको अनुभव सुनाए ।

करिब दुई वर्षमा उनले काम सिके । सीप सिकिसकेपछि उनको तलब बढ्दै गयो । लगातार उनले आठ वर्ष कतारमा काम गरे । तर विदेशमा जति पैसा आए पनि उनलाई अपनत्त्व महसुस भइरहेको थिएन । परिवारबाट टाढा रहेर उनलाई काम गर्न अप्ठ्यारो महसुस हुन थाल्यो । 'सुरुमा जब केही उपाय थिएन त्यतिबेलासम्म त मलाई विदेश ठीकै लागेको थियो । सीप सिकिसकेपछि केही पैसा कमाएँ । तर मलाई सधैंभरि अरूको अधीनमा बसेर कतारको कडा गर्मीमा अरूका लागि जिन्दगीभर काम गर्न मन लागेन,' असरफले भने, 'नेपाल फर्केर आफ्नै व्यवसाय गर्ने योजना बनाएँ, र कतार छाडें ।'

आठ वर्षको कतार बसाइ टुंग्याएर नेपाल फर्किएका उनले केही समय बजारको अवस्था बुझे । विदेशमै सिकेको सीप उपयोग गर्ने उनको योजना थियो । बजार घुमेपछि कतारमा आफूले गरेको काम यहाँ राम्रै चल्न सक्छ भन्ने लाग्यो । र, २०७२ सालमा उनले एल्मुनियमको सामग्री बनाउने कारखाना खोल्ने योजनासहित जनकपुरस्थित रामानन्द चोकमा एउटा सटर भाडामा लिए । तर, त्यहीबेला संविधानमा मधेसका मुद्दा सम्बोधन नगरिएको भन्दै आन्दोलन सुरु भयो । छ महिनाभन्दा बढी आन्दोलन भयो । त्यस अवधिमा काम सुरु नगर्दासमेत उनले घरभाडा तिर्नुपर्‍यो । फेरि यस्तो ठाउँमा सटर नपाइएला भनेर उनले भाडा तिरिरहे ।

आन्दोलनले मधेस ठप्प थियो । आन्दोलन कहिले टुंगिएला भन्ने प्रतीक्षामा थिए उनी ? तर, त्यो दिन अनिश्चित थियो । त्यसबीच परिवारबाट उनलाई दबाब आउन थाल्यो । 'नेपालमा केही हुन्न यहाँ सधैं यस्तै हुन्छ तिमी फेरि विदेश जाऊ, कमाऊ भनेर घरबाट धेरै प्रेसर अयो तर मैले मानिनँ,' असरफले भने ।

छ महिनापछि अवस्था केही समान्य बन्यो । त्यसपछि उनले काम सुरु गरे । विदेशमा कमाएको पैसाले जनकपुरमै घडेरी किनेकाले उनीसँग व्यवसायमा लगानी गर्न पर्याप्त पैसा थिएन । बचत रहेको एक लाख रूपैयाँ लगानीमा व्यवसाय सुरु गरेको उनले सुनाए । 'सुरुमा काम पनि एक्लैले गरें । पछि बिस्तारै सामानको डिमाण्ड बढ्न थाल्यो । व्यापार बढ्दै गयो । आठ वर्षमा राम्रो आम्दानी भयो । अहिले पुँजी एक

(क्रमशः पृष्ठ ब मा)










प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ